


प्रकाशक:
भोजपुर नगरपालिका, भोजपुर

हाम्रो भोजपुर नगरपालिका

asim design

# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा-५



भोजपुर नगरपालिका, भोजपुर

# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा ५

विद्यार्थीको नाम : ..................................................

रोल नं. : ..................................................

विद्यालयको नाम : ..................................................

भोजपुर नगरपालिका
भोजपुर

**प्रकाशक** : भोजपुर नगरपालिका, भोजपुर
**सर्वाधिकार** : प्रकाशकमा
**संस्करण** : प्रथम, २०८१
**पेज लेआउट** : दुर्गाप्रसाद बराल
**कभर डिजाइन** : अर्जुन राई

**संरक्षक**
कैलाशकुमार आले
नगर प्रमुख
निर्मला शेर्पा
उपप्रमुख

**सल्लाहकार**
रामप्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत
पदमबहादुर प्रधान
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

**लेखक**
लालकुमार तामाङ
विष्णुकुमार राई
दुर्गाप्रसाद बराल
लक्ष्मण जोशी
रक्तम राई

**भाषा सम्पादन**
विष्णुकुमार राई
रक्तम राई

## हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै भोजपुर नगरपालिकाले वि.स. २०७८ सालमा यस नगरपालिकाका सबै विद्यालयमा लागू हुनेगरी कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको छ । सो पाठ्यक्रम लागू भएको छ । शिक्षण सिकाइका लागि पाठ्यक्रम नै मूल आधार भए पनि पाठ्यपुस्तकको निर्माण गर्दा थप प्रभावकारी र विद्यार्थीका लागि सजिलो हुने भन्ने अपेक्षा सबैबाट आएकाले नगरपालिकाद्वारा **हाम्रो भोजपुर नगरपालिका स्थानीय पाठ्यपुस्तक कक्षा ५** नामक यो पाठ्यपुस्तक तयार पारिएको छ ।

व्यक्ति, समाज र देशको माग, चाहना र आवश्यकताको आधारमा पाठ्यक्रममा स्थानीय, राष्ट्रिय र विश्वव्यापी विषयवस्तुलाई प्राथमिकता दिइएको हुन्छ । विद्यार्थीमा सक्षमता विकास गर्न, असल व्यवहार कायम गर्न तथा जीवनोपयोगी सिप प्रदान गर्नका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू सिकारुमैत्री, व्यवहारोपयोगी र स्तरीय हुनुपर्दछ ।

नेपालमा संघीय लोकतन्त्रको स्थापनापछि शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गर्दै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकासको अवधारणालाई सम्बोधन गर्न तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मूल मर्म अनुरूप भोजपुर नगरपालिकाले विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १–८) का लागि स्थानीय पाठयक्रम **हाम्रो भोजपुर नगरपालिका** शीर्षकमा निर्माण गरेको छ । यस स्थानीय पाठ्यक्रममा भोजपुर नगरपालिकाको आफ्नै मौलिक स्थानीय आवश्यकता र विषयवस्तुलाई समेटेर साच्चिकै वस्तुनिष्ठ स्थानीय पाठ्यक्रमको निर्माण गरेको हो । यसका लागि नगरपलिकाले स्थानीय विज्ञ तथा स्थानीय जनशक्तिको ज्ञानसिपलाई उपयोग गरेको छ । स्थानीय पाठ्यक्रममा स्थानीय भौगालिक परिचय, ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा, जातजाति, भाषाभाषी तथा चाडपर्व, आर्थिक क्रियाकलाप र स्थानीय पेसा, व्यवसाय तथा रैथाने प्रविधि, स्थानीय तहको संरचना र विशिष्ट व्यक्तित्व, स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि, बिपद् रोकथाम तथा व्यवस्थापन र स्थानीय नैतिक मूल्य मान्यता जस्ता विषयवस्तुलाई समेटेर कक्षा १-५ मा जम्मा आठ ओटा थिम रहेका छन् । उक्त पाठ्यक्रममा निर्धारण गरिएका तहगत सक्षमता, कक्षागत सिकाइउपलब्धि तथा थिमगत सिकाइउपलब्धिलाई आधारमानी सो उद्देश्य पूरा गर्ने उद्देश्यले तोकिएका थिमगत विभिन्न पाठहरू निर्माण गरी विद्यार्थीको सक्षमता विकास गर्ने उद्देश्यले यो पाठ्यपुस्तक तयार पारिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकमा थिमअनुसार विभिन्न पाठहरू निर्माण गरिएका छन् । थिम पेजमा सान्दर्भिक छलफल तथा थिमगत सिकाइउपलब्धि उल्लेख गरिएको छ । बालबालिकाको स्तरअनुसार रुचिपूर्ण होस् भनी चित्रात्मक प्रस्तुति, अभ्यासमा विविधता तथा क्रियाकलापमुखी पाठ निर्माण गरिएको छ । पाठ्यपुस्तकमा केही बाल स्केच तथा तस्बिरबाहेक प्रायः ठाउँका सबै फोटाहरू, विषय र सन्दर्भहरू, स्थान र विषयवस्तुहरू स्थानीयतामा आधारित छनोट गर्ने प्रयास भएको छ । पाठ्यपुस्तकका विषयवस्तु छनोट र स्तरणलाई पनि सकेसम्म ख्याल गर्ने प्रयास गरिएको छ । पाठ्यपुस्तक प्रयोगकर्ताले पाठसँग सान्दर्भिक विद्यार्थीका आफ्नै दैनिक जीवनसापेक्ष कक्षा क्रियाकलाप, अभ्यास र परियोजना कार्यहरू अनिवार्य गराएर तोकिएका सक्षमता हासिल गराउनु वाञ्छनीय हुने छ । मिहिनेतसाथ आफ्नो ज्ञान, सिप र दक्षता प्रयोग गर्दै पुस्तकका लागि आवश्यक पर्ने सामग्री आफैँ सम्बन्धित क्षेत्रमा पुगेर सङ्कलन गर्दै पाठ्यपुस्तक निर्माण तथा लेखन गर्ने लेखन समूहलाई विशेष धन्यवाद छ । पाठ्यपुस्तक निर्माणका क्रममा प्रयोग गरिएका र सहयोग लिइएका सूचना, तथ्याङ्क, स्रोत, सुझाव, तस्बिर आदिका सर्जक तथा विभिन्न क्षेत्रका महानुभावहरूलाई पनि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छौँ । यो पाठ्यपुस्तकलाई आवश्यकताका आधारमा समयानुकूल परिमार्जन गर्दै लगिने छ ।

वि.सं. २०८१ भोजपुर नगरपालिका, भोजपुर

# विषय सूची


एकाइ १ : भौगोलिक परिचय ............................................................ १

पाठ १ : भोजपुर नगरपालिकाको अवस्थिति ............................................ २

पाठ २ : साथीलाई चिठी ............................................................... ५

एकाइ २ : ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पर्यटकीय सम्पदा .....................१०

पाठ १ : बुबाको इमेल ................................................................ ११

पाठ २ : सिद्धकाली मन्दिरको दर्शन ...................................................१४

पाठ ३ : हाम्रा गुम्बाहरू...............................................................१७

पाठ ४ : हाम्रा मौलिक बाजाहरू ......................................................२०

पाठ ५ : लाखे नाच र वनदेवी नाच ................................................... २६

पाठ ६ : परियोजना कार्यको प्रस्तुति.....................................................२९

एकाइ तीन : जातजाति, भाषाभाषी र चाडपर्व ............................................३३

पाठ १ : हामी बस्ने गाउँ र सहर .......................................................३४

पाठ २ : नबिर्सौं हाम्रो मातृभाषा .........................................................३८

पाठ ३ : ग्याल्पो ल्होसार, सोनाम ल्होसार र ङ्ग्युङ्ने वर्त ..........................४१

एकाइ ४ : आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि .................. ४५

पाठ १ : भोजपुर नगरपालिकाका आर्थिक सम्भावना :.............................. ४७

पाठ २ : मितव्ययिताका उपाय .........................................................५२

पाठ ३ : हामीले अपनाएका पेसा व्यवसाय.............................................५७

पाठ ४ : भोजपुर नगरपालिकाभित्र उत्पादन हुने प्रमुख नगदे बाली ................. ६१

पाठ ५ : माटाबाट भाँडाकुँडा बनाउने चलन...........................................६८

एकाइ ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व ....................................... ७३

पाठ १ : वडा कार्यालयबाट प्रवाह हुने सेवा......................................... ७४

पाठ २ : लोकतन्त्र र जनप्रतिनिधि ......................................................७८
पाठ : ३ शिक्षाप्रेमी शिलशोभा ताम्राकार ................................................ ८५
एकाइ ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि.................... ८८
पाठ १ : सुरक्षित र दिगो पूर्वाधार विकासको महत्त्व .................................. ८९
पाठ २ : पूर्वाधार निर्माणका रैथाने सिप तथा जनशक्ति ................................ ९३
पाठ ३ : अत्यावश्यक सेवा................................................................. ९८
एकाइ ७ : प्रकोप तथा बिपद् व्यवस्थापन................................................१०३
पाठ १ : बिपद् ब्यवस्थापन............................................................... १०४
पाठ २ : सुरक्षित विद्यालयको कथा.....................................................११०
एकाइ ८ : स्थानीय नैतिक मूल्य मान्यता ................................................११५
पाठ १ : सादा जीवन उच्च विचार.......................................................११६
पाठ २ : सकारात्मक सोच..................................................................११८

# एकाइ १ : भौगोलिक परिचय



**सिकाइ उपलब्धि :**

- भोजपुर नगरपालिकाभित्रको होचो र अग्लो ठाउँको नाम भन्न र चिन्न
- भोजपुर नगरपालिकाभित्र पाइने वनस्पति, जीवजन्तु, पन्छीको वर्गीकरण गर्न
- भोजपुर नगरपालिकाभित्र रहेका डाँडाकाँडा, खोलानाला, छाँगा र वनस्पतिको महत्त्व बताउन

**पाठ्यघण्टा : १०**

# पाठ १ : भोजपुर नगरपालिकाको अवस्थिति




विश्व मानचित्रमा भोजपुर नगरपालिका अक्षांश २७ डिग्री ४६ मिनेट उत्तरदेखि २८ डिग्री ५३ मिनेट उत्तरी अक्षांशसम्म र देशान्तर ८६ डिग्री ५३ मिनेट पूर्वदेखि ८७ डिग्री १७ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । भोजपुर नगरपालिकाको कूल क्षेत्रफल १५९.५२ व.कि.मी. रहेको छ ।

भोजपुर नगरपालिकाको पूर्वमा अरूण र पौवादुङ्मा गाउँपालिका, पश्चिममा टेम्केमैयुङ गाउँपालिका, उत्तरमा षडानन्द नगरपालिका र दक्षिणमा रामप्रसाद राई गाउँपालिका रहेका छन् ।

## गीत गाऔँ :

कहीँ अग्लो, कहीँ होचो, हुन्छ धरातल,
डाँडाकाँडा भिर पाखा उर्वर समतल ।

हावापानी, वनस्पति, फरक हुन्छन्, जनजीवन
सबै जान्ने जिज्ञासा छ, हाँसीखुसी यो मन ।

पालिकाको अग्लो ठाउँ, तेर्सेबर्षे छेउ हो नि
होचो ठाउँ पिखुवाको किनार साल बिसौनी ।

## अग्लो ठाउँ



भोजपुर नगरपालिकाको सबैभन्दा अग्लो ठाउँ भोजपुर नगरपालिका - २ हेलौँछाको तेर्सेबर्षे र गुप्तेश्वर बिचको डाँडामा पर्दछ । उक्त ठाउँ समुद्री सतहबाट २६८० मि. उचाइमा रहेको छ । यहाँ हिउँदमा निकै चिसो हुनुका साथै पुस, माघ महिनामा हिउँ पर्दछ । बर्षाद् समयमा हुस्सु र कुहिरोले ढाकिरहन्छ भने वसन्त र शरद ऋतु दृश्यावलोकनका लागि उपयुक्त रहेको छ । यस क्षेत्रमा गोब्रे सल्ला, धुपी, चाँप, रातो पात्ले, लालीगुराँस, चिमाल, मालिङ्गो जस्ता वनस्पति साथै विभिन्न जडीबुटीहरू पाइने घना जङ्गल छ । यो क्षेत्रमा पर्ने बाटो हुँदै भोजपुर बजार र दावाँ आसपासका मानिसहरू उत्तरी क्षेत्रका दिङ्ला बजारलगायत अन्य ठाउँ आवतजावत गर्दा पैदल यात्रा गर्ने व्यस्त क्षेत्र पनि रहेको थियो । अहिले सडकबाट मानिसहरू ओहोरदोहोर गर्दछन् ।

## होचो ठाउँ



भोजपुर नगरपालिकाको सबैभन्दा होचो ठाउँ भोजपुर नगरपालिका - १२ टक्सारको टङ्टङेमुनि पिखुवा खोला किनार साल बिसौनीमा रहेको छ । उक्त ठाउँ समुद्री सतहबाट ४४० मि. उचाइमा रहेको छ । यहाँ हिउँदमा न्यानो र अन्य समयमा गर्मी हुन्छ । पिखुवा खोला नजिक भएकाले रम्य वातावरण छ । यस क्षेत्रमा साल, खयर, बयर, आँप, लिची जस्ता बनस्पति पाइन्छन् । भोजपुर बजार, टक्सार बजार, पैँयापानी र पारपानी हुँदै यो ठाउँको आसपासबाट तराई जाने बाटो पर्ने भएकाले सडक सुविधा हुनुअघि भोजपुर, खोटाङ, सोलुखुम्बु जिल्लाका मानिसहरू धेरै पैदल यात्रा ओहोरदोहोर गर्ने व्यस्त क्षेत्र थियो । अहिले स्थानीय मानिसहरू मात्र ओहोरदोहोर गर्दछन् ।

## क्रियाकलाप

भोजपुर नगरपालिकामा पर्ने अग्लो ठाउँ र होचो ठाउँलाई शिक्षकको सहायताले नक्सामा देखाउनुहोस् ।

## अभ्यास

### १. भौगोलिक कारण दिनुहोस् :

(क) लालीगुराँस र चिमाल जस्ता वनस्पति अग्लो ठाउँमा पाइन्छ ।

(ख) दृश्यावलोकनका लागि अग्लो ठाउँ उपयुक्त मानिन्छ ।

(ग) साल र खयर पिखुवा बेँसीमा पाइन्छ ।

(घ) अन्न उत्पादन हुन बेँसीमा ३ महिना र लेकमा ६ महिना लाग्दछ ।

(ङ) पर्यटकहरू सुन्तले डाँडामा घुम्न आउँछन् ।

### २. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) विश्व मानचित्रमा भोजपुर नगरपालिकाको अक्षांश र देशान्तर कति रहेको छ ?

(ख) भोजपुर नगरपालिकाको सिमाना लेख्नुहोस् ।

(ग) भोजपुर नगरपालिकाको सबैभन्दा अग्लो ठाउँको नाम र उचाइ लेख्नुहोस् ।

(घ) भोजपुर नगरपालिकाको सबैभन्दा होचो ठाउँ कहाँ र कति उचाइमा रहेको छ ?

### ३. तलका प्रश्नको  छोटो उत्तर दिनुहोस् :

क. भोजपुर नगरपालिकाको अग्लो ठाउँमा पाइने वनस्पतिको सूची तयार पार्नुहोस् ।

ख. भोजपुर नगरपालिकाको होचो ठाउँमा पाइने वनस्पतिको नाम लेख्नुहोस् ।

### ४. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

क. भोजपुर नगरपालिकाको अग्लो र होचो ठाउँ बारेमा चर्चा गर्नुहोस् ।

ख. भोजपुर नगरपालिकाको अग्लो र होचो ठाउँमा पाइने वनस्पतिहरू बिच फरक छुट्याउनुहोस् ।

## परियोजना कार्य

आफ्ना अभिभावकलाई सोधेर तपाईंको वडा, पालिका र जिल्लाको अग्लो र होचो ठाउँको नाम टिपोट गरी ल्याउनुहोस् ।

## पाठ २ : साथीलाई चिठी

मिति : २०८१ असार ०७ गते

प्यारो साथी समिर,

धेरै सम्झना,

आराम छु र तिमी र तिम्रो सपरिवारमा आरामको कामना गर्दछु । आजको चिठीमा हाम्रो गाउँ आम्तेकको बारेमा लेख्दै छु । आम्तेक गाउँ भौगोलिक हिसाबले लेक, बेँसी भएको सुन्दर गाउँ हो । यो सबै जातजाति बसोबास भई साँस्कृतिक रूपले पनि भरिपूर्ण भएको क्षेत्र हो । यहाँ कहीँ भिरालो, कहीँ खेतीयोग्य जमिन रहेका छन् । आम्तेक गाउँको शिरमा रहेको श्यामशिला डाँडाबाट हेर्दा आसपासका गाउँ, भोजपुर बजार र टाढाटाढाका डाँडाहरू पनि देखिन्छन् । आम्तेक गाउँको पश्चिममा अखुवा खोला अविरल रूपमा बगिरहन्छ । अखुवा खोलामा नाग दह तथा विभिन्न छाँगाहरू छन् । अखुवा खोलाबाट आम्तेक गाउँमा सिँचाइका लागि साना ठुला कुलाबाट पानी ल्याइएको छ । सिँचाइ सुविधाले पितौँला बेँसी क्षेत्रमा पर्याप्त धान र तरकारी फल्ने गर्दछ । पछिल्लो समय गाउँको सबै टोलटोलमा कच्ची मोटर बाटोसमेत पुगेको छ । आम्तेक र भोजपुर बजार पनि कच्ची सडकले जोडिएको छ ।



भोजपुर न.पा. ११, आम्तेक

हाम्रो गाउँको लेकाली क्षेत्रमा कटुस, गुराँस जस्ता वनस्पतिहरू पाइन्छन् । मध्य भागतिर उत्तिस, चिलाउने, बाँस र बेँसी क्षेत्रमा कटहर, साल, बयर, सल्ला जस्ता वनस्पतिहरू रहेका छन् । यहाँ अन्य विभिन्न वनस्पति र फलफूलका बोटबिरूवाहरूसमेत छन् । गाउँमा विभिन्न नाम गरेका सामुदायिक वनहरू छन्

। सामुदायिक वनको नियमलाई सबै उपभोक्ताले पालना गर्दै घाँस, दाउरा, काठको उपभोग गर्न पनि पाइन्छ । हाम्रा पूर्वजहरूले रोप्नु भएका बरपिपलका बिरूवाहरू पनि छन् । ती बरपिपलको छहारीमा भएको चौतारा पनि उहाँहरूले नै बनाएर जानु भएको हो रे । अहिले पनि कतैकतै कसैकसैले बरपिपल रोप्ने र चौतारा बनाउने काम त हुँदै नै छ । त्यस्ता बरपिपलको छहारीमा शितलता लिँदा बटुवालाई अमृत प्राप्त भए जस्तो हुन्छ । हाम्रा वडाभित्र चरा चुरुङ्गी तथा जनावरहरूमा कालिज, मयुर, चिल, काग, बाज, भँगेरा, काँडे भ्याकुर, ढुकुर, घोरल, बाँदर, स्याल, फ्याउरो, दुम्सी आदि पाइन्छन् ।

आजलाई यति नै अर्को पत्रमा बाँकी विषयबारे लेखौँला र आगामी पत्रमा तिम्रो गाउँको बारेमा लेखेर पठाउने छौ भन्ने आशा गरेकी छु ।

उही तिम्रो साथी

अनुषा पराजुली

| **पठाउने** | **पाउने** |
|---|---|
| अनुषा पराजुली | समिर प्रधान |
| भोजपुर नगरपालिका वडा नं. ११ | भोजपुर नगरपालिका वडा नं. ३ |
| आम्तेक | गुप्तेश्वर |

## अभ्यास

**१. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :**

(क) चिठी लेख्ने साथीको गाउँ कुन हो ?

(ख) अनुषाको गाउँमा पाइने वनस्पति के के छन् ?

(ग) वरपिपलको छहारीमा बटुवालाई के प्राप्त हुन्छ ?

## २. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) आम्तेक गाउँको भौगोलिक अवस्था कस्तो रहेको छ ? लेख्नुहोस् ।

(ख) आम्तेक गाउँको सिँचाइ र खेतीपातीको अवस्था लेख्नुहोस् ।

(ग) आम्तेक गाउँमा पाइने जीवजन्तु र पन्छीको नाम लेख्नुहोस् ।

(घ) आम्तेक गाउँमा रहेका डाँडाकाँडा बारे चर्चा गर्नुहोस् ।

## ४.तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) तपाईंले आफ्ना गाउँको भौगोलिक अवस्था, खोलानाला, वनस्पति, जीवजन्तु, पन्छीका बारेमा वर्णन गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

## ५. तालिका भर्नुहोस् :

| सम्पदा | महत्त्व |
|---|---|
| डाँडाकाँडा | |
| खोलानाला, | |
| छाँगा | |
| वनस्पति | |

## ६. तलका चित्र चिन्नुहोस् र प्रत्येकको बारेमा १०० शब्दमा लेख्नुहोस् :

(अ)



(आ)



(इ)



(ई)



(उ) 

## ६. पढौँ र छलफल गरौँ :

### भोजपुर नगरपालिका भित्रका प्राकृतिक सम्पदाको सारांश

**प्राकृतिक सम्पदा**

भोजपुर नगरपालिकालाई मूल प्रवाह क्षेत्र बनाएर अबिरल बगिरहने पिखुवा, सेरा, घट्टे खोलाहरू यहाँका मुख्य प्राकृतिक जलसम्पदाहरू हुन् । सिँचाइको मुख्य स्रोतका रूपमा रहेका पिखुवा, सेरा, घट्टे, अखुवा खोलाहरूलगायतका खोलाबाट यस क्षेत्रको जमिनमा सिँचाइ सेवा उपलब्ध हुने गरेको छ ।

जैविक विविधताका हिसाबले मध्यम हावापानीमा पाइने वनस्पतिहरूमा पाखनवेद, चिराइतो, लौठ सल्लो आदि पर्दछन् । चरा चुरुङ्गी तथा जनावरहरूमा कालिज, मयुर, चिल, गिद्ध, काग, बाज, भ्याकुर, ढुकुर, भँगेरा, काँडे भ्याकुर, कस्तुरी, भालु, घोरल, झारल, बाँदर, स्याल, फ्याउरो आदि मुख्य रूपमा पाइन्छन् ।

यस नगरपालिकाको माथिल्लो र तल्लो भागका वन तथा खर्क रहेका छन् । यस नगरपालिकाको उत्तरतर्फको सुन्तले, बाघखोर, ओखलीडाँडा, बाह्रहाँगे, गुफाडाँडा जस्ता सुन्दर डाँडाहरू र त्यहाँबाट हिमालको दृश्यावलोकन गर्न पाइन्छ । तल्लो खोला क्षेत्रमा बालुवा, ढुङ्गालगायतका खनिजहरू यस क्षेत्रमा पाइन्छन् ।

**सप्तधारा सम्पदा**

सप्तधारा भोजपुर बजारको काखमा अवस्थित रहेको छ । सात ओटा धाराबाट समानान्तर रूपमा निरन्तर अमृततुल्य पानी बगिरहन्छ । नजिकै एक तलामाथि तीन ओटा र एक तलामुनि चार ओटा धाराहरू पनि छन् ।

**तीनधारा सम्पदा**

यो सम्पदा टक्सार बजारको काखमा अवस्थित रहेको छ । तीन ओटा धाराबाट समानान्तर रूपमा अमृततुल्य पानी निरन्तर बगिरहन्छ ।

**पाँचधारा सम्पदा**

पाँचधारा बोखिम आहालेको काखमा अवस्थित रहेको छ । पाँचओटा धाराबाट अमृततुल्य पानी निरन्तर बगिरहन्छ ।

## परियोजना कार्य

१. प्राकृतिक सम्पदाको महत्त्व बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

२. भोजपुर नगरपालिकाभित्र रहेका माथि उल्लेख गरिएका कुनकुन प्राकृतिक सम्पदा कहाँ, कहिले देख्नु भएको छ ? लेख्नुहोस् । अहिलेसम्म नदेखेको सम्पदाको बारेमा शिक्षक तथा अभिभावकको सहयोगमा जानकारी लिएर टिपोट गर्नुहोस् ।

३. भोजपुर नगरपालिका भित्रको कुनै एक महत्त्वपूर्ण प्राकृतिक सम्पदाको भ्रमण गरी छोटो प्रतिवेदन तयार पार्नुहोस् ।

# एकाइ २ : ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पर्यटकीय सम्पदा






**सिकाइ उपलब्धि :**

- भोजपुर बजारको ऐतिहासिक परिचय, महत्व र संरक्षणका उपायहरू बताउन (भोजपुर नामकरणको, भोजपुरे प्रसिद्ध खुकुरीको प्रख्याती, सिद्धकाली मन्दिर)
- भोजपुर नगरपालिकाभित्रको शेर्पा समुदाय र तामाङ समुदायको प्रमुख गुम्बाहरूको धार्मिक परिचय बताउन (शेर्पा समुदायको : ज्याङ छुप छयोलिङ गुम्बा, पेमा छयोलिङ गुम्बा र तामाङ समुदायको : साङगे छयोलिङ गुम्बा, हिमालय महायानी विश्वशान्ति वौद्ध गुम्बा )
- पालिका भित्र प्रचलित स्थानीय बाजाहरू पहिचान गर्न
- वनदेवी नाच र लाखे नाचको साँस्कृतिक महत्व बताउन
- सिद्धमहाराजको मन्दिर र सरस्वती गुफा पर्यटकीय परिचय र महत्व बताउन

**कार्यघण्टा :**

# पाठ १ : बुबाको इमेल

प्यारी छोरी निम्लमु,

शुभ आशीर्वाद !

प्यारी छोरी म हाम्रो देशको राजधानी काठमाडौंमा आएदेखि आजसम्म सञ्चै छु । यहाँ मेरो नोकरी चलिरहेको छ । आसा छ घरमा आमा, भाइ र तिमी लगायत सबैमा आराम कुशल नै छौ भन्ने पूर्ण आशा गरेको छु र सोही कामना गर्दछु । तिमीले मलाई इमेलमा भोजपुर नामकरण र भोजपुरको खुकुरीको बारेमा सोधेकी रहेछौ । म सोही बिषयमा केही जानकारी इमेलमार्फत अवगत गराउँदै छु ।



भोजपुर जिल्लाको सदरमुकाम भोजपुर बजार हो । यो बजार मध्यपहाडी लोकमार्गले छोएको एक सुन्दर र जिल्लाकै एक ठुलो व्यापारिक केन्द्र समेत हो ।

छोरी, भोजपुरको पुरानो नाम 'सिद्धपुर' रहेको थियो । यसको नाम जिल्लाको प्रसिद्ध धार्मिक स्थल सिद्धकालीको नामबाट नामकरण भएको विश्वास गरिन्छ । नेपाललाई एकीकरण गर्ने क्रममा पृथ्वीनारायण शाहले जब माझकिराँत विजय गर्दै पूर्व आउँदा यस ठाउँलाई जितेपछि जितको खुशीयालीमा ठुलो विजय भोज गराएका थिए । विजय भोज खाई नसकेपछि बाँकी भोज यही ठाँउमा पुरेर गएको हुनाले यसको नाम सिद्धपुरबाट 'भोजपुर' रहन गएको हो भन्ने किंवदन्ती रहेको छ ।

छोरी, अनि आर्को किवंदन्ती अनुसार पहिले भोजपुर र देउरालीको आसपास क्षेत्रको जङ्गलमा भोजपत्रका रुखहरू प्रशस्त पाइन्थ्यो । भोजपत्र प्रशस्त पाईने भएकोले भोजपुर रहन गएको भन्ने पनि लोकोक्ति समेत रहेको पाइन्छ ।

छोरी, भोजपुरको अर्को गर्विलो चिनारी भोजपुरे खुकुरी पनि हो । भोजपुरको बुदुना खुकुरीको देश तथा विदेशमासमेत ख्याति रहेको छ । यसको विशेषता छोटो, छरितो र सतङ्गो हुँदा गहकिलो कदको कारण राम्रो काट्ने र आकर्षक भएकोले सबैले रुचाउँछन् । दोस्रो विश्वयुद्ध साथै त्यस्तै अन्य युद्धमा ज्यादै उपयोगी भएकाले सेना तथा सुरक्षा निकायमासमेत लोकप्रिय छ ।



वि.स. २०१३ मा राजा महेन्द्रको भोजपुर सवारी हुँदाको बखत हालको भोजपुर ५ बोखिमका सिंहबहादुर विश्वकर्माले राजालाई भोजपुरे खुकुरी उपहार प्रदान गरेका थिए । उक्त उपहार खुकुरीलाई राजाले असाध्यै मन पराइ बक्सिस् स्वरुप नगद इनाम प्रदान गर्नु भएको थियो । भोजपुरे खुकुरीको प्रख्याति अझै बढेको थियो । अहिले पनि उनका छोरा महेन्द्रकुमार विश्वकर्मा र नाती ज्ञानेन्द्र विश्वकर्माबाट महेन्द्र खुकुरी उद्योगको नामबाट आफ्नै थाकथलोमा रैथाने प्रविधिबाट खुकुरी उत्पादन भइरहेको छ । पहिला खुकुरी बनाउनका लागि आवश्यक पर्ने फलाम भोजपुरको टेम्के आसपासमा रहेको फलाम खानीबाट निकाली स्थानीयबसी किरातीहरूले घरेलु हतियारका रुपमा खुकुरी बनाउने र प्रयोग गर्ने गर्दर्थे । भोजपुरे खुकुरी स्थानीय फलाम र रैथाने प्रविधिबाट बन्ने भएकोले र यसको विशेषता छुट्टै भएकाले पनि सबैले रुचाएका हुन् । भोजपुरका बुदुना, सिरुपाते, बाँसपाते, पानावाल, रुमाले खुकुरी आदि प्रकारहरू प्रचलित छन् । पहिला यहाँका राई समुदायमा घरायसी प्रयोजनको लागि खुकुरीको हतियार आफै बनाउने परम्परासमेत रहेको पाइन्छ ।

भोजपुर बजारमा केही ऐतिहासिक सम्पदाहरू जस्तै: सिद्धकाली मन्दिर, राधाकृष्ण मन्दिर, सप्तधारा, सहिद पार्क र डबली मेलाहरूसमेत हाम्रा महत्वपूर्ण चिनारीहरू हुन् । यी ऐतिहासिक सम्पदालाई संरक्षण गरी हाम्रो चिनारीलाई बचाई राख्नु हामी सबैको कर्तव्य हो ।

हाम्रो भोजपुर बजारमा रहेको युवा क्लबको अगुवाइमा बेलाबेलामा सिद्धकाली मन्दिर, सप्तधारा, शहिद पार्क लगायतको सरसफाई स्वत: स्फूर्त रुपमा गरेको तिमीलाई थाहा नै छ । ऐतिहासिक सम्पदालाई संरक्षण र संवद्धन गर्न सामाजिक संघसंस्था, नागरिक समाज, स्थानीय सरकार तथा सुरक्षा निकाय सबैले हातेमालो गर्नुपर्छ ।

तिम्रो बुबा

तेन्जी शेर्पा

## अभ्यास

### १. अति छोटो उत्तर लख्नुहोस् :

(क) भोजपुरको पुरानो नाम के हो ?

(ख) भोजपुरको प्रसिद्ध खुकुरीको प्रकार कुन हो ?

(ग) राजा महेन्द्र भोजपुर सवारी हुँदा खुकुरी कसले उपहार चढाउनु भएको थियो ?

### २. छोटो उत्तर लख्नुहोस् :

(क) भोजपुरको नामकरण कसरी भएको हो ? कुनै एक किंबदन्ति लेख्नुहोस् ।

(ख) भोजपुरमा उत्पादन हुने कुनै दुई खुकुरीका प्रकारको नाम लेख्नुहोस् ।

(ग) भोजपुर बजारको कुनै दुई ओटा ऐतिहासिक सम्पदाको नाम लेख्नुहोस् ।

### ३. लामो उत्तर लख्नुहोस् :

(क) भोजपुरको नामकरण कसरी भएको मानिन्छ विस्तारमा लेख्नुहोस् ।

(ख) भोजपुरे खुकुरीले कसरी ख्याति प्राप्त गरेको हो ? लेख्नुहोस् ।

### परियोजना कार्य :

तपाईंको टोल वा गाउँमा रहेका ऐतिहासिक सम्पदाको बारेमा परिवारका सदस्य वा समाजका अग्रज व्यक्तिहरूलाई सोधीखोजी लेखेर ल्याई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

## पाठ २ : सिद्धकाली मन्दिरको दर्शन

(आज हरिबोधनी एकादशी हो । कविता पाण्डे आज उनको हजुरआमासँग सिद्धकाली मन्दिर पूजा गर्न जानुभएको छ । कविता र हजुरआमा बिचको संवाद)



कविता : हजुरआमा कति धेरै भक्तजनहरू आउनु भएको नि ?

हजुरआमा : हो नि , आज हरिबोधनी एकादशी हो त्यसैले धेरै जना आउनु भएको छ । यो भोजपुर जिल्लाको प्रमुख शक्ति पिठ हो ।

कविता : सिद्धकाली मन्दिरमा कहिले–कहिले पूजा हुन्छ नि हजुरआमा ?

हजुरआमा : यहाँ दैनिक नित्य पूजा हुने गर्दछ । एउटा मात्र भाकल गरी पूजापाठ गरेमा भाकल मनोकांक्ष पूरा हुने जनविश्वास रहेको छ ।

कविता : कहिले–कहिले धेरै भक्तजन आउँछन् नि हजुरआमा ?

हजुरआमा : विशेष गरेर सिद्धकाली मन्दिरमा आषाढ शुक्ल एकादशी, कार्तिक शुक्ल एकादशी, मार्ग कृष्ण चर्तुदशी (बालाचतुर्दशी), दशैंको नवरात्र अवधिभर, श्रावण महिनाको सोमबार साथै तीज आदिमा ठुलो भिड हुने गर्छ ।

कविता : हजुरआमा अरु पनि मन्दिर देखिन्छ नि ?

हजुरआमा : हो नि नातिनी, सिद्धकाली परिसरमा देवीसँगै, गणेश मन्दिर, लक्ष्मीनारायण, सरस्वती मन्दिर, सत्यनारायण, महादेव गुफासमेत रहेका छ । अलि पर डाँडामा बौद्ध धर्म अवलम्वीहरूको गरुड बिहार छ । यो धार्मिक सहिष्णुताको एक राम्रो उदाहरण हो ।

कविता : धार्मिक सहिष्णुता भनेको के हो ?

हजुरआमा : एक धर्मले आर्को धर्मको अस्तित्व स्वीकार गरी  फरक धर्मको आस्था र संस्कारलाई सम्मान गर्नुलाई धार्मिक सहिष्णुता भनिन्छ । यसलाई हाम्रा पुर्खाहरूले नै समाजमा सिकाउनु भएको हो । त्यसैले हामी एक धर्मले अर्को फरक धर्मलाई सम्मान र आदर गर्नुपर्छ ।



कविता : सिद्धकाली देवी कसरी उत्पत्ति हुनुभएको हो, हजुरआमा ?

हजुरआमा : आदिम कालमा किराँती सिकारीले सिकार खेल्ने क्रममा पिखुवा खोलामा मृग देखेर खेदाउँदै आउँदा मृग टक्सारको सरस्वती गुफा आई छिरेको र मृगलाई पछ्याउँदै जाँदा सिकारीलाई मृगले भेष बदली हालको सिद्धकाली मन्दिरको महादेव गुफाअगाडि देवीको रूपमा प्रकट हुनुभएको र ती सिकारीहरू बिरामी भएपछि सोही स्थानमा सिद्धकाली देवीको पूजाआरधना गर्न सुरू गरिएको भन्ने जनश्रुति रहेको छ । त्यसै स्थानमा सिद्धकाली देवीको उत्पत्ति भएको हो भन्ने किंवदन्ती रहीआएको छ ।

कविता : धन्यवाद , हजुरआमा !

हजुरआमा : धन्यवाद कविता मेरो प्यारी नातिनी ।

## अभ्यास

### १. प्रश्नहरूको अति छोटो उत्तर लख्नुहोस् :

(क) भोजपुर जिल्लाको प्रमुख शक्तिपिठ कुन हो ?

(ख) सिद्धकाली भाकलसम्बन्धी के–कस्ता जनविश्वास रहीआएको छ ?

### २. छोटो उत्तर लख्नुहोस् :

(क) सिद्धकाली मन्दिरमा कहिले–कहिले भक्तजनहरूको भिड हुने गर्छ ?

(ख) सिद्धकाली मन्दिरसँगै अन्य कुन–कुन देवीदेवताको मन्दिर रहेको छ ?।

### ३. लामो उत्तर लेख्नुहोस् :

(क) सिद्धकाली देवी उत्पत्ति कसरी भएको मानिन्छ ? लेख्नुहोस् ।

### परियोजना कार्य :

तपाइँको टोल वा गाउँ कुनै मन्दिर वा थान वा धार्मिक स्थलको बारेमा परिवारका सदस्य वा समाजका अग्रज व्यक्तिहरूलाई सोधिखोजी गरी लेखेर ल्याउनुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ : हाम्रा गुम्बाहरू

भोजपुर नगरपालिका विभिन्न जातजातिहरूको साझा फुलबारी हो । यहाँ राई, क्षेत्री, नेवार, तामाङ, ब्राम्हण, भुजेल आदि जातजातिको प्रमुख बसोबास रहेको छ । सबै जातजाति तथा समुदायको फरक–फरक संस्कृति र पहिचान रहेको छ । यो विविधता पालिकाको सांस्कृतिक सम्पत्ति हो ।

नेपालको राष्ट्रिय जनगणना २०७८अनुसार यस पालिकाभित्र धार्मिक हिसाबले सबैभन्दा बढी हिन्दू ५३.७४ प्रतिशत, बौद्ध २२.८७ प्रतिशत,  किराँत २१.७२ प्रतिशत, इसाई १.५८ प्रतिशत र प्रकृति धर्म ०.०२ प्रतिशत रहेको छ । बौद्ध धर्म प्रायः तामाङ, शेर्पा नेवार आदि जातिले अवलम्बन गरेको पाइन्छ । बौद्ध धर्म अवलम्बीहरूको भोजपुरको हेलौँछा, नरपयाँ, काफ्ले, पानीट्याङ्की, बोखिम, टक्सार आदि ठाउँहरूमा रहेको छ ।

बौद्ध गुम्बाहरूमा तामाङ समुदाय, शेर्पा समुदाय र नेवार समुदायले पूजा आरधना गर्ने केही गुम्बाहरूको बारेमा तल चर्चा गरिएको छ ।

## पेमा छ्योलिङ गुम्बा



पेमा छ्योलिङ गुम्बा भोजपुर नगरपालिका ९, पानीट्याङ्कीमा  अवस्थित रहेको छ । यो गुम्बाको स्थापना वि.सं. २०५६ सालमा भएको हो । हाल यो गुम्बाको भौतिक संरचनालाई निर्माण गरी आधुनिक संरचनासमेत बनाइएको छ । यस गुम्बामा ङ्न्युङ्ने व्रतपूजा, साङपूजा हुन्छ । प्रत्येक पुर्णिमा र दशमीमा विषेश पूजाका साथ लामा गुरुद्वारा पूजा पाठ गरिन्छ । यो गुम्बामा शेर्पा समुदायले विशेष पूजा गर्ने गर्छन् ।

## हिमालय महायानी विश्वशान्ति बौद्ध गुम्बा



हिमालयन महायानी विश्वशान्ति बौद्ध गुम्बा भोजपुर नगरपालिका वडा नं. ९काफ्लेमा अवस्थित छ । यो गुम्बामा विशेष गरी बौद्ध धर्ममा आस्था राख्ने तामाङ समुदायले विशेष पूजापाठ गर्ने गर्दछन् । यो गुम्बा भोजपुर - सुन्तले-दिङ्ला सडक खण्डसँग जोडिएको छ । यो बौद्ध गुम्बा वि.सं. २०४९ मा स्थापना भएको हो । यस गुम्बालाई व्यवस्थित र विस्तार गर्न सात रोपनी क्षेत्रफलको जग्गामा गुरुयोजना बनाइएको छ । यस गुम्बामा प्रत्येक पुर्णिमा र दशमीमा लामा तथा भक्तजनबाट पूजापाठ गरिन्छ ।

## ज्याङछुप छ्योलिङ गुम्बा

ज्याङ्छुप छ्योलिङ बौद्ध गुम्बा भोजपुर नगरपालिका वडा नं. १० अन्तरगत नरपयाँ र भोजपुर नगरपालिका वडा नं. १ भाम्राङको सिमानमा अवस्थित छ । यो गुम्बामा विशेष गरी शेर्पा समुदायले विशेष पूजापाठ गर्दछन् । यो भोजपुर जिल्लाको एक पुरानो बौद्ध गम्बा हो । यो बौद्ध गुम्बा वि.सं. २०३२ सालमा स्थापना भएको हो । यस गुम्बामा प्रत्येक पुर्णिमा र दशमीका दिनमा लामा तथा भक्तजनबाट विशेष पूजापाठ गरिन्छ ।

## साङगे छ्योलिङ गुम्बा



साङ्गे छ्योलिङ भोजपुर नगरपालिका वडा नं. ८ स्थित पोखरेमा अवस्थित छ । यो बौद्ध गुम्बा विशेष गरी तामाङ समुदायका धर्मावालम्बीहरूले पूजापाठ गर्ने गरेका छन् । यो गुम्बा भोजपुर जिल्लाको एक पुरानो गुम्बा हो । यो बौद्ध गुम्बा वि.सं. १९६२ वैशाख महिनाको शुक्ल पुर्णिमामा स्थापना भएको हो । यस गुम्बामा प्रत्येक पुर्णिमा र दशमीमा लामा तथा भक्तजनबाट पूजापाठ गरिन्छ ।

## अभ्यास

### १. प्रश्नहरूको अति छोटो उत्तर लख्नुहोस् :

(क) भोजपर सबैभन्दा धेरै धर्मावलम्बी कुन धर्मका मानिस रहेका छन् ?

(ख) पेमा छ्योलिङ गुम्बाको स्थापना कहिले भएको हो ?

(ग) ज्याङ्छुप छ्योलिङ बौद्ध गुम्बा कहाँ रहेको छ ?

### २. प्रश्नहरूको छोटो उत्तर लख्नुहोस् :

(क) हिमालय महायानी विश्वशान्ति वौद्ध गुम्बाको स्थापना कहिले भएको हो ? यसको अवस्थिति कहाँ पर्दछ ?

(ख) बौद्ध गुम्बामा कहिले कहिले पूजा हुन्छ ?

### ३. प्रश्नहरूको लामो उत्तर लख्नुहोस् :


(क) साङ्गे छ्योलिङ गुम्बाको बारेमा छोटकरी वर्णन गर्नुहोस् ।

(ख) हिमालय महायानी विश्वशान्ति बौद्ध गुम्बाको बारेमा चर्चा गर्नुहोस् ।

# पाठ ४ : हाम्रा मौलिक बाजाहरू












## बिनायो

बिनायो किराँत समुदायमा प्रचलित बाजामध्ये एक मौलिक बाजा हो । यो बाजा छिप्पिएको मालिङ्गो बाँसको कप्टेरोलाई कपेर निर्माण गरिन्छ । यसलाई नारी सौन्दर्यको प्रतीकका रूपमा पनि लिइन्छ । बिनायो करिब एक इन्चको चौडाइ र ६ इन्चको लम्बाइको आकार हुन्छ । यसमा दुईतिर धागोको बालिया जुइना लगाइएको हुन्छ । दुई हातका औंलाले दाँतको आडमा राखेर जुइना झट्कार्दा फोक्सोबाट प्रवाह हुने श्वासप्रश्वासको गति मिल्दा बिनायोले मीठो आवाज दिन्छ ।



पहिले–पहिले परम्परागत रुपमा किराँत समाजमा बिनायो केटा मान्छेले खिपेर बनाई मायाको चिनो स्वरुप केटी मान्छेलाई दिने चलन थियो । यो खाली बाजामात्र नभएर पुरुषबाट भावनात्मक चिनो स्वरूप महिलाहरूले लिने गर्थे । यो बाजा अन्य समुदायमा पनि बजाइने तर सबैभन्दा धेरै किराँती समुदायका मानिसहरूले मेलापात, चाडपर्वमा र हर्षउल्लासमा बजाईन छ । किराँती भाषाहरूमा यसलाई कोङकोङमा, दोङदोङमा अथवा दोङ, कुङकुङमा जस्ता नामले पनि चिनिन्छ ।

## पन्चेबाजा

पान्चेबाजा नेपाली समाजको परम्परागत मौलिक बाजा हो । यसको धुनले विशेष गरी विवाह, पूजा, जात्रा र अन्य सांस्कृतिक तथा धार्मिक कार्यक्रमहरूको रौनक र हर्षउल्लास थपिदिन्छ । सनई, ट्याम्को दमाहा, झ्याम्टा र ढोलकी गरी पाँच प्रकारका बाजाहरूको संयोजनबाट बजाइने एकदमै लोकप्रिय बाजा हो । प्रत्येक बाजाले आ-आफ्नै धुन र तालले



नेपाली संस्कृतिको मौलिकता झल्काउँछ । पन्चेबाजा विशेष गरी पहाडी समुदायमा प्रचलित भए पनि अहिले यसको प्रभाव र महत्त्व नेपालभरि फैलिएको छ ।

पन्चेबाजा शुभ साइतमा बजाएर मंगलताको सङ्केत गर्न प्रयोग हुने सबैभन्दा प्रचलित बाजा हो । बाजा नेपाली समाजमा विवाह, व्रतबन्ध, चाडपर्व, पूजा तथा रोपाईँ आदि समयमा बजाउने प्रचलन रहेको पाइन्छ । यो बाजा हाम्रो सांस्कृतिक सम्पदाको एक अभिन्न अंश भएकोले यसलाई संरक्षण र संवर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

## धिमे बाजा



धिमे बाजा नेवारहरूको सबैभन्दा प्रचलित परम्परागत मौलिक बाजा हो । रुखको बेलनाकार टुक्रालाई भित्रपटि पूरै खोक्रो बनाई दुवैतिर छालाले मोडेर बनाइएको ताल बाजा हो । नेवार समुदायमा विशेष गरी जात्रा, पर्व, दसैं, तिहार, म्हःपूजा, योमरी पुन्ही आदि अवसरमा बजाई हर्षोल्लास मनाउने चलन रहेको छ । धिमे बाजा लिम्बु समुदायको च्याब्रुङ, राई समुदायको ढोलसँग मिल्दोजुल्दो आकार रहेको पाइन्छ ।

## डम्फू



डम्फू तामाङ जातिले प्रयोग गर्ने मौलिक बाजा हो । यसको एकातिर छालाले मोरेको र अर्को पट्टी खाली हुन्छ । यस बाजाको वरिपरि ३२ वटा किलाहरू हुन्छन् । डम्फूको माथिल्लो भागमा चराको प्रतीक राखिएको हुन्छ । डम्फूको तालमा तामाङ सेलो (व्हाई) ल्होसार, विवाह, उत्सव आदिमा सेलो गाउँदै र नाच्दै आफ्नो मौलिकता झल्काउने गरेको पाइन्छ ।

## टुङ्ना



टुङ्ना बाजा नेपालको हिमाली क्षेत्रका जनजातिहरूमा प्रचलित एक परम्परागत बाजा हो । यो विशेष गरी शेर्पा र तामाङ समुदायमा लोकप्रिय छ । तुङ्ना बाजा गुराँसको काठ र बाँसबाट बनेको हुन्छ । यसमा भ्यागुता वा भेडीको छालाले मोरेर नक्खी वा जवाले बजाइन्छ । यसमा चारओटा तारहरू हुन्छन् । यो बाजा साधारणतया परम्परागत गीतहरू र नृत्यका लागि प्रयोग गर्ने गरिन्छ । टुङ्ना बजाउने कला पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको छ र यसलाई बजाउन विशेष दक्षता र ताल आवश्यक हुन्छ । टुङ्नाको सङ्गीतले हिमाली क्षेत्रका मानिसहरूको सांस्कृतिक पहिचान र जीवनशैलीलाई प्रतिबिम्बित गर्छ ।

## मादल



मादल नेपाली मौलिक लोकबाजा हो । यो बाजा नेपाली सांङ्गीतिक परम्परामा अत्यन्त लोकप्रिय मानिन्छ । यो काठको गोलाकार ढाँचा र बाखाको छाला मोरेर बनाइन्छ । मोरेको छालामा दुवैपटि खरी लगाएर मिल्दो तालमा बज्ने बनाइन्छ । मादलको विशेष ताल नेपाली लोकगीत र नृत्यहरूको प्रमुख हिस्सा नै हो । मादललाई विशेष गरी पर्व, विवाह र धार्मिक कार्यक्रमको समयमा  बजाइन्छ । यो बाजा मगर समुदायमा प्रचलित भए पनि सबै समुदायमा उत्तिकै लोकप्रिय बाजा हो । यो बाजा नेपाली लोक, आधुनिक तथा पप गीतहरूमा समेत बजाइन्छ ।

**च्याब्रुङ**

च्याब्रुङ बाजा लिम्बू जातिको एक परम्परागत मौलिक बाजा हो । यो बाजा खोक्रो काठको मुढामा दुवैतिरको छालाले मोरेर बनाइएको बाजा हुन्छ । यसलाई गलामा छालाको डोरी झुन्ड्याएर छातीमा अड्याए पछि एकातिर हत्केलाले र अर्कोतिर छोटो च्याप्टो लट्ठीले हिर्काएर धुन सिर्जना गरिन्छ ।



लिम्बू समुदायमा विवाह, अतिथि स्वागत सत्कार साथै उत्सवपर्व आदि शुभकार्यमा यो बाजा बजाउने गरिन्छ । पुरुषहरूले च्याब्रुङ भिरेका हुन्छन् । च्याब्रुङ बजाउँदै महिला र पुरुषहरू सँगसँगै तालमा ताल मिलाएर नाच्ने गर्दछन्

## अभ्यास

### १. अति छोटो उत्तर लख्नुहोस् :

(क) बिनायो बाजा कुन जातिसँग सम्वन्धित छ ?

(ख) धिमे बाजा कुन जातिसँग सम्बन्धित छ ?

(ग) डम्फू बाजाको वरिपरि कति ओटा किला हुन्छन् ?

(घ) शेर्पा समुदायको प्रसिद्ध मौलिक बाजा कुन हो ?

### २. छोटो उत्तर लख्नुहोस् :

(क) बिनायो बाजा केबाट र के कसरी बनाईन्छ ?

(ख) मादल बाजा कहिले कहिले प्रयोग गरिन्छ ?

(ग) पञ्चेबाजा भित्र कुनकुन बाजाहरू पर्दछन् लेख्नुहोस् ।

### ३. लामो उत्तर लख्नुहोस् :

(क) पञ्चेबाजा नेपाली समाजमा कुन कुन समयमा प्रयोग गरिन्छ ? लेख्नुहोस् ।

(ख) च्याब्रुङ बाजाको बारेमा लेख्नुहोस् ।

### परियोजना कार्य :

तपाईँको समुदाय वा जातिको मौलिक बाजाको बारेमा परिवारका सदस्य वा समाजका अग्रज व्यक्तिहरूलाई सोधिखोजी गर्नुहोस् र लेखेर ल्याई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ५ : लाखे नाच र वनदेवी नाच

## लाखे नाच



लाखे नाच नेवार समुदायले नाच्ने परम्परागत मौलिक नाच हो । जात्रा वा पर्वको अवसरमा लाखेको मुकुन्डो पहिरिएर विशेष पहिरनमा लाखे नाच्छ । भगवान कृष्णले मानिसहरूलाई दुःख दिने राक्षस कंशको बध गरी मानिसहरूको रक्षा गरेकोले नेवार समुदायमा लाखे नाच  नचाउन सुरु गरिएको किंवदन्ती रही आएकोछ । नाग पञ्चमीका दिनबाट सुरु गरेर कृष्ण अष्टमीको दिन व्रत बसी त्यसको भोलिपल्ट कृष्ण रथयात्रा गरी लाखे विर्सजन गरिने परम्परा छ । राक्षसको स्वरूपमा बनाइने मुकुन्डो, कालिकाको वस्त्रसहित व्यक्तिलाई सिँगारेर लाखे नचाउने गरिन्छ । लाखेसँगै एक ढटुवारेले पनि नाच्छन् ।  लाखे नाच हेर्न र मनोरञ्जन लिन अन्य समुदायको पनि उत्तिकै घुइँचो लाग्ने गर्दछ ।

लाखे नाचमा ढोलक, झ्याम्टा, र ठाउँअनुसार ट्याम्को, सनाई आदि बाजा बजाइन्छ । भूतप्रेत नलागोस् र मरेको आत्माले दुःख नदेओस् भनेर यो नाच राती देखाइने पुरानो कथन छ । लाखे नाच स्थानीय लोक भाकामा रोपाइँ जात्रा, घोडे जात्रा, गाईजात्रामा समेत नाचिन्छ ।  गाईजात्रमा समाजका विद्यामान विभिन्न विकृतिमाथि तीखो व्यङ्ग्य प्रहार गर्ने र सर्वसाधारणलाई मनोरञ्जन दिने गरिन्छ । लाखे नाचकै अवसरमा नेवार युवायुवतीले जोडी लाठीको प्रयोग गरी आपसमा मिलेर लट्ठी ठोक्काउँदै ठाकठुके नाचसमेत नाच्न प्रचलन रहेको छ । ठाकठुके नाच हेर्दा निकै आकर्षक र कलात्मक देखिन्छ ।

**वनदेवी नाच**

नेवार सम्प्रदायमा हुने विविध किसिमका जात्रा र नृत्यहरूमध्ये वनदेवी नृत्य एक परामपरागत नृत्य हो । भोजपुरको टक्सारमा बजार विस्तारसँगै काठमाडौँ उपत्यकाबाट व्यापारी र कालीगढ आउँदा उनीहरूसँगै धर्म, संस्कृति पनि आयो । त्यही क्रममा वनदेवी नाच पनि जोडिएर आएको मानिन्छ ।

बौद्ध धर्ममा बुद्धले बुद्धत्त्व प्राप्त गर्नु विभिन्न जन्महरूमा बोधिसत्त्वको रूपमा जन्म लिएर असल कर्महरू गरेपछि मात्र बुद्धत्व प्राप्त गरेको मानिन्छ । बुद्धले आफ्ना सम्पूर्ण राजसी सुख, परिवार त्याग गरेर जङ्गलमा तपस्या गर्न जानुभएको र जङ्गलमा सो तपस्या भङ्ग गर्नका लागि जङ्गली जनवार, पिचास, डङ्किनी आदि अवरोधकारी मारहरू आए । बुद्धको तपस्यालाई भङ्ग गर्न खोज्ने ती मारहरूलाई वनदेवी प्रकट भएर अन्त्य गराई तपस्यालाई सफल बनाउन सहयोग पुऱ्याएको भन्ने विश्वास गरिन्छ । सोही समयदेखि वनदेवी नाचको परम्परा सुरु गरिएको भन्ने किंवदन्ती रहेको छ ।

लाखेको मुकुन्डोभन्दा सानो साधा मुकुन्डो लगाई वनदेवी नाच नाचिन्छ । यो नाच विभिन्न अवसरमा देखाइन्थ्यो भने हाल यो टक्सारमा पनि नाच्न छाडिएकोले लोप हुने अवस्थामा पुगेको छ ।

**अभ्यास**

**१. अति छोटो उत्तर लख्नुहोस् ।**

(क) लाखे नाच कहिँलेदेखि नाच्न सुरु गरिन्छ ?

(ख) वनदेवी नाच कुन जातिसँग सम्बन्धित छ ?

**२. छोटो उत्तर लख्नुहोस् ।**

(क) लाखे नाच नाच्दा कुनकुन बाजा बजाइन्छ ?

(ख) लाखे नाच कहिलेदेखि सुरू गरी कहिलेसम्म नाचिन्छ ?

**३. लामो उत्तर लख्नुहोस् ।**

(क) लाखे नाच कसरी सुरू भएको हो ? लेख्नुहोस् ।

(ख) वनदेवी नाचको उत्पत्ति कथा लेख्नुहोस् ।

**परियोजना कार्य**

तपाईँको समुदाय वा जातिसँग सम्बन्धित कुनै एक मौलिक नाचको बारेमा परिवारका सदस्य वा समाजका अग्रज व्यक्तिहरूलाई सोधिखोजी गरेर लेख्नुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ६ : परियोजना कार्यको प्रस्तुति

(दिक्षा मिस भोजपुर ३ गुप्तेश्वरको एक सामुदायिक विद्यालयमा शिक्षण गर्नुहुन्छ । उहाँले कक्षा ५ को स्थानीय विषय 'हाम्रो भाजपुर नगरपालिका' अध्यापन गर्नुहुन्छ । उहाँले कक्षा ५ का विद्यार्थीहरूलाई एक हप्ता अगाडि परियोजना कार्य प्रदान गर्नु भएको थियो । दुई ओटा समूहलाई दिनुभएको विषय (क) सरस्वति गुफा र (ख) सिद्धमहाराज मन्दिरका बारेमा छलफल र सोधिखोजी गरी उक्त विषयमा तयार पारेको विवरण विद्यार्थीको परियोजना कार्यको रूपमा प्रस्तुत गर्दै छन् ।)

**सरस्वती गुफा**

जीवन प्रधान

कक्षा : ५

रोल्नं. : १५

विषयवस्तु : सरस्वति गुफा



आदरणीय गुरुमा, साथै सम्पूर्ण साथीहरूमा नमस्कार ।

म र मेरो 'समूह क'ले तयार पारेको परियोजना कार्य प्रस्तुति गर्ने अनुमति चाहन्छु :

भोजपुर नगरपालिकाभित्र थुप्रै ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरू र पर्यटीकीय क्षेत्रहरू रहेका छन् । ती पर्यटकीय सम्पदामध्ये हाम्रो समूहले सरस्वति गुफाको बारेमा सोधिखेजी तयार गरेका छौँ ।

सरस्वति गुफा एक प्राकृतिक रूपमा अद्भूत रहस्यमय गुफा हो । यो गुफा भोजपुर नगरपालिका वडा नं. १२ रैकरमा रहेको गुफा हो । प्राकृतिक रूपमा अद्भूत यस गुफा विद्याधरी अजिमा थानको पूर्वपट्टी रहेको छ । विशाल प्राकृतिक ढुङ्गाहरूको बीचबाट

प्रवेशद्वार रहेको छ । द्वारबाट ढुङ्गाको बाटो हुँदै गुफा जमिन मुनि हुँदै एक हजार मिटर लामो लम्बाइ रहेको सुरुङमार्ग रहेको अनुमान गरिन्छ । गुफाभित्र पानीको पोखरीसमेत रहेको छ । वि.सं. १९९० को महाभूकम्प जानुभन्दा पहिला यो गुफाबाट प्रवेश गरी सिद्धकाली मन्दिर गुफामा निस्किन्थ्यो भन्ने किंवदन्ती पाइन्छ । महाभूकम्पले गुफाको सुरुङमार्गसमेत भत्किएर बन्द भएको विश्वास गरिन्छ ।

सरस्वति गुफामा वसन्त पञ्चमी, कृष्ण जन्माष्टमी आदि अवसरमा भक्तजनहरूको ठुलो उपस्थिति हुन्छ । यस गुफामा विशेष गरी वसन्त पञ्चमीको दिन पूजा, आरधना र बालबालिकाको अक्षराम्भ गर्ने प्रचलन रहेको छ । यसको संरक्षण र प्रचार प्रसार गर्न सकेमा यसले धार्मिक तथा साहसिक गुफा सुरुङयात्राको ठुलो सम्भावना रहेको छ ।

धन्यबाद ।

**सिद्धमहाराजको मन्दिर**

सूचना राई

कक्षा : ५

रोल्नं. : २५

विषयवस्तु : सिद्धमहाराजको मन्दिर



आदरणीय गुरुआमा तथा विद्यार्थी सार्थीहरू नमस्कार ।

हाम्रो 'समूह ख'लाई परेको विषयमा हाम्रो समूहले तयार पारेको सिद्धमहाराजको बारेको परियोजना कार्य प्रस्तुत गर्ने अनुमति चाहन्छु :

भोजपुर नगरपालिकाभित्रको धार्मिक पर्यटकीय स्थलहरू थुप्रै रहेका छन् । जसमध्ये भोजपुर नगरपालिका वडा नं. ४ सिद्धटारमा रहेको सिद्धमहाराजको मन्दिर पनि एक हो ।

किंवदन्ती–१

वि.सं. १५६२ तिर एकजना जोगी पैयुँको लौरो टेकेर आएको र उनैले गाडेको पैयुँको लौरो रुख भई हालसम्म पनि रहिरहेको छ । जोगी जङ्गलमा धुनि ताप्ने र त्यसपछि बाघको भेष बदली घुम्ने गरेको, त्यस्ता व्यक्ति जोगी नभएर सिद्धमहाराज नै हुन् भनी सो स्थानमा मन्दिर स्थापना गरिएको विश्वास रहेको छ ।

किंवदन्ती–२

धेरै पहिला सिद्धटार क्षेत्रमा प्रसस्त घाँसपात भएकाले गाईवस्तु पालन गर्ने चलन थियो । एक समय गोठालोसँग दिउँसोको सयममा जोगी प्रकट भई दही मागेको तर गोठालोले दिउँसोको समयमा दही दिन नमिल्ने कुरा बताएपछि जोगी हिँडेको त्यसपछि एकाएक गोठालोको सबै  गाईवस्तुहरू हराए । सपनामा जोगीले ल्याएको त्रिशुल र लट्ठी त्यहीँ देखेको र विपनीमा हेर्दा पनि सोही स्थानमा फेला परेपछि ती जोगी नभएर सिद्धमहाराज हुनुहुँदो रहेछ भनी उक्त त्रिशुल राखी देवस्थल विकास गरिएको र यसको नाम सिद्धमहाराजको मन्दिर नामकरण भएको हो ।

पूजाविधि

मन्दिरमा विषेश गरेर हरेक वर्षको वैशाख शुक्ल पूर्णीमा, नाग पञ्चमी र मङ्सिर शुक्ल पूर्णीमाको दिन राजपूजा गर्ने चलन छ । पूजा सामग्रीको रूपमा रातो रङ नचल्ने र गाईको दुध र घ्यू मात्र चल्ने साथै मन्दिरमा पुरुष मात्र प्रवेश गर्न मिल्ने परम्परा रहेको पाइन्छ । अविवाहित, ब्रह्मचारी र विवाहित भएमा ६० काटेका ब्राह्मणले पुजारी हुनुपर्ने मान्यता रही आएको छ । यस मन्दिरमा पूर्णिमा, पञ्चमी, दशमी र द्वादशी तिथिमा मात्र पूजा हुने र यी तिथि आइतबार भएमा पूजा गर्न नमिल्ने प्रचलन रहेको छ । सिद्धमहाराजको मन्दिरमा महिला प्रवेश गर्न नहुने पराम्पराले गर्दा वि.स. २०६९ मा सिद्धमहाराजको मन्दिर नजिकै सिद्धेश्वर महादेवको मन्दिर स्थापन गरिएको छ ।

शिवरात्री, बालाचर्तुदशी, जनै पूर्णीमा र हरितालिका तिजमा विशेष मेला लाग्ने गरेको छ । यस मन्दिरमा पूजापाठ, रुद्रीपूजा गरेमा आफ्नो मनोकांक्षा पूरा हुने विश्वास रही आएको छ । यस मन्दिर परिसरमा सिद्धपातल सामुदायिक वन, सिद्धपोखरी, सिद्धटार जस्ता आदि पर्यटकीय क्षेत्रहरू रहेका छन् । सिद्धमहाराजको नामबाट नै सिद्धेश्वर ठाउँ र सिद्धेश्वर माध्यमिक विद्यालयको नामकरण गरिएको हो ।

धन्यवाद ।

## अभ्यास

### १. अति छोटो उत्तर लख्नुहोस् :

(क) सरस्वती गुफा भोजपुरको कुन ठाउँमा रहेको छ ?

(ख) सिद्धमहाराजको मन्दिर कहाँ रहेको छ ?

### २. छोटो उत्तर लख्नुहोस् :

(क) सरस्वती गुफाभित्रको सुरुङको लम्बाई कति रहेको छ ?

(ख) सरस्वति गुफामा कुनकुन समयमा पूजा आराधना विशेषरुपमा हुन्छ ?

(ग) सिद्धमहाराजको मन्दिरमा कुन कुन समयमा राज पूजा गरिन्छ ?

(घ) सिद्धमहारानको मन्दिर परिसरमा भएका अन्य पर्यटकीय सम्पदाहरू केके रहेका छन् ?

### ३. लामो उत्तर लख्नुहोस् :

(क) सरस्वति गुफा पर्यटकीय सम्भावना भएको स्थान हो । यस भनाइलाई व्याख्या गर्नुहोस् ।

(ख) सिद्धमहाराजको उत्पत्ति कसरी भएको हो ? व्याख्या गर्नुहोस् ।

### परियोजना कार्य :

तपाईंको वडा वा टोलमा भएको पर्यटकीय स्थलको बारेमा अभिभावक वा शिक्षकको सहयोगमा लेखेर ल्याउनुहोस् र कक्षाकोठामा सुनाउनुहोस् ।

# एकाइ तीन : जातजाति, भाषाभाषी र चाडपर्व




## छलफल गरौँ

माथिका फोटा तथा चित्रका बारेमा कक्षामा साथीसँग छलफल गरी शिक्षकलाई बताउनुहोस् ।

- आफ्ने पालिकाभित्र बसोबास गर्ने सबै जातजातिको परिचय र मुख्य बसोबास क्षेत्र प्रस्तुत गर्न
- जातीय सद्भाव र सम्मान व्यक्त गर्न
- आफ्नो पालिकाभित्रका समुदायले बोल्ने भाषाहरूको स्थिति (प्रयोगको अवस्था) बताउन
- आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन
- आफ्ना पालिकाभित्रका समुदायले मनाउने स्थानीय प्रमुख चाडपर्वहरूको सामान्य परिचय बताउन
- तामाङको सोनाम ल्होसार, शेर्पाको ग्याल्पो ल्होसार र ङ्ग्युङने ब्रतको परिचय र विशेषता बताउन

पाठ्यघन्टा :१६

# पाठ १ : हामी बस्ने गाउँ र सहर



भोजपुर नगरपालिका गाउँ र सहर मिलेर बनेको छ । यहाँका धेरै गाउँहरु सहर उन्मुख छन् । भोजपुर जिल्लाको सदरमुकामसमेत यसै नगरपलिकामा पर्ने भएकाले जिल्लाकै ठुलो सहर मानिने भोजपुर बजार पनि यहीँ पर्दछ । यस नगरपालिकालाई बाह्र ओटा वडाहरुमा विभाजन गरिएको छ । भोजपुर नगरपालिकाका मुख्य गाउँ र बजारका नामहरु क्रमशः डाडाबोखिम, हेलौंछा, दाँवा,



बोखिम, पालुवा, काफ्ले, कोदार, भोजपुर बजार, पोखरे, भैसीपङ्खा, आम्तेक र टक्सार आदि रहेका छन् । यीभन्दा अन्य नाम गरेका गाउँ र टोलहरु पनि छन् । यहाँ विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीका मानिसहरु आपसमा मिलेर बसेका छन् ।

भोजपुर नगरपालिकाभित्र पच्चीसभन्दा बढी जातजातिहरुको बसोबास रहेको तथ्याङ्क पाइन्छ । जनगणना २०७८ अनुसार यहाँ राई, क्षेत्री, नेवाः (नेवार), तामाङ, ब्राह्मण, विश्वकर्मा, परियार, शेर्पा, घर्ती/भुजेल, मिजार, गुरुङ, मगर, लिम्बू, कुमाल, थारु,

सन्यासी/दसनामी, सुनुवार, यादव, तेली, ठाकुर तथा अन्य जातिहरुको बसोबास रहेको छ । त्यस्तै राईहरुमा पनि बान्तावा, साङपाङ, चाम्लिङ, कुलुङ, नाछिरिङ थर भएका मानिसहरुको बसोबास रहेको देखिन्छ ।

### भोजपुर नगरपालिकाको जातजातिगत जनसङ्ख्याको विवरण

| जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| राई | ६१६३ | २३.६९ |
| क्षेत्री | ५१८५ | १९.९३ |
| नेवाः (नेवार) | ४५३५ | १७.४४ |
| तामाङ | ४५२४ | १७.३९ |
| ब्राह्मण | १२२४ | ४.७० |
| विश्वकर्मा | ७९८ | ३.०६ |
| परियार | ७४० | २.८४ |
| शेर्पा | ७२३ | २.६८ |
| घर्ती/भुजेल | ५१६ | १.९८ |
| मिजार | ४९२ | १.८९ |
| गुरुङ | ३२८ | १.२६ |
| मगर | ३०२ | १.१६ |
| अन्य | ४७७ | १.८६ |
| जम्मा - | २६००७ | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

भोजपुर नगरपालिकामा बसोबास गर्नेमध्ये जनसङ्ख्याका आधारमा ठुलोदेखि सानो क्रम मिलाउँदा देखिने जातिहरु क्रमशः राई, क्षेत्री, नेवार, तामाङ, विश्वकर्मा, परियार, शेर्पा, भुजेल, मिजार, गुरुङ, मगर रहेका छन् । माथिको तालिकामा १०० भन्दा कम

जनसङ्ख्या भएका जातजातिलाई अन्यको महलमा राखिएको छ । त्यसरी अन्यको महलमा राखिएका जातजातिहरुमा लिम्बू, कुमाल, थारु, सन्यासी/दसनामी, सुनुवार, यादव, तेली, ठाकुर तथा अन्य जातिहरु रहेका छन् ।

विशेष गरी थारु, यादव, ठाकुर, जातिहरुको बसोबास विभिन्न कामको शिलशिलामा भोजपुर बजार र यस आसपासमा बस्ने गरेको पाइन्छ । गुरुङ जातिको मुख्य बसोबास क्षेत्र भोजपुर नगरपालिका वडा नं. २ मा रहेको पाइन्छ भने नेवार समुदायको मूख्य बसोबास क्षेत्र टक्सार रहेको छ । अन्य जातिहरुको बसोबास सबैतिर छरिएर मिश्रित अस्थामा रहेको पाइन्छ ।

## अभ्यास

### १. अति संक्षिप्त उत्तर लेख्नुहोस् :

(क) भोजपुर नगरपालिकाको जम्मा जनसङ्ख्या कत्ति रहेको छ ?

(ख) भोजपुर नगरपालिकामा बसोबास गर्ने जातिमध्ये जनसङ्ख्याको आधारमा सबैभन्दा ठुलो जाति कुन हो ?

(ग) भोजपुर नगरपालिकाभित्र बसोबास गर्ने जातजातिको सङ्ख्या कत्ति रहेको छ ?

(घ) भोजपुर नगरपालिकाभित्रका मानिसहरुको जनसङ्ख्यामध्ये तामाङको जनसङ्ख्या कत्ति प्रतिशत छ ?

(ङ) नगरपलिकाभित्र गुरुङ जातिको मुख्य बसोबास रहेको क्षेत्र कुन हो ?

### २. संक्षिप्त उत्तर लेख्नुहोस् :

(क) भोजपुर नगरपालिकाभित्र बसोबास गर्ने जनसङ्ख्याका आधारमा ठुला पाँच ओटा जातजातिको नाम लेख्नुहोस् ।

(ख) भोजपुर नगरपालिकाभित्र बसोबास गर्ने १०० जनाभन्दा कम जनसङ्ख्या भएका जातजातिको नाम लेख्नुहोस् ।

(ग) पालिकाको कुल जनसङ्ख्याको दुई प्रतिशतभन्दा बढी जनसङ्ख्या भएका जातजातिहरुको नाम लख्नुहोस् ।

### ३. लामो उत्तर लेख्नुहोस् :

(क) भोजपुर नगरपालिका क्षेत्रभित्र सबोबास गर्ने विभिन्न जातजातिको नाम र तिनीहरुको मुख्य बसोबास क्षेत्र वर्णन गर्नुहोस् ।

(ख) भोजपुर नगरपालिकाभित्र बसोबास गर्ने जातजाति र तिनको जनसङ्ख्यालाई स्तम्भ चित्रमा देखाउनुहोस् ।

### परियोजना कार्य :

(क) शिक्षकको सहयोग लिई पाठमा दिइएको तालिका हेरेर भोजपुर नगरपालिकाभित्र बसोबास बस्ने आदिवासी जनजाति, मधिसे र दलित समुदायअन्तर्गत पर्ने जातजाति पत्तालगाई तिनीहरुको कुल जनसङ्खया प्रस्तुत गर्नुहोस् ।

(ख) तल दिइएको फोटो भोजपुर नगरपालिकाभित्र पर्ने कुन ठाउँ हो ? छलफल गरी पत्ता लगाउनुहोस् ।



# पाठ २ : नबिसौँ हाम्रो मातृभाषा




**गीत गाऔँ :**

नबिसौँ हाम्रो भाषालाई
नभुलौँ हाम्रो भेषलाई

मातृभाषा बिसँदा भाषा हाम्रो मर्ने छ
भेषभूषा बिसँदा पहिचान हाम्रो गुम्ने छ

मातृभाषा सँगसँगै अन्य भाषा सिक्नु छ
धेरै भाषा जानेर सधै अघि हुनु छ

नेपालीमा नमस्कार, शेर्पा भाषा टसिदेले,
नेपाल भाषा ज्वोज्वोलपा, मगर भाषा भ्फोर्ले

लिम्बू भाषा सेवारो गुरुङ भाषा छ्याजलो
बान्तावामा सेवा है आफ्नै भाषा सजिलो

फ्याफुल्ला सेउ सेवारो सेवा टसिडेले
ज्वोज्वोलपा छ्याजलो नमस्कार भ्फोर्ले

नबिसौँ हाम्रो भाषालाई
नभुलौँ हाम्रो भेषलाई

मातृभाषा बिसँदा भाषा हाम्रो मर्ने छ
भेषभूषा बिसँदा पहिचान हाम्रो गुम्ने छ ।

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

पहिचान, भाषा, भेषभूषा, फाइदा, अन्य भाषा

(क) धेरै भाषा जान्यो भने सबैलाई ........... हुन्छ ।

(ख) भेषभूषा बिर्सँदा हाम्रो .......... गुम्ने छ ।

(ग) मातृभाषा सँगसँगै .......... सिक्नुपर्छ ।

(घ) मातृभाषा बिर्सँदा हाम्रो ........ मर्ने छ ।

(ङ) हाम्रा लुगाकपडा तथा पहिरनलाई ........... भनिन्छ ।

### २. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) हामीले किन हाम्रो भाषा र भेषभूषालाई भुल्नु हुँदैन ?

(ख) धेरै ओटा भाषा जान्दा के फाइदा हुन्छ ?

(ग) तपाईं कति ओटा भाषामा बोल्न सक्नुहुन्छ ?

### ३. भाषाको महत्त्वका बारेमा १०० ओटा शब्दमा एक अनुच्छेद लेखेर शिक्षकलाई देखाउनुहोस् ।

### ४. जोडा मिलाउनुहोस् :

| क. | ख. |
|---|---|
| नमस्कार | गुरुङ |
| सेउ | मगर |
| सेवा | शेर्पा |
| सेवारो | दुङ्माली |
| छ्याजलो | तामाङ |
| ज्वोज्वोलपा | नेपाली |
| टसिडेले | बान्तावा |
| भ्फोर्ले | नेपाली |
| फ्याफुल्ला | नेपाल भाषा (नेवारी) |

## ५. भाषा सिकौँ :

भोजपुर नपामा

| बोलिने भाषा | - | प्रयोग हुने शब्द | | | |
|---|---|---|---|---|---|
| | | **"स्वागतम"** | **"शुभकामना"** | **"धन्यवाद"** | **"साथी"** |
| नेपाली | - | स्वागतम | शुभकामना | धन्यवाद | साथी |
| राई बान्तावा | - | तोम्लाङ्ने | सावानाम | आलाङ्ने | यावा |
| नेपाल भाषा (नेवारी) | - | लसकुस | भिन्तुना | सुभाय: | पासा |
| तामाङ | - | डेनमुला | ज्याबाडान्वा | थुजेछे | रो |
| शेर्पा | - | फेपरोनङ | गातेन | धुजिछे | दल्जा |
| गुरुङ | - | छ्याँल्लेखो | ............. | ओर्छे | थ्यु |
| लिम्बू | - | लाम्दाक | नोइ:त्छे | नोगेन | |
| दुङ्माली | - | सेउटुप | ........ | आलाङ्ने | |
| मगर | - | ............ | मजुनछान्ख्यौ | जिलउ/चोङ्सु | लफा |

# पाठ ३ : ग्याल्पो ल्होसार, सोनाम ल्होसार र ङ्ग्युङ्ने वर्त

## ग्याल्पो ल्होसार



ग्याल्पो ल्होसार शेर्पा जातिको नयाँ वर्षको अवसरमा मनाइने पर्व हो । यो पर्व प्रत्येक वर्षको फागुन शुक्ल प्रतिपदाको तिथिदेखि पूर्णिमासम्म १५ दिन मनाउने प्रचलन रहेको छ । पहिलो दिन चोखो ठाउँको पधेराबाट पानी ल्याएर चढाउने र पूजापाठ गर्ने गरिन्छ । प्रत्येक घरघरमा छेलुङदर गाड्ने गरिन्छ । छे भनेको आयु र लुङ्दर भनेको ध्वजा भन्ने बुझिन्छ । लटाङ (तोरण) टाङ्ने काम पनि गरिन्छ । त्यस्तै नौ ओटा अन्न मिसाएर बनाइएको परिकार गुथुक खाने चलन पनि रहेको छ ।



दोस्रो दिन सबैले आआफ्नो घरमा विभिन्न परिकार खाने र ठुलासँग आशीर्वाद लिने चलन छ । तेस्रो दिन आफन्तको घरमा जाने र आशीर्वाद लिनेदिने चलन छ । चौथो दिनदेखि सामुहिक रूपमा गुम्बा तथा पवित्र ठाउँमा भेला हुने र भोजमा सहभागी हुने र आपसमा नयाँ वर्षको शुभकामना आदानप्रदान गर्ने गरिन्छ । आफ्ना जातीय परम्परा अनुसारका खानेकुराहरू खाने, आफ्नै भेषभूषा र पहिरन लगाई महिला र पुरुष मिलेर स्याब्रु नाच नाच्ने प्रचलन रहेको छ । यस पर्वमा आफ्ना घरको सरसफाइ तथा रङरोगन गर्ने प्रचलन पनि रहेको छ । उक्त दिन नेपाल सरकारले सार्वजनिक बिदा दिने गरेको छ ।



## सोनाम ल्होसार



सोनाम ल्होसार तामाङ समुदायको नयाँ वर्षको अवसरमा मनाइने एक मुख्य पर्व हो । यो पर्व प्रत्येक वर्षको माघ शुक्ल प्रतिपदाको दिनदेखि १५ दिनसम्म मनाइन्छ । पहिलो दिन सरसफाइ गरेर घरघरमा लुङ्दर (पञ्च रङको झण्डा) गाड्ने, लोटाङ (तोरण) टाँग्ने काम गरिन्छ । घरघरबाट ग्रहदशा मन्साउने र लामो आयु माग्ने कार्य गरिन्छ । सोनाम ल्होसारको अवसरमा नयाँ कपडा लगाउने गरिन्छ । लामा पढाउने गरिन्छ । बुद्ध वचन पाठ गरिन्छ । आफूभन्दा ठुलासँग आशीर्वाद लिनेदिने गरिन्छ ।



सोनाम ल्होसारको अवसरमा खादा लगाउने र दक्षिणा उपहार दिने कामसमेत गरिन्छ । घर र गुम्बामा भेला भएर मिठामिठा खानेकुरा खाने गरिन्छ । तामाङ जातिको साँस्कृतिक खाना खाप्सियो नामको खाने कुरा खाने चलन छ । आफन्तहरू भेट्न जाने र धार्मिक कार्यमा सहभागी हुने गरिन्छ । यस अवसरमा सरसहयोग तथा सामाजिक तथा धार्मिक क्षेत्रमा पुण्यको काम गर्ने चलन छ । शुभकामना आदानप्रदान कार्यक्रम गर्ने गरिन्छ ।



सोनाम ल्होसार पर्वको अवसरमा महत्त्वपूर्ण सेलो नाच नाचिन्छ । तामाङ सेलोमा महिला र पुरुष आफ्ना साँस्कृतिक पहिरनमा सजिएर डम्फु बाजा बजाउँदै नाचिन्छ । नयाँ वर्षको शुभकामना आदानप्रदान गर्ने, स्वास्थ्य र दीर्घायुको कामना गर्ने साथै बुद्ध वचन सुन्दै आशीर्वाद लिनेदिने कुरा ल्होसारको महत्वपूर्ण पक्ष हुन् । नेपाल सरकारले सोनाम ल्होसारको अवसरमा सार्वजनिक बिदा दिने गरेको छ ।

## ङ्न्युङ्ने व्रत



यो व्रत बौद्ध धर्मावलम्बीहरूले बस्ने व्रत हो । विशेष गरी शेर्पा, तामाङ तथा गुरुङ जातिले पर्वकै रुपमा यो व्रत बस्ने गर्दछन् । संसारमा रहेका प्राणीको हत्या बापत उनीहरूको आत्माले शान्ति पाओस् भनेर गरिने शान्ति व्रत नै ङ्न्युङ्ने व्रत हो । यस व्रतमा लामाद्वारा बज्र गुरुको मन्त्र जप गरेर बस्ने गरिन्छ । “ओम मणिपद्मे होङ” भन्ने मन्त्र जप्दै व्रतालु महिला तथा पुरुषहरूले यो व्रत बस्ने परम्परा रहेको पाइन्छ । यो व्रत बढी काटमार हुने असोज-कात्तिक महिनामा बस्ने गरिन्छ । यस अवसरमा बुद्धको भजन गाउने, फलफूल खाने र विश्व शान्तिको कामना गर्ने पवित्र कर्म गर्ने प्रचलन रहेको छ ।



### अभ्यास

### १. ठिक बेठिक छुट्याउनुहोस् :

(क) ङ्न्युङ्ने व्रत तामाङ जातिले मनाउने एक पर्व हो ।

(ख) तामाङ सेलोमा डम्फू बाजा बजाइन्छ ।

(ग) ग्याल्पो ल्होसार शेर्पा जातिको नयाँ वर्ष हो ।

(घ) ल्होसार १५ दिनसम्म मनाउने चलन रहेको पाइन्छ ।

(ङ) स्वाब्रु नाच तामाङ जातिले नाच्दछन् ।

### २. तल दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(अ) सोनाम ल्होसार कुन समयमा मनाइन्छ ?

(आ) ग्याल्पो ल्होसार कुन समयमा मनाइन्छ ?

(इ) नौ ओटा अन्न मिसाएर बनाइएको शेर्पा समुदायको खाने कुराको नाम के हो ?

(ई) ङ्न्युङ्ने व्रत किन बसिन्छ ?

(उ) खाप्सियो नामको खाने कुरा कुन पर्वमा खाने गरिन्छ ?

### ३. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सोनाम ल्होसार र ग्याल्पो ल्होसार बीच रहेका भिन्नताहरू लेख्नुहोस् ।

(ख) ग्याल्पो ल्होसार मनाउने तरिका लेख्नुहोस् ।

(ग) सोनाम ल्होसार कसरी मनाइन्छ ? लेख्नुहोस् ।

(घ) ङ्न्युङ्ने व्रत बस्ने विधि लेख्नुहोस् ।

### ४. तलको शुभकामनाको नमुना हेरेर आआफ्ना चाडपर्वको नाममा साथीलाई एक शुभकामना पत्र तयार पार्नुहोस् :





### ५. परियोजना कार्य :

साथी र अभिभावकसँग छलफल गरी तलको तालिका भरेर शिक्षकलाई बुझाउनुहोस् :

| क्र. स. | चाडपर्वको नाम | जातजाति | मनाउने समय (महिना/तिथि) | नाच/गीत/बाजाको नाम |
|---|---|---|---|---|
| १. | लाखेजात्रा | | | |
| २. | उभौली र उधौली | | | |
| ३. | तीज | | | |
| ४. | धाननाच | | | |
| ५. | तमुल्होसार | | | |
| ५. | ग्याल्पो ल्होसार | | | |
| ६. | सोनाम ल्होसार | | | |

### ६. घर वा छिमेकमा तपाईं सहभागी हुनुभएको कुनै चाडपर्वको नाम, मनाउने तरिका र तपाईंलाई कस्तो लाग्यो आफ्ना अनुभव लेख्नुहोस् ।

# एकाइ ४ : आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि






**सिकाइ उपलब्धि :**

- आफ्नो पालिकाभित्रका मानिसहरूको मुख्य आयस्रोतका क्षेत्रहरू पहिचान गरी मितव्ययिता र बचत गर्ने उपायहरू बताउन,
- आफनो वडा र पालिकाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायको जानकारी राखी प्रमुख नगदे बालीको सूची बनाउन,
- माटोजन्य रैथाने प्रविधि गमला, मक्कल, घैला, घैटा, मटिया/सोराई, धुपौरो, खुत्रुके, हाँडी) चिन्न र नाम बताउन,
- माटोजन्य रैथाने प्रविधिको महत्त्व र उपादेताय बताउन,
- माटोजन्य रैथाने प्रविधिको अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले आर्थिक समुन्नतिमा पार्ने प्रभावबारे बताउन,

**कार्यघण्टा : २५**

### कविता पढौँ :

## अन्नको महिमा

मेरै खेतमा फल्छ धान, फल्छ मकै पनि ।
कोदो फल्छ, फापर फल्छ, बाँझो बारी खनी ॥

धेरै खालको अन्न दिन्छ, हाम्रै खेतबारीले ।
सिँचाइलाई पानी दिन्छ, जङ्गल रुखघारीले ॥

गहुँ, जौ त किन खोज्ने, अरुहरूको देशमा ।
तोरी, सस्युँ, रायो फल्छ, हाम्रै यही स्वदेशमा ॥

बेँसी झरी तरुल खाउँला, आलु खाउँला लेकमा ।
यस्तै यस्तै अन्न फल्छ, यो पहाडी भेगमा ॥

यी माथिका अन्न खाई, अघाउँछु टन्न ।
त्यसैले भन्छन् सबले, प्राण दाता अन्न ॥

पसिनाले भिजाएको, मेरै पौरख मिठो ।
स्वस्थ छु म व्यस्त हुँ म, काम गर्छु छिटो ॥

## पाठ १ : भोजपुर नगरपालिकाका आर्थिक सम्भावना :

भोजपुर नगरपालिकाभित्र प्रकृति र भूगोलको हिसाबले विविधतायुक्त क्षेत्र समेटिएका छन् । यहाँको भौगोलिक बनावट विविध प्राकृतिक स्रोत र साधनले भरिपूर्ण रहेको छ । यस नगरपालिकाका मानिसहरूले ठाउँअनुसारका कामहरू गरेर पैसा कमाई आयआर्जन गर्न सक्छन् । यस पाठमा ती आर्थिक सम्भावनाका क्षेत्रलाई छोटकरीमा वर्णन गरिएको छ ।

### (क) कृषि :



भोजपुर नगरपालिकामा खेतीयोग्य जग्गाजमिन प्रशस्त रहेका छन् । यहाँ कृषि उत्पादनका प्रचुर सम्भावनाहरू छन् । यहाँ समुद्री सतहबाट न्यूनतम् उचाइ ४४० मि. (सालबिसौनी टक्सार) र अधिकतम् उचाइ २६८० मि. (हेलौँछाको तेर्सेवर्षे र गुप्तेश्वर विचको डाँडा) क्षेत्रभित्र कहीँ सिम, कहीँ हरियाली फाँट, कतै चिस्यान खेतीयोग्य जमिन त कतै खोला खोल्साहरू रहेका छन् ।



भोजपुर नगरपालिका क्षेत्रभित्र मकै, धान, आलु, कोदो आदि प्रमुख खाद्यान्न बाली तथा आलु, टमाटर, रायो, तोरी, अदुवा जस्ता तरकारी बालीहरू साथै अलैँची, अम्लिसो, चिराइतो, सिमखुदो, बोझो, टिमुर आदि जस्ता जडिबुटिजन्य नगदे बालीहरू उत्पादन हुन्छन् । यी कृषि उपजको उत्पादन गरी बिक्रीबाट भोजपुर नगरपालिका बासीले मनग्गे आम्दानी गरिरहेका छन् ।

### (ख) पशुपालन :

चिस्यान भूगोल, घाँसे मैदान र चउर तथा मौसमअनुसारका घाँसपात प्रशस्त पाइने भएकाले भोजपुर नगरपालिकाका सबै वडाहरूमा पशुपन्छी पालनको राम्रो सम्भावना देखिएको छ । लेकाली भेगमा गाइभैँसी, चौँरी, भेडाबाख्रा पालन तथा बेँसी फाँटमा




गाईभैँसी, बाखा, कुखुरापालन, माछापालनाको राम्रो सम्भावना रहेको छ । मुख्य गरी मासु, दूध, नगद तथा मलका लागि पशुपन्छी पालन गरिन्छ । उत्पादित पशुपन्छी बाहिर निकासीपैठारी गर्दा पुँजी आयात हुने र नगरपालिकाका नागरिकको आयआर्जनमा टेवा पुग्ने गरेको छ ।




पशुपालन र अर्गानिक कृषि पेसामा अन्तरसम्बन्ध रहेको छ । पशुपालनबाट बालीनालीका लागि मलखाद पुग्दो हुने भएकाले कृषि पेसाको उत्पादनमा वृद्धि हुने देखिन्छ । अर्गानिक खेती र पशुपालन पेसा बढे दुवै एकैसाथ बढ्ने तथा घटे एकै साथ घट्ने अवस्था हुन्छ । यो दुवै पेसालाई एकैसाथ अघि बढाउन सके कृषकहरूले दोब्बर लाभ लिन सक्षम हुन्छन् ।

**(ग) व्यापार :**

भोजपुर नगरपालिका क्षेत्रभित्र व्यापारिक स्थलहरू पनि छन् । ती क्षेत्रहरूमा मानिसका लागि सबै उपभोग्य वस्तुहरू, निर्माण सामग्री तथा होटल आदिको व्यवसाय सञ्चालन गरी आयआर्जन गर्न सकिन्छ । कार्यालयीय कामका लागि भोजपुर सदरमुकामलगायत टक्सार बजार, दावाँ बजार, बलौटे बजार, भाम्राङ बजार यसैगरी पर्यटकीय स्थलका लागि धापखर्क, सुन्तले बाघखोर, अरुणडाँडा, बाह्रहाँगे मानेडाँडा, गुफाडाँडा, टङटङे डाँडा, कैलाश डाँडा आदि पर्यटकीय सम्भावनाका स्थलहरू रहेका छन् । यी प्रशासनिक, व्यापारिक तथा पर्यटकीय क्षेत्रहरूमा हुने आर्थिक क्रियाकलापले गर्दा भोजपुर नगरबासी र नगरपालिकाको आर्थिक समृद्धिमा सहयोग पुग्ने देखिन्छ ।

### (घ) विद्युत :

भोजपुर नगरपालिका क्षेत्रमा विभिन्न ठुला खोलाहरू बगिरहेका छन् । पिखुवा, अखुवा, याङ्ग्वा, सोऱ्याङ, सेरा जस्ता खोलाहरू बाह्रैमास पानी बगिरहने खोलाहरू हुन् । यी खोलाका पानीलाई व्यवस्थापन गरी जलविद्युत परियोजनाहरू सञ्चालन गर्न सके यस नगरपालिकाको आर्थिक सबलतामा टेवा पुग्ने देखिन्छ । हालसम्म भोजपुर नगरपालिका क्षेत्रमा नै इस्टर्न हाइड्रोपावर (५ मेघावाट) तथा टक्सार पिखुवाखोला हाइड्रोपावर (८ मेघावाट) गरी जम्मा १३ मेघावाट जलविद्युत उत्पादन गरी केन्द्रीय विद्युत प्रशारण लाइनमा जोडिएको छ । अन्य खोलाका पानीलाई पनि त्यहाँका जैविक प्रणाली र कृषि प्रणालीलाई असर नपर्ने गरी जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न सके भोजपुर नगरपालिकाको आर्थिक समृद्धिको ढोका खुल्ने देखिन्छ ।


इस्टर्न हाइड्रोपावर, भोजपुर- ६




भोजपुर नगर क्षेत्रमा रहेका अग्ला र सधैँ हावा चलिरहने स्थानहरूमा हावाबाट विद्युत निकाल्न सकिन्छ । जस्तै सुन्तले डाँडा, बाघखोर, गुफा डाँडा, सिक्रे, चिहान डाँडा जस्ता डाँडाहरूमा निरन्तर वेगसित हावा चलिरहने हुनाले यी डाँडाबाट बिजुली निकाल्न सकिने सम्भावना रहेको छ ।

### (ङ) पर्यटन :

भोजपुर नगरपालिकामा प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका स्थलहरू छन् । जहाँ आगन्तुकहरूलाई


पर्यटकीय स्थल, सुन्तले, भोजपुर- ५

खुशीसाथ आउन र केही दिन बस्न, रमाउन,  राख्न सकिने गरी ती रमणीय स्थलहरूमा पूर्वाधार व्यवस्थापन गर्न आवश्यक छ । ऐतिहासिक महत्त्वका टक्सार बजार, दावाँ बजार, तथा नगर क्षेत्रमा अवस्थित विभिन्न धार्मिक आस्थाका केन्द्रहरू जस्तै सिद्धकाली मन्दिर, शाक्यमुनि बौद्ध विहार, ज्याङछुप छ्योलिङ गुम्बा, हिमालय महायान विश्वशान्ति बौद्ध गुम्बा, हिमालय बौद्ध नाम्दा देछिलिङ्ग, देवा छ्योलिङ्ग, त्रिपुरेश्वर महादेव तिलाहार आदि पर्यटकीय सम्भावनायुक्त स्थानहरू हुन् । त्यस्तै शिक्रेडाँडा, गुफा डाँडा, धापखर्क, सुन्तले बजार, बाघखोर बजार आदि स्थलहरूलाई पूर्वाधारले सम्पन्न बनाउन सके आन्तरिक तथा बाह्य पर्यटकलाई यस क्षेत्रहरूमा भित्र्याउन सक्ने सम्भावना पनि उत्तिकै छ । यो सम्भावनालाई साकार बनाउन सके यस नगरपालिकाको आर्थिक समृद्धिमा सहयोग पुग्ने देखिन्छ ।

## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अलैंची | मासुजन्य |
| कोदो | नगदेबाली |
| लसुन | फलफूल |
| माछा | खाद्यान्न |
| सुन्तला | मसलाजन्य |

### २. तलका वाक्यहरू ठिक भए (√) चिह्न र बेठिक भए (×) लगाउनुहोस् :

(क) भोजपुरका मानिसहरूले कृषिखेतीको काम गरेर आयआर्जन गर्न सक्छन् । (  )

(ख) धान, मकै, फापर, कोदो, गहुँ, जौ नगदे बाली हुन् । (  )

(ग) व्यापारबाट आयआर्जन गर्न सकिँदैन । (  )

(घ) टक्सार बजार भोजपुरको ऐतिहासिक स्थल हो । (  )

(ङ) जलविद्युतबाट नागरिक र सरकार दुवैलाई आयआर्जन हुन्छ । (  )

### ३. माथिको पाठ पढी उत्तर लेख्नुहोस् :

(क) भोजपुर नगरपालिका क्षेत्रभित्र कुन कुन बालीहरू उत्पादन हुने गर्दछन् ?

(ख) भोजपुर नगरपालिकाका कृषकले भोजपुर जिल्लाभन्दा बाहिर बेच्न सक्ने कुनै पाँचवटा नगदे बालीहरूको नाम लेख्नुहोस् ।

(ग) भोजपुर नगरपालिकाका जनताको आयआर्जनका माध्यम केके रहेका छन् ?

(घ) रुद्राक्ष, अलैँची, चिराइतो कस्ता बाली हुन् ?

(ङ) विद्युतबाट हामीले कसरी आयआर्जन गर्न सकिन्छ ?

## ४. साथी र शिक्षकसँग छलफल गरी उत्तर लेख्नुहोस् :

(क) आयआर्जन भनेको के हो ?

(ख) मानिसका लागि आयआर्जनको के महत्त्व छ ?

(ग) भोजपुर नगरपालिकाका मानिसहरूको आयआर्जनका कुनै ८ वटा माध्यमहरू लेख्नुहोस् ।

(घ) पाँच ओटा अन्नबालीको नाम लेख्नुहोस् ।

(ङ) हामी खाद्य तथा नगदे बालीमा निर्भर छौँ, कसरी ?

## परियोजना कार्य :

तपाईंको घरमा कुनकुन स्रोतबाट आयआर्जन हुन्छ ? आफ्ना अभिभावकसँग सोधी लेखेर ल्याउनुहोस् ।

# पाठ २ : मितव्ययिताका उपाय

**चित्र हेरी यसका नाम र फाइदाका बारेमा कक्षामा छलफल गर्नुहोस् :**









## फूलशोभाको खुशीको क्षण



कुनै एउटा गाउँमा फूलशोभा नामकी एकल महिला थिइन् । उनका श्रीमानले उनीहरूका ३ सन्तान भएपछि वैदेशिक रोजगारीका क्रममा विदेशका कारखानामा नै ज्यान गुमाएका थिए । श्रीमानको निधनपश्चात् फूलशोभा बिचल्लीमा परिन् । आफ्ना तिन सन्तान सुमार्ग, सौरभ र सुरेखालाई दुःखका साथ हुर्काउने काममा फूलमायालाई ठुलो चुनौति आइपर्यो ।

फूलशोभा दैनिक ज्यालादारीमा घरेलुदेखि निर्माणका मजदुरसम्मको काम गरेर आफ्ना तिन सन्तानको गाँस, बास, कपास र शिक्षादीक्षाका लागि खर्च जुटाउने गर्दथिन् । सुमार्ग कक्षा ६ मा पढ्न थालेदेखि अलि टाढाको विद्यालय धाएर जानुपर्थ्यो । उसको विद्यालयमा पसल पनि भएकोले आमा फूलशोभाले दिउँसोको खाजा खान प्रायः दस रूपैयाँका दरले पैसा दिने गरेकी थिइन् । सुमार्ग पनि ज्ञानी, अनुशासित र जेहेन्दार विद्यार्थीका रूपमा विद्यालयमा पढिरहेको थियो ।

एक दिनको कुरा हो, सुमार्गले आमाले दिनुभएको खाजा खाने पैसा हरायो । पैसा हराउने क्रम तिन दिनसम्म चलिरह्यो । पैसा हराएकाले आफूले साथीहरूसित खाजा खान नपाउँदा नरमाइलो त लाग्यो नै घर फर्कंर आउँदा बाटामा निकै साह्रो भोक पनि लाग्यो । यो सानो घटनाले सुमार्ग दुःखी भए र उसको मनमा अर्को छुट्टै अनुभूति आयो । सुमार्गले सोच्यो कि हाम्रो जीवनमा चाहिने वस्तु नहुँदा दुःख र समस्या आइपर्ने रहेछ । अब उसले आमाले दिनुहुने खाजा खाने पैसालाई केही जोहो गरेर बचत गर्ने मनमनै विचार गर्यो ।



सुमार्गले कहिले पाँच रूपैयाँको मात्र खाज खायो त कहिले पूरै दस नै बचत गर्न थाल्यो । बचत गरेको पैसा खुत्रुकेमा जम्मा गर्न

थाल्यो । कक्षा १० पढ्दासम्म उसले यो बचत गर्ने काम निरन्तर गरिरह्यो ।

सुमार्गले एसइइ उत्तीर्ण गर्यो । उसले राम्रै जिपिए पनि ल्यायो । उसले आमासित सल्लाह मागेर गाउँको अलि टाढाको अर्को विद्यालयमा कक्षा ११ मा व्यावस्थापन विषय पढ्ने निधो गर्यो । अबको पढाइ अघि बढाउन पैसाको अभाव थियो । नाम लेख्ने र कापीकलम तथा पोसाक किनिदिन फूलशोभालाई कठिन पर्यो । सरसापट गर्न पनि गाउँ टोलमा फूलमायालाई ऋण पत्याउने उति सजिलै मान्छे थिएनन् । पहिलो सन्तानकै शिक्षा खर्चको अभावमा रोक्नुपर्ने बाध्यताले फूलमाया हुनसम्म दु:खी भइन् ।

तत्काललाई नाम लेखाउने, कापीकलम र पोसाक किन्ने मात्र समस्या भएकाले सुमार्गले आफूले बचत गर्ने गरेको खुत्रुके फोर्‍यो । खुत्रुकेमा झन्डै ५,००० रूपैयाँ जति पैसा जम्मा भएको रहेछ । यो बचतको चलन सुमार्गले भाइ सौरभलाई पनि सिकाएको रहेछ । दाजुको पढाइका लागि सौरभले पनि खुत्रुकेमा जम्मा भएको पैसा दिने भयो । सौरभको खुत्रुकेमा २,००० रूपैयाँ जति रहेछ । यी दुवै दाजुभाइले जम्मा गरेको पैसाले सुमार्गको कक्षा ११ को पढाइमा लाग्ने भर्ना शुल्क र पोसाक तथा कापीकलमको तिर्न पुग्ने भयो । सुमार्ग पढाइका लागि नयाँ विद्यालय भर्ना भए । पछिल्लो विद्यालयमा सुमार्ग जस्ता विद्यार्थीका लागि प्रशस्त छात्रवृत्ति रहेकाले पढाइका लागि कुनै शुल्क तिर्न परेन, बरु कक्षाका सबै परीक्षामा प्रथम भएकै कारण उसले थप पैसा पनि छात्रवृत्तिकै रूपमा पाए । भाइ र बहिनीको पढाइ खर्च जोहो गर्न पनि आमालाई सहज भयो ।

सुमार्गले विद्यालयकै परीक्षार्थीहरूमध्ये सर्वोत्कृष्ट जिपिएसहित कक्षा १२ उत्तीर्ण गर्‍यो । उसले सरकारी बैङ्कको लेखा सहायकको पदमा रोजगारी पनि पायो । उनले मासिक रूपमा पाउने तलब भाइबहिनीको पढाइमा लाग्ने खर्चका लागि बचत गर्न थालेका छन् । आफूले भन्दा राम्रो सुविधाका साथ पढाउने सुमार्गको मनसायले उनले पहिलादेखि नै बचतको बानीलाई निरन्तर अघि बढाएका छन् । फूलमाया पनि पाकी हुँदै गएकी र आर्थिक जोहो गर्नमा जेठो छोरोले पालो दिएकाले हाँसीखुशी घरकै कामव्यवहारमा

लागेकी छन् । सन्तानको पालनपोषणका लागि उमेरमा ज्यामी काम गर्दा पाएको दुःखलाई फूलमायाले विस्तारै भुल्न थालेकी छिन् ।

## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मितव्ययिता | अड्को |
| समस्या | मजदुरी |
| बचत | जोरजाम गर्ने काम, जतन गर्ने काम |
| ज्यालादारी | बचाउका निम्ति सुरक्षित गरिएको |
| जोहो | फारो |

### २. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए(×) चिह्न लगाउनुहोस् :

(क) एकल महिला भए पनि फूलमायाको जीवनमा आर्थिक अवस्था राम्रो थियो । (   )

(ख) अभावको अनुभवले गर्दा सुमार्गले मितव्ययितासम्बन्धी ज्ञान पायो । ( )

(ग) अभावको सङ्कट टार्न कुनै जोहो जतन नगरे पनि हुन्छ ।  ( )

(घ) खाजा खान आमाबाट पाएको पैसा सुमार्गले बचत गर्न थालेको थियो ।( )

(ङ) फूलमायाले दुःखबाट मुक्ति पाउनमा बचत र मितव्ययिताको कुनै भूमिका छैन । (   )

### ३. कथा पढी उत्तर लेख्नुहोस् :

(क) फूलमाया बिचल्लीमा पर्नाको कारण के थियो ?

(ख) सुमार्गले खाजा खाने पैसा हराएको दिनदेखि कस्तो शिक्षा पाए ?

(ग) सुमार्गलाई कक्षा ११ र १२ पढ्दा तल्ला कक्षाहरूमा जति समस्या परेन, किन ?

(घ) मितव्ययिता भनेको के हो ?

(ङ) बचत कसरी गर्न सकिन्छ  ?

## ४. साथी र शिक्षकसँग छलफल गरी उत्तर लेख्नुहोस् :

(क) मितव्ययिताको कुनै तीन फाइदाहरू लेख्नुहोस् ।

(ख) मानव जीवनमा बचतको के महत्त्व छ ?

(ग) नियमित बचत गर्नाले भविष्यमा हुने कुनै चारओटा फाइदाहरू लेख्नुहोस् ।

(घ) तपाईंको घरमा मितव्ययितासम्बन्धी गरिने कुनै पाँचओटा कार्यहरू लेख्नुहोस् ?

## परियोजना कार्य :

(क) अभिभावकको सहयोगमा तपाईंको घरको भान्सामा मितव्ययिता अपनाउने उपायहरू लेखेर ल्याउनुहोस् ।

(ख) तपाईंको अभिभावकले कुनै बैङ्क, सहकारी तथा बीमा कम्पनीमा नगद जम्मा गर्ने गर्नुभएको छ ? उहाँहरूसँग नगद जम्मा गर्नुको फाइदा सोधेर लेख्नुहोस् र कक्षामा शिक्षक र साथीहरूलाई सुनाउनुहोस् ।

## पाठ ३ : हामीले अपनाएका पेसा व्यवसाय

हामीले जीविकोपार्जनका लागि कुनै काम गर्नुपर्ने हुन्छ । हामीभित्र भएको रुचि, सिप र क्षमताका आधारमा पेसा वा व्यावसाय अपनाएका हुन्छौँ । पेसा र व्यवसायबाट नै हामीले हाम्रा लागि आवश्यक पर्ने वस्तु तथा नगद पाउनसक्छौँ । व्यवसायले हामीलाई समयको उपयोग, शारीरिक र मानसिक व्यायाम तथा आशावादी जीवन जिउन सिकाएको हुन्छ । व्यवसायले समाजमा आपसी सहयोग र सिपको आदानप्रदान तथा सद्भावको विकासमा पनि सहयोग गरेको हुन्छ ।

हामीले स्थान र सम्भावना हेरेर फरक स्थानमा फरक पेसा, व्यावसाय अपनाउने गर्दछौँ । फराकिलो जमिन, मलिलो र भिजाउन सकिने माटो भएको स्थानमा कृषिकार्य गर्ने गर्दछौँ । त्यहाँको हावापानी, तापक्रम, उत्पादनको स्थिति हेरेर पनि कृषिकार्यमा लागेका हुन्छौँ । कृषिकार्यमा आधुनिक प्रविधिलाई जोड्न सकियो भने यसबाट झनै फाइदा लिन सकिन्छ । कृषिबाट नै खाद्यान्न र खाद्यबाली तथा नगदेबाली उत्पादन गर्न सकिन्छ । पशुपालन, मत्स्यपालन तथा पन्छीपालनबाट पनि भोजपुर नगरपालिका भित्रका जनताले जीवन चलाइरहेका छन् । त्यसबाट नै हामी आत्मनिर्भर बन्न सक्छौँ । मनग्य आयआर्जन पनि गर्न सक्छौँ ।





हामीले पेसा र व्यवसायका रुमपा व्यापार गर्न पनि सकिन्छ । हामी जस्तै मानिसहरूलाई आवश्यक पर्ने दैनिक उपभोगका वस्तुहरू, निर्माणका सामानहरू, कृषिका वस्तुहरू, सिलाइकटाइ, सूचनाप्रविधिका साधनहरू, होटल तथा पर्यटनका सेवा सुविधा आदि उपलब्ध गराउन सकिन्छ । ती क्षेत्रहरूमा सेवा उपलब्ध गराएबापत हामीले नाफाका रूपमा निश्चित रकम आर्जन गर्न सकिन्छ ।

स्वदेशमा रहेर निजी तथा सरकारी क्षेत्रमा जनतालाई सेवा उपलब्ध गराउने काममा पनि रोजगार गर्न सकिन्छ । नोकरीका रूपमा गरिने यो पेसा निश्चित योग्यता र सिपमा आधारित हुने भएकाले व्यवस्थित र मर्यादित पनि मानिन्छ । शिक्षक, कर्मचारी, बैङ्कर्स, परिचालक, व्यवस्थापक,



सुपरिवेक्षक आदि यस पेसाका क्षेत्रहरू हुन् । यस क्षेत्रमा लागेका मानिसहरू पनि व्यावसायिक बनेका छन् ।

वैदेशिक रोजगार पनि भोजपुर नगरपालिकाका जनताको एक जिविकोपार्जनका लागि पेसा बनेको छ । विदेशमा रोजागारी प्राप्त गरी त्यसबाट आएको पैसाबाट यहाँका धेरै जनताले परिवारका सबै आवश्यकता पूरा गरिरहेका छन् । विभिन्न राष्ट्रका लागि चाहिने जनशक्ति र त्यस जनशक्तिमा चाहिने सिप र दक्षता हासिल गरेर ती राष्ट्रहरूमा गएका नेपालीले आर्थिक आयआर्जन गरिरहेका छन् । त्यसकारण वैदेशिक रोजगारी पनि भोजपुर नगरपालिकाका जनताले अपनाइरहेको पेसा, व्यवसायको रूपमा लिइएको छ ।



ढुङ्गा, माटो तथा काठसम्बन्धी सिपको काम गर्ने डकर्मी, सिकर्मी पेसामा पनि यस पालिकाका बासिन्दा रमाइरहेका छन् । चलनचल्तीका घर बनाउने, काष्ठकलामा आफूमा भएको सिप प्रयोग गर्ने जस्ता काम, बाँसजन्य स्थानीय वस्तुहरू निर्माण गर्ने सिप र प्रविधिले पनि यस क्षेत्रका बासिन्दाले राम्रोसँग आम्दानी गरिरहेका छन् ।

यसरी विभिन्न पेसा र व्यवसाय गरेर भोजपुर नगरपालिकाका जनताले आयआर्जन गरी जिविकोपार्जन गरिरहेका छन् । स्थानीय रैथाने प्रविधि तथा स्वरोजगारीको प्रशस्त

सम्भावना रहेको यस पालिकामा स्थानीय पेसा र व्यवसायको प्रचुर सम्भावना रहेको देखिन्छ ।

## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| व्यवसाय | कमाइ |
| आयआर्जन | चोयाको डोको बुन्ने काम |
| सिप | प्रबन्धक |
| व्यवस्थापक | उद्यम |
| रैथाने प्रविधि | कला |

### २. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए(×) चिह्न लगाउनुहोस् :

(क) हामीले जीविकोपार्जनका लागि कुनै काम गर्नुपर्ने हुन्छ ।(  )

(ख) व्यवसायको सुरुआत गर्न स्थान र सम्भावना अध्ययन नभए पनि हुन्छ ।( )

(ग) नोकरी गर्नका लागि निश्चित योग्यता र सिपको आवश्यकता पर्दछ । ( )

(घ) कृषि पेसाबाट खाद्यबाली र नगदेबाली प्राप्त हुन्छ ।(  )

(ङ) कुनै पेसा नअपनाए पनि हाम्रो जीवन निर्वाह हुन्छ । (  )

### ३. पाठ पढी उत्तर लेख्नुहोस् :

(क) पेसा भन्नाले के बुझ्नुहुन्छ ?

(ख) नोकरीका रूपमा लिइने पेसा कुन कुन हुन् ?

(ग) कृषि पेसाको आधुनिकीकरण भनेको के हो ?

(घ) व्यापारभित्र कुनकुन प्रकारका कामहरू पर्दछन् ?

(ङ) ढुङ्गामाटोसम्बन्धी काम गर्ने पेसालाई के नाम दिइएको छ ?

### ४. साथी र शिक्षकसँग छलफल गरी उत्तर लेख्नुहोस् :

(क) भोजपुर नगरपालिकाका बासिन्दाले अपनाएका कुनै ७ ओटा पेसाहरू लेख्नुहोस् ।

(ख) तपाईंको परिवारले कुनकुन पेसा तथा व्यवसाय अपनाएको छ ? अभिभावकलाई सोधेर लेख्नुहोस् ।

(ग) तपाईंलाई मनपर्ने कुनै पाँचओटा पेसा तथा व्यवसायको नाम लेख्नुहोस् ?

(घ) तपाईंका छरछिमेकीले गरिरहेका कुनै ५ वटा पेसाहरूको सूचि बनाउनुहोस् ।

### परियोजना कार्य :

(क) तपाईंका घरमा आमा, बुवा तथा दाजु दिदीले पेसाव्यवसाय गर्नुहुन्छ ? घरमा अभिभावकालाई सोधी लेखेर ल्याउनुहोस् ।

(ख) सिप र व्यवयासका बिचमा के कस्तो सम्बन्ध रहेको हुन्छ ? कक्षामा शिक्षकलाई सोधेर दुई अनुच्छेदमा लेख्नुहोस् ।

## पाठ ४ : भोजपुर नगरपालिकाभित्र उत्पादन हुने प्रमुख नगदे बाली

जमिनमा कृषि प्रणालीबाट उत्पादन हुने चिजबिजहरू नै बाली हुन् । ती बालीहरू खान र बिक्री गरी रूपैयाँपैसा वा नगद प्राप्त गर्न उत्पादन गर्ने गरिन्छ । भोजपुर नगरपालिकाकोमा माटोको उर्वरता, भूगोलको उचाइ तथा हावापानीअनुसार विभिन्न बालीहरू उत्पादन हुन्छन् । ती बालीहरूबाट भोजपुरे जनताले आफ्नो जीविकोपार्जन गरिरहेका छन् । भोजपुर नगरपालिका क्षेत्रभित्र उत्पादन गरिने प्रमुख नगदेबालीहरू यस प्रकार छन् :

### १. अकबरे खुर्सानी :



अकबरे खुर्सानी भोजपुर नगरपालिकाका कृषकहरूले प्रशस्त मात्रमा उत्पादन गरिरहेको नगदेबाली हो । यो बाली समुद्री सतहबाट १४०० देखि १९०० मिटरको उचाइमा भएको घमाइलो, पानी नजम्ने जमिनमा फल्ने बर्षे बाली भएकोले यसको खेतीमा व्यावसायिक सम्भावना राम्रो छ । दिनमा २४ डिग्रीदेखि ३५ डिग्री सेन्टिग्रेडको तापक्रम तथा रातमा १५ डिग्रीदेखि २० डिग्री सेन्टिग्रेड सम्मको तापक्रम रहने क्षेत्र अकबरे खेतीका लागि उपयुक्त मानिन्छ ।



यस नगरपालिकाको धेरै भूभागहरू अकबरेका लागि उचाइ, तापक्रम र जमिन उपयुक्त रहेकाले यो खेतीको सम्भावना राम्रो रहेको छ । बोखिम, टक्सार, भैँसीपङ्खा, दावाँ, हेलौँछा, आम्तेक, सिबुखाम, डाँडाबोखिम आदि ठाउँहरूमा अकबरेको खेती कृषकहरूले दिनानुदिन बढाइरहेका छन् । अकबरे खुर्सानीको स्थानीय बजार भाउ सरदर रु. १५० प्रतिकिलो

रहने भएकाले यस खेतीमा बिउ, मल, ज्यामी र जग्गाको भाडा कटाएर पनि राम्रोसँग फाइदा लिन सकिन्छ ।

**२. टमाटर :**



भोजपुर नगरपालिका क्षेत्रमा उत्पादनको राम्रो सम्भावना भएको नगदेबालीमा टमाटर पर्दछ । घमाइलो तथा पारिलो क्षेत्रका ओसिलो तथा सुक्खा दुवै खालको माटोमा टमाटर उत्पादन गर्न सकिन्छ । यो बालीका लागि बर्षा र तुषारो भने उपयुक्त हुँदैन । त्यसैले यस बालीका लागि टनेल प्रयोग उपयुक्त मानिन्छ । टमाटर बाली ४०० मिटरदेखि १३०० मिटरको उचाइमा राम्ररी फस्टाउने बाली हो । टमाटर खेती २४ डिग्रीदेखि ३८ डिग्री सेन्टिग्रेडको तापक्रममा राम्ररी फल्ने कृषिविज्ञको भनाइ छ ।

टमाटरको बिउ र बेर्ना उत्पादनका लागि प्राङ्गारिक मल उपयुक्त हुन्छ । विषादिको रूपमा स्थानीय जडिबुटिकै प्रयोग गरी यस खेतीलाई अर्गानिक बनाउन पनि सकिन्छ । आधुनिक प्रविधियुक्त बनाउन सके यस खेतीले थप फाइदा दिन्छ । यो खेती कृषकको आयआर्जनको भरपर्दो माध्यम बनेको छ । हाल टमाटर खेती भोजपुर नगरपालिका वडा नं. १२ को पैयाँपानी र पारपानीलगायत अन्य स्थानहरूमा पनि आधुनिक व्यावसायिक खेती हनु भइरहेको छ ।

**३. अलैँची खेती**



अलैँचीलाई कालो सुन तथा खोल्से बालीको उपनामले पनि चिनाउने गरिन्छ । कृषिविज्ञहरूले यसलाई जल खेतीको वर्गमा वर्गीकृत गर्ने गरेका छन् । यो समुद्री सतहको ७०० देखि १९००

मिटरको उचाइसम्म उत्पादन गर्न सकिने नगदे बाली हो । यो बाली मैदानभन्दा पनि दम्साइलो तथा भिरालो भूभागको चिस्यान बलौटे माटो भएका जग्गामा राम्रोसँग फस्टाउने बाली हो । खोला, खोल्साको आसपासमा यो खेती गर्न सकिने भएकाले खेर गइरहेको भिरपाखालाई सदुपयोग गरी यो खेती गर्न सकिन्छ ।

गोलसाही, डम्बरसाही, रामसाही, चिवेसाही तथा जिर्मले नामले चिनिँने प्रजातिका अलैँची भोजपुर नगरपालिका क्षेत्रभित्रका अलैँची कृषकहरूले उत्पादन गरिरहेका छन् । गोलसाही र डम्बर साही न्यानो हावापानी भएको पनौटो जग्गामा फल्ने हुनाले यो पहाडको बेँसीतिर खेती गर्ने गरिन्छ । कृषकहरूले भोजपुर नगरपालिकाको मरुवा बेँसी, नाकाम बेँसी, हेलौँछा तथा आम्तेकका बेँसी भूभागमा यस जातको खेती गरिरहेका छन् । रामसाही जातको अलैँची १३०० मिटरभन्दा माथिको हावापानीमा फलाउन सकिन्छ । दावाँको गुप्तेश्वर र माद्रे, भैँसीपङ्खाको नरपायाँ, डाँडाखर्क, खुरिला, हेलौँछाको टाँढे, शिवुखाम, बेतिनी, आम्तेकको भोगटेनी आदि ठाउँहरूमा यो जातको अलैँची प्रशस्त उत्पादन हुने गरेको छ ।



चिवेसाही जातको अलैँची १७०० मिटरभन्दा उचाइसम्म फल्ने भएकोले यस जातको अलैँची पनि यस नगरपालिका क्षेत्रभित्र उत्पादन भइरहेको छ । चिवेसाही अलि सानो दाना भए पनि बाक्लो फल्ने भएकाले यसबाट अलि धेरै उत्पादन लिन सकिने जातको अलैँची हो । बोखिमको माथिल्लो क्षेत्र ढुङ्गे, हेलौँछाको सोलाखाम, छोक्ला भैँसीपङ्खाका माथिल्लो क्षेत्र खुरिला आदि स्थानहरूमा यो जातको अलैँची फलाउने गरिएको छ । जिर्मले जातको अलैँची भने अलि सुक्खामा पनि फल्ने अलैँची भएकाले सिँचाइ सुविधा कम भएका क्षेत्रमा पनि यो जातको अलैँची फलाउन सकिन्छ ।

### ४.सुन्तला खेती :



नेपालमा सुन्तला ४२ जिल्लामा व्यावसायिक खेती भइरहेको छ । त्यसमध्ये भोजपुर जिल्ला पनि एक हो । सुन्तलालाई नेपालमा २०८० साल चैत ३० गते नेपाल सरकारबाट राष्ट्रिय फल घोषणा गरिएको छ । सुन्तला नेपालको मध्यपहाडी भूभागमा फल्ने जातका मौसमी फल हो । सुन्तला पाकिसकेपछि बोटैमा र भण्डारण गरेर हप्तौँसम्म साँचेर खान सकिने भएकोले पनि यो फल सबैको रोजाइमा परेको छ । सुन्तला ९०० मिटरदेखि १५०० मिटरसम्मको उचाइमा फल्ने कृषिविज्ञहरूको भनाइ छ । यो फलका लागि हलुका पाँगो मलिलो माटोको आवश्यक पर्ने र बिरुवाका लागि हिउँद महिनामा थोरैथोरै सिँचाइको आवश्यकता पनि पर्दछ । सुन्तला खेतीका लागि हावापानी र तापक्रम तथा माटोको उपयुक्तता नै प्रमुख मानिन्छ ।



भोजपुर नगरपालिकामा सुन्तला खेतीका लागि उपयुक्त हावापानी र जमिन भएको ठाउँहरू प्रशस्त छन् । ती ठाउँहरूमा अहिले प्रशस्त निर्यात गर्न सकिने सुन्तलाहरू उत्पादन भइरहेको छ । नयाँनयाँ बगैँचाहरू पनि वृद्धि भइरहेका छन् । सिद्धेश्वर, गुप्तेश्वर बोखिम, दाम्सिङ, डाँडाबोखिम, आम्तेक जस्ता स्थानहरूमा सुन्तलाको खेती भइरहेको छ । पोखरे, भैँसीपङ्खा, हेलौँछाका विभिन्न ठाउँहरूमा सुन्तला खेतीका बगानहरू थपिरहेको पाउन सकिन्छ । सरदर प्रति केजी १२० रूपैयाँसम्म बिक्रीदर रहेको सुन्तला भोजपुरमा सडक यातायातको सुविधा बढेसँगै कृषकहरू सुन्तला खेतीबाट राम्रो नगद पाउन सफल भइरहेका छन् ।

### ५. प्याज खेती :



सामान्यतया हाम्रो भान्सामा नियमति प्रयोग हुने तरकारीको मसला हो प्याज । प्याज तराइ तथा पहाडका बेँशी भूभागमा फलाउन सकिने मसलाजन्य तरकारी बालीको रूपमा लिने गरिन्छ । यसको खेती गर्न १५ देखि ३५ डिग्री सेल्सियस  तापक्रमलाई उपयुक्त हुने मानिन्छ । नेपाली खानाका सबै खालको परिकारमा प्याजको प्रयोग हुने गर्दछ । स्वाद र पौष्टिक तत्त्वको आधारले हेर्दा पनि प्याज हाम्रो दैनिक खानामा अनिवार्य मानिन्छ । प्याजका लागि मलिलो र हिँउदमा सामान्य सिँचाइ पुग्ने बलौटे तथा पाँगो माटोमा राम्ररी उत्पादन हुने बाली हो ।

प्याज भोजपुर नगरिपालिकाको टक्सार, आम्तेक, बोखिम, दावाँ, भैंसीपङ्खा, डाँडाबोखिम, हेलैंछाका तल्ला क्षेत्रहरूमा उत्पादन भइरहेको बाली हो । बिक्रीका लागि बजार, बजार व्यवस्थापन र मूल्यको स्थिर दर कायम हुन सके प्याज खेतीको सम्भावना अति नै राम्रो रहेको देखिन्छ । स्थानीय अर्गानिक प्याज उत्पादन गरेर यहाँबाट निर्यात गर्न सके कृषकले प्रशस्त आयआर्जन गर्नसक्ने अवस्था पनि रहेको छ ।

### ६. किबि खेती :



किबि एक प्रकारको स्वादिष्ट फल हो । यो चिनको ताइवान प्रान्तमा विकास भएर न्युजिल्याण्ड र अमेरिकाको क्यालिफोर्नियामा व्यावसायिक उत्पादन सुरु गरिएको फल हो । यो समुद्री सतहदेखि १००० मिटरदेखि २४०० मिटरको उचाइ भएको पहाडी भू-भागमा उत्पादन हुने फल हो । विशेष गरेर यो मिठो स्वाद र स्वास्थ्यलाई फाइदा गर्ने किसिमको फल हो । नेपालमा नयाँ फलको रुपमा भित्रिएको यस फलको खेतीतर्फ धेरै कृषकहरू आकर्षित भएका छन् ।

भोजपुर नगरपालिका क्षेत्रभित्रको बोखिम, मान्द्रे, भैँसीपङ्खा, आम्तेक र हेलौँछाका माथिल्ला भागहरूमा किवि खेती फैलिरहेको छ । सरदरमा किवि प्रतिकिलो १५० सम्म बिक्री हुने भएकाले यसबाट कृषकहरूले उचित मूल्य पाइरहेका छन् ।

## अभ्यास

### १ . जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सुन्तला | नगदे बाली |
| अलैँची | राष्ट्रिय फल |
| प्याज | उच्च पहाडी भेगमा फल्ने फल |
| किवि | होँचो बोटमा फल्न मसला जातको तरकारी |
| अकबरे खुर्सानी | मसलाजन्य तरकारी |

### २. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए(×) चिह्न लगाउनुहोस् :

(क) अकबरे खुर्सानी खेती भोजपुर नगरपालिकाको बोखिम, टक्सार, दावाँ, हेलौँछामा भैरहेको छ ।( )

(ख). किवि फल नेपालमा नै खोजी गरी फलाउन सुरु गरिएको मौलिक फल हो ।( )

(ग) प्याज खेतीका लागि १५ देखि ३५ डिग्री सेल्सियस तापक्रमसहितको हावापानी उपयुक्त मानिन्छ । ( )

(घ) रामसाही जातको अलैँची भोजपुर नगरपालिकाको १३०० मिटरको उचाइदेखि माथिको स्थानमा खेती गर्ने गरिन्छ ।()

(ङ) सुन्तला नेपालको राष्ट्रिय फल हो । ( )

### ३. पाठ पढी उत्तर लेख्नुहोस्

(क) सुन्तला खेती अरु फलफूल खेतीभन्दा कृषकका रोजाइमा परेको छ, किन ?

(ख) अकबरे खुर्सानी खेतीबाट नगदआर्जन गर्न सकिन्छ , कसरी ?

(ग) अलैँची खेती भोजपुर नगरपालिकाको कुनकुन स्थानमा भइरेहको छ ?

(घ) प्याज खेतीबाट हुने कुनै तिनओटा फाइदाहरू लेख्नुहोस् ।

(ङ) किबि खेतीमा कृषकहरू किन आकर्षित भइरहेका छन् ?

### ४. साथी र शिक्षकसँग छलफल गरी उत्तर लेख्नुहोस् :

(क) भोजपुर नगरपालिकाका बासिन्दाले उत्पादन गर्ने कुनै चारओटा खाद्यबालीहरूको नाम लेख्नुहोस् ।

(ख) तपाईंको घरमा उत्पादन हुने कुनै पाँचओटा नगदेबालीहरूको नाम अभिभावकलाई सोधेर लेख्नुहोस् ।

(ग) खाद्यबाली र नगदेबालीका बिचमा रहेका दुईओटा भिन्नता लेख्नुहोस् ।

(घ) तपाईंका छरछिमेकीले खेती गरिरहेका कुनै ५ ओटा फलफूलहरूको नामको सूची बनाउनुहोस् ।

### परियोजना कार्य :

अभिभावकको सहयोगमा तपाईंका वडाको कुनै एउटा तरकारी खेतीको फर्मको अवलोकन गरेर सञ्चालकसँग सोधिखोजी गरी त्यहाँ उत्पादन भइरहेका तरकारीहरूको नाम, खेती गर्ने तरिका र तरकारीका उपयोगका बारेमा एक अनुच्छेद लेखी कक्षामा सुनाउनुहोस् ।

# पाठ ५ : माटाबाट भाँडाकुँडा बनाउने चलन



माटाका भाँडा बनाउँदै



खुत्रुके



घैला



धुपौरो



हाँडी



घ्याम्पा



छुब्बु




गाग्रो

## गीत गाऔँ

सभ्यताको बिहानीमा गरिखाने बाटो थियो ।
अन्न फल्ने जमिन अनि भाँडाकुँडालाई माटो थियो ॥

पानी भर्न घैला बन्थ्यो, चक्रमाथि घुमाई घुमाई,
घामका तापमा सुकाइकन, दह्रा बन्थे भट्टी लगाई,
हिटर जस्तो मक्कलमा, छेउमा आगो तापी बस्न,
बनाउन जाँगर थियो, तयार हुन्थ्यौँ कम्मर कस्न ॥

सिप, कला, सुन्दरताको छुट्टै अर्को पाटो थियो ।
फूल फुलाउने गमला बनाउन, लेसाइलो माटो थियो ॥

धुप लगायौँ धुपौरामा, माटोबाटै बनाएर ।
खुत्रुकेमा पैसा छिराई, राखीराख्छौँ बचाएर ॥
फूल उठ्यो हण्डीभित्र, मकै अनि जुनेलाको ।
सिप, कौशल, मेहनतका, संस्कार हुन् ऊबेलाको ॥

कति राम्रो शील्प धातु, प्लाष्टिकको साटो थियो ।
खाने, पिउने, चलाउने, औजार बनाउने माटो थियो ॥

## पाठ पढौँ :

मानव सभ्यताको विकाससँगै नयाँनयाँ सिपको विकास हुँदै आयो । पहिलेपहिले मानिसले खानेकुरा आगोमा पोलेर रुखका पातमा राखेर खाने गर्दथे । पछि आएर पातबाट पतरी बनाउन सिके । पतरी शब्द विपऱ्यास भएर तपरी भयो । तपरी शब्द अपभ्रंश हुँदै जाँदा टपरी भयो । टपरी पातबाटै गाँसेर चलाउने मौलिक चलन आज पनि छँदैछ । हाम्रा पुर्वजहरूको खोज कार्यको विकासले भाँडाकुँडा बनाउनेसिप खोज्दै जाँदा माटोको भाँडाकुँडाहरू बनाउन सकिने प्रविधिको विकास भयो । नेपालको विभिन्न ठाउँमा माटाका भाँडाकुँडा बनाउने रैथाने सिप तथा प्रविधिको विस्तार हुनपुग्यो ।

## माटोबाट भाँडाकुँडा बनाउने रैथाने प्रविधि


माटोको भाँडा बनाउने तेलुपढुङ्गा(चक्र)

माटोबाट भाँडाकुँडा बनाउन सर्वप्रथम त लेसाइलो खालको माटो खोजेर ल्याई धुलो बनाइन्छ । धुलो माटोलाई पानीमा भिजाएपछि मुछेर भाँडाकुँडा बनाउन सकिने गरी  लस्सादार बनाइन्छ । त्यो लस्सादार माटोलाई तेपुलढुङ्गा(चक्र)मा राखेर घुमाइन्छ । कस्तो आकारप्रकारको भाँडा चाहिएको हो, हातले आकार मिलाउँदै जानुपर्छ । भाँडाहरूको वरिपरिका पाता र पातासँगै भाँडाहरूको बिट मिलाइन्छ । भाँडाको पिँध भने अर्को काठको फ्रेममा राखेर आकार मिलाइन्छ र गाँसेर पूर्ण आकारको बनाइन्छ ।


माटाका भाँडा आवश्यकताअनुसार पातलो वा बाक्लो बनाउने सामग्री दाढुङ्गो

माटोबाट भाँडाको आकार बनिसकेपछि फन्ना(मुङ्ग्रो)ले तुवाढुङ्गा र दाढुङ्गाको सहयोगमा आवश्यकताअनुसारका भाँडाको बाक्लो र पातलो अवस्था मिलाउने काम गरिन्छ । यसपछि शिखा (चिल्याउने ढुङ्गा) र पाङ्ग्रा (जङ्गलमा पाइने

एक प्रकारको लहरामा फल्ने चिल्लो प्रकारको चेप्टो दाना) प्रयोग गरी बनेको भाँडालाई चिल्याउने काम गरिन्छ । माटोको भाँडावर्तन बनाउने काम सकिएपछि सुकाउने काम हुन्छ । माटोबाट बनिसकेका भाँडाहरूलाई एकदिनभरि घाममा सुकाइसकेपछि आगोको भट्टीमा लगाएर दुई दिनको समय पोलिन्छ र फिक्का रातो रङको भएपछि भट्टीबाट निकालेर भण्डारण गरिन्छ । त्यसपछि प्रयोगमा ल्याइन्छ ।



माटाका भाँडा आवश्यकताअनुसार पातलो वा बाक्लो बनाउने सामग्री तुवाढुङ्गा



माटोको भाँडा बनाउँदा आवश्यक ठाउँमा प्वाल बनाउँने सामग्री चिलिङमुसा

माटोजन्य भाँडाहरूको प्रयोग स्वास्थ्यका लागि स्वस्थकर हुने मान्यता रही आएको छ । विगत र वर्तमान पनि माटोजन्य भाँडाकुँडाको माग र खोजी भइरहेको छ । यहाँबाट उत्पादित माटाका भाँडाकुँडा भोजपुरका स्थानीय बजारलगायत अन्य बजारमा पनि माग बढिरहेको छ । भोजपुर नगरपालिका क्षेत्रभित्र अहिलेसम्म पनि वडा नं. ४सिद्धेश्वर दावाँलगायतका विभिन्न टोलहरूमा माटाबाट भाँडा बनाउने प्रविधि जिवित रहिआएको छ । धातु तथा प्लाष्टिकजन्य सामानहरूको आयातले गर्दा युवा पुस्ताले माटोबाट भाँडाकुँडा बनाउने सिप सिकाउने चुनौति आएको छ । भाँडाकुँडा बनाउने यो हाम्रो मौलिक सिपलाई स्थानीय स्तर तथा सरकार दुवैको तहबाट संरक्षण संवर्द्धनको खाँचो रहेको छ ।



माटोका भाँडा चिल्याउने सामग्री पाङ्ग्रा

## अभ्यास

### १. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :

(क) पहिलेपहिले रुखका पातमा राखेर खाना तथा खाजा खाने चलन थियो । (  )

(ख) माटोबाट भाँडाकुँडा बनाउँदा सबभन्दा पहिला भट्टीमा सुकाइन्छ ।(  )

(ग) माटोबाट भाँडा बनाउनका लागि लेसाइलो माटोको आवश्यकता पर्दछ ।(  )

(घ) जनस्तर र सरकारी तहबाट माटोजन्य भाँडा बनाउनेसम्बन्धी सिपको संरक्षण गर्न आवश्यक छ ।(    )

## २. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| टपरी | धुप बाल्ने भाँडो |
| लेसाइलो | माटाको भाँडा बनाउन चाहिने एक सामग्री |
| चिलिङमुसा | मझौला आकारको माटाको भाँडा |
| हण्डी | लस्सा भएको |
| धुपौरो | रुखका ठुला पातहरूबाट बनाइएको थाल आकारको भाँडो |

## ३. पाठ पढी उत्तर लेख्नुहोस् :

(क) पहिले पहिलेका मानिसहरूले खाना केमा राखेर खाने गरेका थिए ?

(ख) माटोबाट भाँडाकुँडा बनाउँदा आवश्यक पर्ने सामग्रीको नाम लेख्नुहोस् ?

(ग) माटाका भाँडा बनाउँदा चिल्लो बनाउने सामग्रीलाई के भनिन्छ ?

(घ) माटाका भाँडा बनाइसके पछि किन आगाको भट्टीमा सुकाउनुपर्दछ ?

(ङ) तपाईंको घरमा प्रयोग भइरहेको माटाका भाँडाहरू छन् कि छैनन् ? यदि छन् भने नाम लेखेर कक्षामा ती सामानका बारेमा सुनाउनुहोस् ।

## परियोजना कार्य:

(१) तपाईंका घरमा वा छिमेकमा माटाका भाँडाहरू छन् ? ती सामान कहाँ कसरी बन्छन् ? अभिभावकलाई सोधेर लेख्नुहोस् र कक्षामा साथीहरूलाई पनि भन्नुहोस् ।

(२) माटाको भाँडा र भाँडाकुँडा बनाउने सिप विकास र प्रवर्द्धनका लागि स्थानीय सरकारले गर्नसक्ने सहयोग केके हुन सक्छन् ? शिक्षकको सहयोगमा लेखी कक्षामा पालैपालोक सुनाउनुहोस् ।

# एकाइ ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व




s







**सिकाइ उपलब्धि :**

- वडा कार्यालयबाट नागरिकलाई प्रवाह गर्ने सेवाहरूको सूची बनाउन
- राज्य पुनर्संरचना पछिको पहिलो राष्ट्रपति, आफ्नो प्रदेशको पहिलो मुख्यमन्त्री, पहिलो नगर प्रमुख र उपप्रमुखको नाम बताउन
- आफ्नो वडामा रहेका प्रशासनिक, कला, साहित्य र खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम चिन्न र बताउन
- शिक्षाप्रेमी व्यक्तित्व शिलशोभा ताम्राकारको योगदान बताउन

**पाठ्यघण्टा : १६**

# पाठ १ :  वडा कार्यालयबाट प्रवाह हुने सेवा



**(वडाध्यक्ष र शिक्षक-विद्यार्थीबीचको संवाद)**

शिक्षक : नमस्कार वडाध्यक्षज्यू ।




वडाध्यक्ष : नमस्कार, बसौँ ।

शिक्षक : हवस् ।

वडाध्यक्ष : के कामले आउनु भएको हो ?

शिक्षक : मैले त कक्षा ५ मा पढ्ने विद्यार्थी पनि लिएर आएको छु । वडाले प्रवाह गर्ने सेवाको बारेमा जानकारी लिऔँ भनेर ।

वडाध्यक्ष : हुन्छ नि ।

(विद्यार्थीलाई बोलाए पछि भित्र पस्छन्)

विद्यार्थी : नमस्कार, वडाध्यक्षज्यू ।

वडाध्यक्ष : नमस्कार । स्वागत् छ, विद्यार्थी भाइबहिनीहरूलाई ।

विद्यार्थी : हाम्रो कक्षाको स्थानीय विषयमा 'वडाले प्रवाह गर्ने सेवाहरू' भन्ने पाठ छ । सो पाठलाई स्पष्ट बुझौँ भनेर सरसँग हामी वडा कार्यालयमा आएका हौँ ।

वडाध्यक्ष : धन्यवाद, म भन्छु । पहिला सुन्नुहोस् अनि टिपोट पनि गर्न सक्नुहुन्छ । वडा कार्यालयबाट नागरिकले पाउनुपर्ने सेवाको थालनी हुन्छ । सुरूमा पञ्जीकरणसम्बन्धी सेवा प्रारम्भ हुन्छ । यसमा जन्म, मृत्यु, विवाह, बसाइँसराइ जस्ता दर्तासम्बन्धी कार्य हुन्छन् ।

विद्यार्थी : अरू चाहिँ यहाँबाट केके सेवा प्रवाह हुन्छन् नि ?

वडाध्यक्ष : सिफारिस तथा प्रमाणित गर्ने सम्बन्धी सेवाहरू छन् । यहाँ नाता प्रमाणित, नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने गरिन्छ । त्यस्तै जन्म मिति प्रमाणित गर्ने, विवाहित र अविवाहित प्रमाणित गर्ने जस्ता कार्य पनि यहीँबाट हुन्छ । मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने, विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने, धारा तथा बिजुली जडानको लागि सिफारिस गर्ने आदि कामका लागि पनि वडा कार्यालयमै जानुपर्छ ।

विद्यार्थी : नागरिकले सेवा लिँदा के के प्रक्रिया पूरा गर्नुपर्दछ ?

वडाध्यक्ष : अवश्य नै प्रक्रिया त छ नि । सबै जानकारी वडा कार्यालयमा राखिएको नागरिक वडापत्रमा उल्लेख गरिएको छ । तपाइँहरूले त्यहीँबाट हेर्न सक्नुहुन्छ ।

विद्यार्थी : सहयोगका लागि धेरैधेरै धन्यवाद, वडाध्यक्षज्यू ।

वडाध्यक्ष : धन्यवाद ।

शिक्षक : धन्यवाद, बिदा चाहन्छौँ ।

## क्रियाकलाप

१. विद्यार्थीहरूको समूह विभाजन गरी वडा कार्यालयले प्रवाह गर्ने सेवाहरूको बारेमा भूमिका अभिनय गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) संवादमा कोको संलग्न छन् ?

(ख) वडा कार्यालयको सेवाको प्रारम्भ कसरी हुन्छ ?

(ग) वडा कार्यालयले प्रमाणित गर्ने कुनै २ ओटा सेवा लेख्नुहोस् ।

(घ) वडा कार्यालयले सिफारिस गर्ने कुनै २ ओटा सेवा लेख्नुहोस् ।

### २. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) तपाईं आफ्नो वडा कार्यालय कुनै काम लिएर जानुभएको छ कि छैन ? छ भने कुन काममा जानुभएको थियो ? लेख्नुहोस् ।

(ख) नागरिक वडापत्र भनेको के हो ?

### ३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) वडा कार्यालयले प्रदान गर्ने सेवाको सूची तयार पार्नुहोस् ।

## परियोजना कार्य

१. आफू पढ्दै गरेको विद्यालय रहेको वडा कार्यालय जानुहोस् र वडा कार्यालयले नागरिकलाई दिने सेवाका बारेमा वडाध्यक्षलाई भेटेर जानकारी लिनुहोस् । वडाध्यक्षबाट प्राप्त जानकारी टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. पाठमा भएका र तपाईंले टिपेका वडाले दिने सेवाको तुलना गर्नुहोस् ।

| पाठमा भएका | पाठमा भएका भन्दा थप विषयवस्तु |
|---|---|
| १.<br>२. | १.<br>२. |

३. शिक्षकको सहयोगमा तपाईँ आफ्नो वडा कार्यालय जानुहोस् र वडा कार्यालयमा राखिएको नागरिक वडापत्रको अध्ययन गरी आफ्नो विद्यालयका लागि नागरिक वडापत्रको ढाँचा तयार पार्नुहोस् ।

## पाठ २ : लोकतन्त्र र जनप्रतिनिधि

### गीत गाऔँ :

लोकतन्त्र आयो हजुर, जन बलिदानले
विकासको युग आयो, हाम्रो अभियानले ।

जनताको लहरले, गणतन्त्र आयो
जनताकै छोराछोरी, राष्ट्रपति भयो ।

नेपालको संविधान, जारी भयो हजुर
जनताको चाहना त, पूरा भयो हजुर ।

मुख्यमन्त्री, नगर प्रमुख, हाम्रा प्रतिनिधि
सबै जुटौँ विकासमा, राखौँ राम्रो थिति ।

सिंहदरबार आयो भन्छन्, गाउँ टोलमा
विकासको दियो बल्न, थाल्यो घरघरमा ॥

### उत्तर भनौँ :

१. देशमा लोकतन्त्र कसरी आयो ?

२. देशमा गणतन्त्र आएपछि जनताका छोराछोरी के भए ?

३. गाउँ टोलमा सिंहदरबार आएपछि घरघरमा के हुन थाल्यो ?

नेपालमा वि.सं. २०६२/०६३ सालको दोस्रो जनआन्दोलनबाट २०६३ बैशाख ११ गते लोकतन्त्र आयो । लोकतन्त्र आएपछि नेपाली नागरिकमा अब देशको विकास हुनेछ भनी खुसीको लहर छायो । नेपालको अन्तरिम संविधान,



२०६३ जारी भएपछि लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुग्यो । संविधानको मर्म र जनचाहनाअनुसार वि.सं. २०६४ चैत्र २८ मा संविधान सभाको निर्वाचन भयो । संविधान सभाले वि.स.२०६५ जेठ १५ गते गणतन्त्रको घोषणा गऱ्यो ।




दोस्रो संविधान सभाको निर्वाचन, २०७० मङ्सिर ०४ गते सम्पन्न भयो । उक्त संविधान सभाले वि.सं. २०७२ असोज ०३ गते नेपालको संविधान जारी गऱ्यो । नेपालमा संघ, प्रदेश र स्थानीय तहको आम निर्वाचन, २०७४ र २०७९ मा सम्पन्न भयो ।

**पहिलो राष्ट्रपति : डा. रामवरण यादव**

नेपालको पहिलो राष्ट्रपति डा. रामवरण यादव हुन् । उहाँ वि.सं. २०६५ सालदेखि वि.सं. २०७२ सालसम्म नेपालको राष्ट्रपति पदमा आसिन हुनुभयो । उहाँको पालामा वि.सं. २०७२ असोज ०३ गते संविधान सभाबाट नेपालको संविधान जारी भयो । नेपालको संविधानमा ३५ भाग, ३०८





धारा र ९ अनुसूची रहेका छन् । संविधान जारी भएपछि देशमा विकासको लहर फैलियो । देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन

प्रणालीको संस्थागत विकास हुन पुग्यो ।



राष्ट्रपति निवास, शीतलनिवास

### पहिलो महिला राष्ट्रपति : विद्यादेवी भण्डारी



नेपालको पहिलो महिला राष्ट्रपति विद्यादेवी भण्डारी हुन् । उहाँ भोजपुरको रामप्रसादराई गाउँपालिका मानेभञ्ज्याङको गुराँसे गाउँमा जन्मनु भएको हो । उहाँले प्रारम्भिक तहको शिक्षा आफ्नै गाउँमा हासिल गरी माध्यमिक तहको शिक्षा श्री विद्योदय माध्यमिक विद्यालय भोजपुरबाट पूरा गर्नुभयो । उहाँले प्रवीणता प्रमाणपत्र तहसम्मको शिक्षा भोजपुर बहुमुखी क्याम्पस, भोजपुरबाट पूरा गर्नुभएको हो । उहाँ नेपालको सम्मानित राष्ट्रपति पदमा वि.सं. २०७२ सालदेखि वि.सं. २०७९ सालसम्म दुई कार्यकाल वहाल रहनुभयो ।

### पहिलो मुख्यमन्त्री : शेरधन राई



कोशी प्रदेशको पहिलो मुख्यमन्त्री **शेरधन राई** हुनुहुन्छ । उहाँ भोजपुर जिल्लाको आमचोक गाउँपालिका वडा नं. ३ थिदिंखाको पसलभञ्ज्याङमा जन्मनुभएको हो । उहाँ प्रदेश सभाको निर्वाचन, २०७४ मा प्रदेश सभा सदस्यमा निर्वाचित

हुनुभएको थियो । त्यस लगत्तै उहाँ वि.सं. २०७४ सालदेखि वि.सं. २०७८ सालसम्म प्रदेशको मुख्यमन्त्री पदमा रहनुभयो । उहाँले प्रारम्भिक शिक्षा आफ्नै गाउँबाट पूरा गरी माध्यमिक




तह श्री सगरमाथा माध्यमिक विद्यालय घोडेटारबाट पूरा गर्नुभएको हो । उहाँले प्रवीणता प्रमाणपत्र र स्नातक तहको शिक्षा भोजपुर बहुमुखी क्याम्पसबाट पूरा गर्नुभएको हो ।

**पहिलो नगरप्रमुख : कैलाशकुमार आले**



भोजपुर नगरपालिकाको पहिलो नगरप्रमुख **कैलाशकुमार आले** हुनुहुन्छ । उहाँ भोजपुर नगरपालिका वडा नं. ७ डाँडागाउँ निवासी हुनुहुन्छ । उहाँले प्रारम्भिक शिक्षा श्री जनसेवा आधारभूत विद्यालय, भोजपुरबाट प्राप्त गर्नुभएको थियो भने माध्यमिक शिक्षा श्री विद्योदय माध्यमिक विद्यालय भोजपुरबाट र उच्च शिक्षा भोजपुर बहुमुखी क्याम्पस, भोजपुरबाट पूरा गर्नु भएको हो । उहाँ स्थानीय तहको निर्वाचन, २०७४ मा पहिलो नगरप्रमुखका रुपमा निर्वाचित हुनुभएको थियो । उहाँ स्थानीय तहको निर्वाचन, २०७९ मा दोस्रो पटक पनि निर्वाचित हुनुभयो ।



**पहिलो नगर उपप्रमुख : ममिता राई**



भोजपुर नगरपालिकाको पहिलो नगर उपप्रमुख **ममिता राई** हुनुहुन्छ । उहाँ भोजपुर नगरपालिका वडा नं. ६, देउराली निवासी हुनुहुन्छ । उहाँ स्थानीय तहको निर्वाचन, २०७४ मा पहिलो नगर उपप्रमुख पदमा निर्वाचित हुनुभएको थियो

। उहाँले गाउँबाटै प्रारम्भिक शिक्षा पूरा गरी श्री विद्योदय माध्यमिक विद्यालय भोजपुरबाट माध्यमिक शिक्षा, भोजपुर बहुमुखी क्याम्पस र त्रिभुवन विश्वविद्यालयबाट उच्च शिक्षा पूरा गर्नुभएको हो ।

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

(क) नेपालमा ..........................सालमा गणतन्त्रको घोषणा भएको थियो ।

(ख) नेपालको संविधान जारी भएको मिति ............................ हो ।

(ग) प्रदेश सभाको पहिलो निर्वाचन .....................सालमा भएको थियो ।

(घ) स्थानीय तहको दोस्रो निर्वाचन ....................... सालमा भएको थियो ।

### २. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) नेपालको पहिलो राष्ट्रपति को हुन् ?

(ख) नेपालको पहिलो महिला राष्ट्रपति को हुन् ?

(ग) नेपालको वर्तमान राष्ट्रपति को हुनुहुन्छ ?

(घ) कोशी प्रदेशको पहिलो मुख्यमन्त्री को हुन् ?

(ङ) भोजपुर नगरपालिकाको पहिलो नगरप्रमुख र उपप्रमुखको नाम लेख्नुहोस् ।

### ३. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) जनआन्दोलन भनेको के हो ?

(ख) लोकतन्त्र भन्नाले के बुझिन्छ ? लेख्नुहोस् ।

### ४. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) नेपालमा लोकतन्त्र आएपछि देशमा विकासका लहर सबैतिर फैलियो, कसरी ? तर्क दिनुहोस् ।

## परियोजना कार्य

१. पाठमा उल्लेखित विशिष्ट व्यक्तिहरूमध्ये कसैको रेडियो, टेलिभिजन तथा कुनै सार्वजनिक क्षेत्रमा दिएको मन्तव्य वा अन्तरवार्ता सुन्नु भएको छ कि छैन ? यदि छ भने कसको मन्तव्य वा अन्तरवार्ता सुन्नुभएको छ र उहाँले कुन विषयमा बोल्नुभएको थियो ? लेख्नुहोस् ।

३. तपाईंको विद्यालयमा आयोजित विद्यालयको वार्षिकोत्सवको अवसरमा कोही विशिष्ट व्यक्तिले दिनुभएको मन्तव्यका मुख्य मुख्य बुँदाहरू टिपोट गरी शिक्षकलाई देखाउनुहोस् ।

## पढौँ र छलफल गरौँ

### शिक्षा, प्रशासन, कला, साहित्य र खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तिहरू

हामी बसेको समुदाय तथा समाजमा सबैले आफ्नो क्षमता, योग्यता, सिप, चाहनाअनुसार देशलाई सेवा गरिरहेका हुन्छन् । ती सेवाहरू देशको पहिचान, मौलिकता, विकास, समृद्धि, समाजको रूपान्तरण र इज्जतसँग जोडिएका हुन्छन् ।

देशका कर्णधार बालबालिकालाई शिक्षा दिने प्रमुख भूमिका शिक्षकहरूको रहन्छ । उहाँहरूले आधारभूत, माध्यमिक र उच्च शिक्षा तहसम्म शिक्षण गर्नुहुन्छ । उहाँहरू नेपालकै विभिन्न ठाउँबाट परीक्षामा छनोट भएर आउनुभएको हुन्छ । शिक्षकहरू शिक्षाको उज्यालो कीरणको माध्यमबाट समाजका बालबालिकाको सकारात्मक व्यवहार परिवर्तन गर्न लागिपरेका हुन्छन् ।

देशमा शासन गर्ने सरकार हुन्छ । सरकारले नागरिकको आधारभूत दैनिक आवश्यकता पूरा गर्नका साथै शान्तिसुरक्षा कायम गरेको हुन्छ । सरकारका अङ्गका रूपमा देशलाई सहज चलाउन प्रशासनिक कार्यालयहरूको व्यवस्था गरिएको छ । प्रशासनिक

कार्यालयहरू केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहमा छन् । प्रशासनिक कार्यालयमा काम गर्ने व्यक्तिहरू कर्मचारी हुन् । उहाँहरू नेपालकै विभिन्न ठाउँबाट परीक्षामा छनोट भएर आउनुभएको हुन्छ । उहाँहरूले खरिदार, नायब सुब्बा, शाखा अधिकृत, उपसचिव, सहसचिव, सचिवलगायत मुख्य सचिव सम्मका पदमा रहेर काम गर्नुहुन्छ ।

आफ्नो सिर्जनात्मकता प्रस्तुत गर्ने कलाकारहरू पनि छन् । उनीहरू चित्रकला, मुर्तिकला र वास्तुकलामा दक्ष हुन्छन् । साथै कतिपय मानिसहरू कवि, लेखक, गीतकार पनि छन् । उनीहरूले साहित्यको माध्यबाट समाजको चित्रण गरिरहेका हुन्छन् । देशको शिरलाई विश्वसामु उँचो राख्ने खेलाडीहरू छन् । विभिन्न विधाका खेलाडी हुन्छन् । । जस्तै : भलिबल, फुटबल, क्रिकेट, ब्याडमिण्टन, कराँते आदि ।

## परियोजना कार्य

१. शिक्षक तथा अभिभावकको सहयोगमा देशलाई सेवा गर्ने आफ्नो वडाका व्यक्ति र तलका सेवाको क्षेत्रलाई तालिकामा देखाई कक्षाकोठामा पालैपालो प्रस्तुत गर्नुहोस् :

| **सेवा क्षेत्र** | **तह/पद/विधा** | **नाम,थर** | **कार्यरत/निवृत्त** |
|---|---|---|---|
| शिक्षा | | १.<br>२. | |
| प्रशासन | | १.<br>२. | |
| कला | | १.<br>२. | |
| साहित्य | | १.<br>२. | |
| खेलकुद | | १.<br>२. | |

## पाठ : ३ शिक्षाप्रेमी शिलशोभा ताम्राकार

### जीवनी :




नाम : शिलशोभा ताम्राकार

जन्म : वि.सं. १९७८ श्रावण १५ गते

माता : मानकुमारी ताम्राकार

पिता : देवनारायण ताम्राकार

जन्मस्थान : टक्सार, भोजपुर

सेवा : शैक्षिक जागरण तथा सामाजिक रूपान्तरण

मृत्यु : वि.सं. २०६८ माघ २४

### योगदान :



शिलशोभा ताम्राकार भोजपुरको ऐतिहासिक टक्सार बजार निवासी शिक्षाप्रेमी व्यक्तित्व हुन् । उनी बौद्धमार्गी उपासिका थिइन् । शिक्षा क्षेत्रको विकासमा उनको ठुलो भुमिका र योगदान रहेको छ ।

टक्सार बजारमा रहेको विद्याधरी मिडिल स्कुल वि.स. २००८ सालमा विद्योदय हाईस्कुलमा गाभिएपछि टक्सारमा शिशु पाठशालाको आवश्यकता महशुस भएको थियो । सो शिशु पाठशालाको अभावलाई पूरा गर्न उपासिका शिलशोभा ताम्राकारको प्रयासमा स्थानीय शाक्यमुनि विहारमा महिलाहरूका लागि कक्षा सञ्चालन गर्न थालियो । पछि सो कक्षालाई यशोधरा बालिका स्कूलका नाममा सञ्चालन गर्न थालियो । सो विद्यालयलाई वि.सं. २००९ सालमा यशोधरा प्राइमरी स्कुलका रुपमा स्थापना गर्नमा उनले नेतृत्वदायी भूमिका निर्वाह गरिन् । तत्कालीन अवस्थामा नारी शिक्षालाई जोड दिई विद्यालय स्थापना गर्नु एक साहसिक कार्य थियो । घरपरिवार, समाज र राष्ट्रको

विकासका लागि नारी शिक्षामा प्राथमिकता दिनुपर्छ भन्ने उनको धारणा थियो । उनको प्रयासले खुलेको नारी शिक्षाको कक्षाले टक्सारलगायत आसपासका नारीहरूलाई शिक्षा प्राप्त गर्न राम्रो अवसर मिलेको थियो ।

उनको त्याग र प्रयत्नस्वरूप विद्यालय स्थापना गरी बालिका मिडिल स्कुलको नाममा उनले स्वीकृत गराएकी थिइन् । सोही विद्यालय अहिलेको श्री यशोधरा माध्यमिक विद्यालयको रूपमा रहेको छ । श्री यशोधरा माध्यमिक विद्यालयबाट हालसम्म हजारौँ बालबालिकाले पढ्न पाएका छन् । साथै अनन्त भविष्यसम्म पाइरहने छन् । यहाँ अध्ययन गर्ने विद्यार्थीहरू देशकै उच्च ओहदामा पुगिसकेका छन् र भविष्यमा पनि पुग्ने छन् ।

उनी आजीवन अविवाहित रहेकी थिइन् । उनले वि.सं.२००८ सालदेखि वि.सं. २०३६ सालसम्म शिक्षा विकासका लागि अविच्छिन्न रूपमा जीवन समर्पण गरेकी थिइन् । उनको योगदान र प्रेरणाले समाजलाई सधैँ अग्रगतिमा पुग्न मद्दत गरेको छ ।

## अभ्यास

### १. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) शिलशोभा ताम्राकारको जन्म र मृत्यु कहिले कहिले भएको थियो ?

(ख) शिलशोभा ताम्राकारले सुरुमा कसका लागि विद्यालय स्थापना गरेकी थिइन् ?

### २. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) शिलशोभा ताम्राकारले नारी शिक्षाको सुरूवात कसरी गर्नु भएको थियो ?

(ख) शिलशोभा ताम्राकारको मुख्य धारणा के थियो ? लेख्नुहोस् ।

### ४. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) शिलशोभा ताम्राकारका योगदान बुँदागत रूपमा लेख्नुहोस् ।

(ख) शिलशोभा ताम्राकारको जीवनी पढेर तपाईंले के शिक्षा पाउनुभयो ? छोटकरीमा वर्णन गर्नुहोस् ।

## परियोजना कार्य

अभिभावकको सहयोगमा तपाईंको वडाको शैक्षिक क्षेत्रमा योगदान दिने कुनै एकजना व्यक्तिको जीवनी लेखेर ल्याउनुहोस् ।

# एकाइ ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि








**सिकाइ उपलब्धि :**

- सुरक्षित एवम् दिगो पूर्वाधार विकासको महत्त्व बताउन,
- विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू र सुरक्षित बनाउने तरिका बताउन,
- स्थानीय रैथाने सिपहरू पहिचान गर्न
- स्थानीय क्षेत्रको विकासका लागि चाहिने विभिन्न क्षेत्रका जनशक्तिहरू यकिन गर्न
- अत्यावश्यक सेवाका महत्त्वपूर्ण फोन नम्बरहरू बताउन

कार्यघण्टा : १७

# पाठ १ : सुरक्षित र दिगो पूर्वाधार विकासको महत्त्व

**तलको चित्रले के सन्देश दिन खोजेको छ ? कक्षामा छलफल गर्नुहोस् :**



सुरक्षित र दिगो पूर्वाधारको महत्त्व विषयमा कक्षा ५ का विद्यार्थीहरू र शिक्षक बिचमा भएको कुराकानी :

शिक्षक : नमस्कार नानीबाबुहरू ! आज हामी सुरक्षित एवम् दिगो पूर्वाधार विकासको महत्त्व र विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरूबारे कुरा गर्नेछौँ । तपाईंहरू सबैजना तयार हुनुहुन्छ ?

विद्यार्थीहरू : हो सर, हामी तयार छौँ ।

शिक्षक : राम्रो ! सबैभन्दा पहिले, सुरक्षित एवम् दिगो पूर्वाधार भन्नाले के बुझिन्छ ? कसैले बताउन सक्नुहुन्छ ?

विद्यार्थी १: सर, सुरक्षित पूर्वाधार भनेको बलिया पूर्वाधारहरू हुन् जसले हामीलाई विभिन्न प्रकोप तथा बिपद्हरूबाट जोगाउँछ ।

शिक्षक : सही भन्नुभयो ! सुरक्षित पूर्वाधार भनेको बलिया र स्थिर पूर्वाधारहरू हुन् जसले हामीलाई भूकम्प, बाढी, पहिरो जस्ता प्रकोपबाट जोगाउँछ ।

अनि दिगो भनेको के हो ? कसैले भन्न सक्नुहुन्छ ?

विद्यार्थी २ : सर, दिगो भनेको लामो समयसम्म टिक्ने र वातावरणमैत्री हो ।

शिक्षक : एकदम ठिक ! दिगो पूर्वाधार भनेको लामो समयसम्म टिक्न सक्ने र वातावरणलाई कम हानी पुर्‍याउने पूर्वाधारहरू हुन् । अब सोचौं त, हाम्रो घर वा विद्यालयको भवन किन बलियो र सुरक्षित हुनुपर्छ होला ?

विद्यार्थी ३ : सर ! यदि भवन बलियो भएन भने भूकम्प आएको बेला हामी सबैलाई खतरा हुन सक्छ ।

शिक्षक : सही कुरा ! अनि अरू के के फाइदा हुन्छ होला ?

विद्यार्थी ४ : सर, बाढी पहिरो आएको बेला पनि भवन असुरक्षित हुन्छ ।

शिक्षक : ठिक छ ! त्यसैले हामीले सुरक्षित र दिगो पूर्वाधारको महत्त्व बुझ्न आवश्यक छ ।

विद्यार्थी ५ : सर, दिगो पूर्वाधारको फाइदा के-के छन् त ?

शिक्षक : धेरै फाइदाहरू छन् । पहिलो, यसले वातावरणको संरक्षण गर्छ । दोस्रो, यसले लामो समयसम्म बनेका संरचनाहरूलाई टिकाउँछ, जसले गर्दा बारम्बार मर्मत गर्नुपर्ने आवश्यकता कम हुन्छ । तेस्रो, यसले प्राकृतिक प्रकोपहरूबाट सुरक्षित राख्छ । अनि, यसले सामुदायिक विकासमा दीर्घकालीन लाभ पुर्‍याउँछ ।

विद्यार्थी ६ : सर, विद्यालय निर्माण गर्दा के-कस्ता कुरामा ध्यान दिनुपर्छ ?

शिक्षक : विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू छन् । पहिलो, विद्यालय बनाउने ठाउँ सुरक्षित र सबैको पहुँचयोग्य हुनुपर्छ । बाढी र पहिरोको जोखिमबाट टाढा हुनुपर्छ । दोस्रो, विद्यालयको संरचना भूकम्प प्रतिरोधी हुनुपर्छ ।

विद्यार्थी ७ : सर, जल निकास प्रणालीको पनि महत्त्व हुन्छ होला, हैन त ?

शिक्षक : हो, एकदम सही भन्नुभयो ! विद्यालयमा वर्षातको पानीको व्यवस्थापनका लागि उचित जल निकास प्रणाली आवश्यक छ । साथै, स्थानीय सामग्रीको प्रयोग पनि वातावरणमैत्री र दिगो हुन्छ । विद्यालय बनाउँदा हामीले ऊर्जा दक्षतामा पनि ध्यान दिनु पर्छ ।

विद्यार्थी ८ : सर, ऊर्जा दक्षता भनेको के हो ?

शिक्षक : ऊर्जा दक्षता भनेको विद्यालयको डिजाइनमा प्राकृतिक प्रकाश र हावाको प्रबन्ध गर्नु हो, जसले ऊर्जा बचत गर्न मद्दत पुर्याउँछ । यो एकदमै महत्त्वपूर्ण छ । त्यसैगरी हामीले विद्यालयमा आगो प्रतिरोधी सामग्रीको प्रयोग, आपतकालीन निकास मार्गहरूको प्रबन्ध, र सुरक्षित खेल्ने क्षेत्रहरूको व्यवस्था पनि गर्नुपर्छ ।

विद्यार्थी १० : धन्यवाद सर ! यो सबै सुनेर मलाई हाम्रो विद्यालय अझै कत्तिको सुरक्षित बनाउन सकिन्छ भन्ने कुरा थाहा भयो ।

शिक्षक : खुशी लाग्यो कि तपाईँहरूले चासोका साथ महत्त्वपूर्ण कुरा सिक्नु भयो ।

## अभ्यास

### १. ठिक बेठिक छुट्याउनुहोस् :

(क) सुरक्षित पूर्वाधार भनेको बलियो र सुरक्षित संरचना हो ।

(ख) दिगो पूर्वाधार भनेको वातावरणलाई हानी पुर्याउने संरचना हो ।

(ग) विद्यालयको स्थान बाढी र पहिरोको जोखिममा हुनु आवश्यक छ ।

(घ) जल निकास प्रणालीको व्यवस्थापन विद्यालयमा आवश्यक छ ।

(ङ) ऊर्जा दक्षता भनेको बढी ऊर्जा खपत गर्ने प्रणाली हो ।

(च) पूर्वाधारहरू निर्माण गर्दा स्थानीय सामग्रीको प्रयोग गर्नु वातावरणमैत्री र दिगो हुन्छ ।

(छ) विद्यालयमा आगो प्रतिरोधी सामग्रीको प्रयोग गर्नु महत्त्वपूर्ण छ ।

### २. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) दिगो पूर्वाधार भनेको के हो ?

(ख) असुरक्षित पूर्वाधारबाट हामीलाई हुने एक बेफाइदा लेख्नुहोस् ।

(ग) विद्यालयको संरचना कस्तो हुनुपर्छ ?

(घ) ऊर्जा दक्षता भनेको के हो ?

(ङ) विद्यालय निर्माण गर्दा किन स्थानीय सामग्रीको प्रयोग गर्नु राम्रो हो ?

(च) विद्यालयमा आपतकालीन निकास मार्गहरूको व्यवस्थापन किन आवश्यक छ ?

**३. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) सुरक्षित पूर्वाधारको परिभाषा लेख्नुहोस् ।

(ख) दिगो पूर्वाधारका विशेषताहरू के-के हुन् ?

(ग) विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू लेख्नुहोस् ।

(घ) विद्यालयको भवनले प्राकृतिक प्रकोपहरूबाट कस्तो सुरक्षा दिनुपर्छ ?

(ङ) विद्यालयको संरचना दिगो बनाउन के-के उपाय अपनाउनुपर्छ ?

**४. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) सुरक्षित एवम् दिगो पूर्वाधार विकासको महत्त्वका बारेमा व्याख्या गर्नुहोस् ।

(ख) विद्यालयमा ऊर्जा दक्षता किन महत्त्वपूर्ण छ र यसको फाइदाहरू के-के हुन् ?

(ग) विद्यालयको भवन किन बलियो र सुरक्षित हुनुपर्छ ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(घ) दिगो पूर्वाधारले सामुदायिक विकासमा कसरी दीर्घकालीन लाभ पुऱ्याउँछ ?

**५. 'सुरक्षित र दिगो पूर्वाधारको महत्त्व' विषयमा कक्षामा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्नुहोस् । तपाईंको विद्यालयका प्रधानाध्यापक र शिक्षकलाई अतिथिका रूपमा आमन्त्रण गरी उत्कृष्ट सहभागीलाई पुरस्कृत समेत गर्नुहोस् ।**

**६. तपाईंको विद्यालयलाई बिपद् जोखिमको दृष्टिले पूर्ण सुरक्षित बनाउन केके गर्नुपर्ला ? कक्षामा छलफल गरी सुरक्षाका आवश्यक व्यवस्था मिलाउन अनुरोध गर्दै प्रधानाध्यापकलाई एउटा चिठी लेख्नुहोस् ।**

# पाठ २ : पूर्वाधार निर्माणका रैथाने सिप तथा जनशक्ति

**तलका चित्रमा परम्परागत सिप र आधुनिक सिप प्रयोग गरी बनाइएका दुईवटा घरहरू देखाइएका छन् । यिनीहरूका फाइदा र बेफाइदाबारे कक्षामा छलफल गर्नुहोस् :**





नेपाल विविध संस्कृति र परम्पराले भरिपूर्ण देश हो । यहाँ प्रत्येक क्षेत्रका आफ्नै विशिष्ट रैथाने सिपहरू छन् । रैथाने सिपहरू भनेको स्थानीय समुदायहरूले पुस्तौँदेखि प्रयोग गर्दै आएका सिपहरू हुन् । यी सिपहरू हाम्रो संस्कृतिका अभिन्न भाग हुन् र यिनीहरूले स्थानीय क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

नेपालको पूर्वी पहाडी जिल्ला भोजपुरमा अवस्थित भोजपुर नगरपालिका ऐतिहासिक, सांस्कृतिक, र प्राकृतिक विविधताले भरिपूर्ण छ । यहाँका मानिसहरू विभिन्न रैथाने सिपहरूमा दक्ष छन् र तिनका सिपहरूले स्थानीय अर्थतन्त्र र संस्कृतिमा महत्त्वपूर्ण भूमिका खेल्छन् । भोजपुर नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजाति र समुदायले पुस्तौँदेखि परम्परागत सिपहरू प्रयोग गर्दै आएका छन् । यस पाठमा हामी भोजपुर नगरपालिकामा प्रचलित पूर्वाधार क्षेत्रका केही महत्त्वपूर्ण रैथाने सिपहरू, जनशक्ति र तिनीहरूको योगदानका बारेमा जान्नेछौँ ।

भोजपुर नगरपालिका क्षेत्रमा प्रयोग भइरहेका केही पूर्वाधार क्षेत्रका रैथाने सिपका उदाहरणहरू :

### पूर्वाधार निर्माणमा ढुङ्गाको प्रयोग

भोजपुरमा परम्परागत घरहरू निर्माण गर्न स्थानीय ढुङ्गाको प्रयोग गरिन्छ । विभिन्न ढुङ्गा खानीबाट सङ्कलित ढुङ्गालाई स्थानीय डकर्मीहरूले काटेर र मिलाएर घर निर्माणमा प्रयोग गर्छन् । ढुङ्गाको घरलगायतका पूर्वाधारहरू बनाउँदा तिनीहरूले परम्परागत सिप प्रयोग गर्छन् जसले घरलाई बलियो, दिगो र कम खर्चिलो बनाउँछ ।

## पूर्वाधार निर्माणमा काठको प्रयोग

काठको प्रयोग गरी विभिन्न संरचनाहरू बनाउने सिप पनि भोजपुरको एक रैथाने सिपका रूपमा रहेको छ । स्थानीय काठ प्रयोग गरेर सिकर्मीहरूले घरको छाना, खम्बा र झ्यालढोका आदि बनाउँछन् । आजकल फलाम, आल्मुनियम आदिको प्रयोग बढेसँगै परम्परागत सिपको प्रयोग कम हुँदै गएको छ ।

## माटोको प्रयोग

भोजपुरका कतिपय ग्रामीण क्षेत्रहरूमा माटोको घर निर्माण गर्ने चलन छ । स्थानीय निर्माणकर्मीहरूले माटोलाई गाईको गोबर र परालसँग मिसाएर इँटा बनाएर घरको गारोमा प्रयोग गर्ने गरेका छन् । त्यसैगरी रातोमाटो, कमेरो माटो आदिलाई घरहरूमा रङका रूपमा प्रयोग गर्ने सिप पनि यहाँ परम्परादेखि चलिआएको छ ।

## बाँस, खर तथा परालको प्रयोग

भवनहरूमा तला निर्माण गर्न र छेकाबारका लागि बाँसको प्रयोग गर्ने सिप पनि यहाँको एक महत्त्वपूर्ण रैथाने सिप हो । त्यसैगरी भवनको छानोमा खर तथा परालको प्रयोग गरी वातावरणमैत्री निर्माण हुने सिप आधुनिक भवनहरू बन्ने क्रमसँगै हराउँदै गएको पाइन्छ ।

## अन्य रैथाने सिपहरूको प्रयोग

घर तथा भवन निर्माणका अतिरिक्त स्थानीय गोरेटो तथा घोडेटो निर्माणमा प्रयोग हुने सिप, कुलो निर्माण सिप, ढुङ्गेधारा तथा कुवा पोखरी निर्माण सिप, पुल पुलेसो निर्माण

सिप आदि पनि यहाँका पूर्वाधार विकासमा प्रयोग हुने रैथाने सिपहरू हुन । यद्यपी आधुनिक निर्माणको विस्तारसँगै यस्ता सिपहरूको प्रयोग कम हुँदै गएको छ ।

पूर्वाधार निर्माणमा रैथाने सिप प्रयोगका विभिन्न फाइदाहरू निम्नानुसार छन् :

**खर्च कम :** रैथाने सिप र सामग्रीको प्रयोगले निर्माण खर्च कम हुन्छ । यसबाट स्थानीय स्रोतको उपयोग वृद्धि भई बाहिरी सामग्री खरिद गर्न आवश्यक पर्दैन ।

**रोजगारी सिर्जना:** स्थानीय सिपहरूको प्रयोगले स्थानीय जनतालाई रोजगारीको अवसर प्रदान गर्दछ । यसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउँछ ।

**संरक्षण र संवर्द्धन :** रैथाने सिपको प्रयोगले सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्न सहयोग पुऱ्याउँछ । यसले परम्परागत सिपलाई जगेर्ना गर्न मद्दत गर्छ र स्थानीय मौलिकता र पहिचान कायम राख्छ ।

**स्थायित्व :** स्थानीय सिपको प्रयोगले निर्माण कार्यलाई दिगो र बलियो बनाउँछ । प्राकृतिक परिवेशअनुसार निर्माण गरिने भएकाले यसले संरचनाहरूलाई स्थायित्व दिन्छ ।

पूर्वाधार निर्माणमा रैथाने सिपको संरक्षणका लागि यस्ता सिपहरूलाई पुस्तान्तरण गर्दै आधुनिक सिपसँग एकीकरण गरी लैजान सकिन्छ । यसका लागि स्थानीय जनशक्तिहरूलाई आधुनिक सिप र प्रविधिको ज्ञान दिन विभिन्न प्रशिक्षण कार्यक्रमहरू आयोजना गर्न सकिन्छ । साथै आधुनिक निर्माणकर्मीहरू र स्थानीय निर्माणकर्मीहरूबीच सहकार्य गर्न सकिन्छ । यसले दुवै सिपको प्रयोगबाट लाभ उठाउन मद्दत गर्छ । विभिन्न निर्माण परियोजनाहरूमा स्थानीय जनशक्तिहरूलाई संलग्न गर्दै आधुनिक प्रविधिको उपयोग गर्न साझेदारी परियोजना सञ्चालन गर्न सकिन्छ । त्यसैगरी रैथाने सिपलाई आधुनिक प्रविधिसँग अनुकूलन गरी परम्परागत निर्माण सामग्रीलाई आधुनिक निर्माण प्रविधिमा प्रयोग गर्न सकिन्छ ।

भोजपुर नगरपालिकामा पूर्वाधार निर्माणमा रैथाने सिप र जनशक्तिको उपयोगले स्थायित्व, खर्च कम, तथा स्थानीय जनताको समृद्धिमा ठुलो योगदान पुऱ्याउन सक्छ ।

यसले स्थानीय परम्परागत सिपलाई जगेर्ना गर्नुका साथै नयाँ पुस्तामा हस्तान्तरण गर्न सहयोग पुऱ्याउँछ । साथै, रैथाने सिप र आधुनिक सिपको एकीकरणले निर्माण कार्यलाई अझ प्रभावकारी र कुशल बनाउन सकिन्छ ।

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

(क) नेपाल विविध परम्परा र .................... ले भरिपूर्ण देश हो ।

(ख) ढुङ्गालाई काटेर र मिलाएर घर निर्माणमा प्रयोग गर्ने काम .......... ले गर्छन् ।

(ग) आधुनिक भवनहरू बन्ने क्रमसँगै ............... तथा ............. को छानो भएका घरहरू हराउँदै गएका छन् ।

(घ) परम्परागत रूपमा घर रङ्गाउन ...................... को प्रयोग गरिन्छ ।

(ङ) स्थानीय सिपहरूको प्रयोगले .................. जनतालाई रोजगारी प्राप्त हुन्छ ।

(च) स्थानीय सिपको प्रयोगले निर्माण कार्यलाई .................. र बलियो बनाउँछ ।

### २. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) रैथाने सिप भनेको के हो ?

(ख) भोजपुरमा परम्परागत घरहरू निर्माण गर्न केको प्रयोग गरिन्छ ?

(ग) माटोको घर निर्माण गर्न माटोसँग के मिसाइन्छ ?

(घ) भवन निर्माण गर्दा के काममा बाँसको प्रयोग गर्ने चलन छ ?

(ङ) रैथाने सिपको प्रयोगले केको संरक्षण गर्छ ?

(च) पूर्वाधार निर्माणका रैथाने सिप संरक्षण गर्ने कुनै एक उपाय लेख्नुहोस् ।

### ३. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) रैथाने सिपहरू हाम्रो संस्कृतिमा किन महत्त्वपूर्ण छन् ?

(ख) भोजपुर नगरपालिकामा प्रचलित प्रमुख रैथाने सिपहरू उल्लेख गर्नुहोस् ।

(ग) घर निर्माणमा ढुङ्गाको प्रयोगले के फाइदा दिन्छ ?

(घ) भोजपुरमा काठको प्रयोग गरी निर्माण हुने संरचनाहरू लेख्नुहोस् ।

(ङ) रैथाने सिपहरूको प्रयोगका मुख्य फाइदाहरू के-के हुन् ?

(च) रैथाने सिपको संरक्षणका लागि के-के उपाय अपनाउन सकिन्छ ?

**४. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) भोजपुर नगरपालिकामा रैथाने सिपहरूको ऐतिहासिक, सांस्कृतिक, र आर्थिक महत्त्व छोटकरीमा वर्णन गनुहोस् ।

(ख) रैथाने सिपहरूको प्रयोगले स्थानीय क्षेत्रको विकासमा कस्तो योगदान पुऱ्याउँछ ?

(ग) रैथाने सिप र आधुनिक सिपको एकीकरणका फाइदाहरू चर्चा गर्नुहोस् ।

(घ) रैथाने सिपहरूको प्रयोगले कसरी स्थानीय अर्थतन्त्रलाई बलियो बनाउँछ ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

**५. तपाईंको घर आसपास कुनै रैथाने सिपसम्बन्धी पेसामा संलग्न व्यक्तिलाई भेटी उक्त पेसामा संलग्न हुँदा भोगेका राम्रा नराम्रा अनुभवका बारेमा कुरा गर्नुहोस् । कुराकानीका आधारमा छोटो टिपोट तयार पारी कक्षामा सुनाउनुहोस् ।**

**६. तपाईंको गाउँसहरको विकासमा कस्ता कस्ता जनशक्तिको आवश्यकता पर्ला ? कक्षामा छलफल गरी तलको तालिकामा भर्नुहोस् :**

| रैथाने सिपयुक्त जनशक्ति | आधुनिक सिपयुक्त जनशक्ति |
|---|---|
| | |

**७. विभिन्न क्षेत्रका पूर्वाधारहरू निर्माणका लागि आवश्यक जनशक्तिहरूको अभाव दिनानुदिन बढिरहेको देखिन्छ । एकातिर रैथाने सिपयुक्त जनशक्तिहरू पेसाबाट पलायन भइरहेका छन् भने अर्कातिर विभिन्न प्राविधिक सिपयुक्त जनशक्ति पनि मागबमोजिम उपलब्ध भइरहेका छैनन् । यस्तो अवस्थामा परम्परागत रैथाने सिपहरूको उचित संरक्षण गर्दै प्राविधिक सिपयुक्त जनशक्ति विकासका कार्यक्रम अघि बढाउन अनुरोध गर्दै भोजपुर नगरपालिकाका प्रमुखलाई एउटा चिठी लेख्नुहोस् ।**

# पाठ ३ : अत्यावश्यक सेवा

**तलका चित्रमा विभिन्न अत्यावश्यक सेवाहरू देखाईका छन् । ती सेवाहरू हामीलाई कस्तो अवस्थामा आवश्यक पर्छ होला ? कक्षामा छलफल गर्नुहोस् ।**










**विद्यालयका प्रधानाध्यापकले अत्यावश्यक सेवाका बारेमा विद्यार्थीहरूलाई विद्यालयको बिहानी प्रार्थना सभामा प्रस्तुत गर्नुभएको जानकारीमूलक सम्बोधन पढ्नुहोस् :**

प्यारा विद्यार्थी भाइबहिनीहरू,

नमस्कार !

आजको यो बिहानी प्रार्थना सभामा, म तपाईंहरूलाई अत्यावश्यक सेवाका सम्पर्क नम्बरहरूको महत्त्वका बारेमा जानकारी दिन चाहन्छु । हामीले जुनसुकै बेला समस्या वा बिपद्को सामना गनुपर्ने हुनसक्छ । तपाईंहरूको सुरक्षाका लागि यी सम्पर्क नम्बरहरू बुझ्नु र आवश्यक पर्दा प्रयोग गर्नु अत्यन्तै महत्त्वपूर्ण छ । यी सम्पर्क नम्बरहरूलाई राम्रोसँग सम्झेर राख्नु भनेको आफैंलाई र आफ्नो वरिपरिका मानिसहरूलाई सुरक्षित राख्नु हो ।

सबैभन्दा पहिला, हामीले आपतकालीन अवस्थामा सम्पर्क गर्ने निकाय भनेको प्रहरी हो । प्रहरीलाई सम्पर्क गर्ने नम्बर १०० हो । कुनै पनि आपतकालीन अवस्थामा जस्तै चोरी, डकैती, झगडा वा अन्य कानुनी समस्या भएमा प्रहरीको सहायता लिन हामीले यो नम्बरमा तुरुन्तै सम्पर्क गर्न सक्छौँ । त्यसैगरी विभिन्न प्राकृतिक प्रकोप तथा बिपद्का बेलामा पनि हामीले प्रहरीको सहायता लिनु पर्ने हुन्छ । प्रहरी हाम्रो सुरक्षाका लागि दिनरात खटिएका हुन्छन् र तपाईं हाम्रो सुरक्षाका लागि सधैं तत्पर हुन्छन् ।




दोस्रो महत्त्वपूर्ण आपतकालीन सेवा दमकल सेवा हो । हाम्रो घर छिमेकमा आगलागी भएमा १०१ नम्बर डायल गरी दमकलको सेवा लिन सकिन्छ । आगलागी ठुलो दुर्घटना बन्न सक्छ र यसले जनधनको ठुलो क्षति पुऱ्याउन सक्छ । त्यसैले आगलागी भएमा तुरुन्तै दमकल सेवा बोलाउनु आवश्यक हुन्छ ।

त्यसैगरी एम्बुलेन्स सेवाको सम्पर्क नम्बर १०२ हो । यदि कसैलाई आकस्मिक स्वास्थ्य समस्या आइपरेमा जस्तै दुर्घटना, अचानक बिरामी हुनु, वा अन्य कुनै स्वास्थ्य समस्या भएमा तुरुन्तै एम्बुलेन्स सेवा बोलाउन यो नम्बरमा सम्पर्क गर्न सकिन्छ । यो नम्बरमा सम्पर्क गरेमा नजिकमा उपलब्ध एम्बुलेन्स सेवा तुरुन्तै आइपुग्नेछ र बिरामीलाई समयमै अस्पताल पुग्न सहयोग पुग्नेछ ।

अर्को महत्त्वपूर्ण सम्पर्क नम्बर १०४ हो जुन बाल हेल्पलाइन सम्पर्क नम्बर हो । बालबालिकाको सुरक्षाका लागि यो नम्बर महत्त्वपूर्ण छ । यदि तपाईंहरू कुनै पनि खालको हिंसा, उत्पीडन, वा दुर्व्यवहारको सिकार हुनुभयो भने, यो नम्बरमा सम्पर्क गर्न सक्नुहुन्छ । बाल हेल्पलाइनले तपाईंहरूलाई आवश्यक सहायता र सुरक्षा प्रदान गर्नेछ । यदि तपाईँहरूले कोही बालबालिका हराएको थाहा पाउनुभयो भने सम्पर्क गर्ने नम्बर दस

नौ आठ (१०९८) हो । बालबालिका हराएको थाहा पाउने बित्तिकै तुरुन्तै यो नम्बरमा सम्पर्क गरी सहयोग लिन सकिन्छ । यसले हराएका बालबालिकाहरूको खोजी र उद्धारमा मद्दत गर्छ ।

त्यसैगरी महिला हिंसा सहायता सम्पर्क नम्बर ११४५ हो । यदि कुनै महिलालाई हिंसा, उत्पीडन, वा अन्य कुनै दुर्व्यवहारको शिकार भएको महसुस भएमा उनीहरूले यो नम्बरमा सम्पर्क गर्न सक्छन् । तपाईँहरूले पनि कोही महिला पिडित भएको देख्नुभयो भने यो नम्बरमा जानकारी गराएर सहयोग गर्न सक्नुहुन्छ । यो सेवाले पीडित महिलाहरूलाई उचित कानुनी सहयोग र परामर्श प्रदान गर्छ ।

यसका साथै तपाईंहरूलाई आफ्नो अभिभावक, विद्यालय र नगरपालिकाको सम्पर्क नम्बरहरू पनि थाहा हुनु आवश्यक छ । कुनै पनि आपतकालीन अवस्थामा अभिभावकलाई तुरुन्तै सम्पर्क गर्नुपर्ने हुन सक्छ । विद्यालयको सम्पर्क नम्बरले तपाईँहरूलाई विद्यालयसँग सिधा सम्पर्क गर्न मद्दत पुर्याउँछ, र नगरपालिका र वडा कार्यालयको सम्पर्क नम्बरले स्थानीय प्रशासनको सहयोग प्राप्त गर्न मद्दत गर्छ । यी सम्पर्क नम्बरहरू तपाईंहरूको कापीमा टिपोट गर्नुहोस् र अभिभावकहरूलाई पनि जानकारी गराउनुहोस् ।

प्यारा विद्यार्थी भाइबहिनीहरू, यी सम्पर्क नम्बरहरू सबैले सम्झेर राख्नुपर्छ र आवश्यक पर्दा प्रयोग गर्न हिच्किचाउनु हुँदैन । हामी सबैको सुरक्षाका लागि हर समय सतर्क रहन र आवश्यक समयमा उचित कदम चाल्न म सबैलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

## अभ्यास

**१. सबैभन्दा मिल्ने उत्तर छानेर लेख्नुहोस् :**

(क) विद्यालयको बिहानी प्रार्थना सभामा प्रधानाध्यापकले के बारेमा जानकारी दिनुभएको थियो ?

अ) खेलकुद आ) अत्यावश्यक सेवा

इ) सांस्कृतिक कार्यक्रम ई) शैक्षिक परामर्श

(ख) प्रहरीलाई सम्पर्क गर्ने नम्बर कुन हो ?

अ) १०० आ) १०१ इ) १०२ ई) १०३

(ग) के हुँदा १०२ मा सम्पर्क गरी सहयोग लिन सकिन्छ ?

अ) गाउँमा झैझगडा हुँदा आ) बालबालिका हराउँदा

इ) आगलागी हुँदा ई) परिवारको सदस्य अकस्मात बिरामी हुँदा

(घ) आकस्मिक स्वास्थ्य समस्या पर्दा सम्पर्क गर्ने नम्बर कुन हो ?

अ) १०० आ) १०१ इ) १०२ ई) १०३

(ङ) बालबालिका हराएमा सम्पर्क गर्ने नम्बर कुन हो ?

अ) १०१ आ) १०२ इ) १०४ ई) १०९८

(च) नगरपालिका र वडा कार्यालयको सम्पर्क नम्बरले के गर्छ ?

अ) स्वास्थ्य सेवा प्रदान गर्छ आ) कानुनी सहायता दिन्छ

इ) प्रशासनिक सहायता प्रदान गर्छ ई) कुनै पनि होइन

## २. अति छोटो उत्तर दिनुहोस् :

(क) के हुँदा हामीले प्रहरीलाई सम्पर्क गर्नुपर्छ ?

(ख) दमकल सेवाको सम्पर्क नम्बर कति हो ?

(ग) कस्तो समस्यामा बाल हेल्पलाइन प्रयोग गर्नुपर्छ ?

(घ) महिला हिंसा सहायता सम्पर्क नम्बर कति हो ?

(ङ) विद्यालयको सम्पर्क नम्बर थाहा पाउनु किन महत्त्वपूर्ण छ ?

## ३. छोटो उत्तर दिनुहोस् :

(क) प्रहरीको सम्पर्क नम्बर थाहा पाउनु किन महत्त्वपूर्ण छ ?

(ख) दमकल र एम्बुलेन्स सेवाको सम्पर्क नम्बरको उपयोगिता लेख्नुहोस् ।

(ग) कस्तो अवस्थामा महिला हिंसा सहायता सम्पर्क नम्बरको प्रयोग गर्न सकिन्छ ?

(घ) आपतकालीन सेवाका सम्पर्क नम्बरहरूलाई किन सम्झेर राख्नुपर्छ ?

(ङ) प्रधानाध्यापकको सम्बोधनको मुख्य उद्देश्य के थियो ?

## ४. लामो उत्तर दिनुहोस् :

(क) आपतकालीन अवस्थामा सम्पर्क नम्बरहरूको प्रयोगले कसरी सहायता प्रदान गर्न सक्छ ? उदाहरणसहित वर्णन गर्नुहोस् ।

(ख) महत्त्वपूर्ण अत्यावश्यक सेवाका नम्बरहरू र तिनीहरूको उपयोगिता तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ग) प्रधानाध्यापकको सम्बोधनबाट तपाईंले के सिक्नुभयो ? छोटकरीमा वर्णन गर्नुहोस्।

**५. अभिभावक र शिक्षकको सहयोगमा तपाईं आपतकालीन अवस्थामा हुँदा आवश्यक पर्न सक्ने विभिन्न व्यक्ति तथा निकायहरूको सम्पर्क नम्बर सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**६. तपाईंको स्थानीय स्तरमा विभिन्न समस्या तथा बिपद् आइपर्दा कुन निकायमा सम्पर्क गर्नुपर्छ ? कक्षामा छलफल गरी तलको तालिका पूरा गर्नुहोस् :**

| समस्या | सम्पर्क गर्नुपर्ने निकाय | सम्पर्क नम्बर |
|---|---|---|
| | | |

**७. कक्षाका साथीहरूमध्ये एकजना कुनै समस्या परेको व्यक्ति र अर्को जना सहायता प्रदान गर्ने व्यक्ति भएर आपतकालीन अवस्थामा भएको टेलिफोन कुराकानीलाई नाटकका रूपमा प्रस्तुत गर्नुहोस् ।**

# एकाइ ७ : प्रकोप तथा बिपद् व्यवस्थापन



**सिकाइ उपलब्धि :**

- प्राकृतिक विपदहरू: भूकम्प, आँधीहुरी, आगलागी, चट्याङ आदि विपत न्यूनीकरणका उपायहरू र यसबाट बच्ने उपायहरू बताउन,
- प्रकोप तथा विपद न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्न,
- सुरक्षित विद्यालयको आवश्यकता र महत्त्व बताउन,
- विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू पहिचान गरी अवलम्बन गर्न,

**जम्मा कार्यघण्टा :** १२

# पाठ १ : बिपद् ब्यवस्थापन

**तलका चित्रमा विभिन्न प्रकारका बिपद्हरू देखाइएका छन् । ती बिपद्हरू न्यूनीकरणका लागि अपनाउनुपर्ने सावधानी र बच्ने उपायहरू कक्षामा छलफल गर्नुहोस् ।**



बिपद् भन्नाले हाम्रो जीवन, घर, र वातावरणमा ठुलो क्षति पुऱ्याउने कुनै पनि घटना हो । यस्ता घटना प्राकृतिक वा मानवीय कारणले उत्पन्न हुन सक्छन् । बिपद्को समयमा जनधनको क्षति हुने र मानिसहरूको जनजीवन प्रभावित हुने गर्छ । त्यसैले, बिपद्बाट बच्न र न्यूनीकरणका उपायहरूबारे जान्नु आवश्यक छ ।

प्राकृतिक बिपद् भनेको प्रकृतिले निम्त्याएको बिपद् हो । यस्ता बिपद्हरू मौसम, भौगोलिक संरचना, र प्राकृतिक घटना जस्ता विभिन्न कारणले हुन्छन् । प्राकृतिक बिपद्हरूले ठुलो क्षति पुऱ्याउन सक्छन्, तर सावधानी र सतर्कता अपनाएर हामी यसबाट बच्न सक्छौँ । भूकम्प, आँधीहुरी, आगलागी र चट्याङ मुख्य प्राकृतिक बिपद्हरूमा पर्छन् ।

पहाडी क्षेत्रमा अवस्थित भोजपुर नगरपालिका प्राकृतिक बिपद्हरूको दृष्टिकोणले संवेदनशील छ । यहाँको भौगोलिक संरचनाले गर्दा भूकम्प र बाढी पहिरोको जोखिम बढी छ । साथै, आगलागी र चट्याङ पनि यहाँका संभावित खतरा हुन् । त्यसैले हामीले यी बिपद्हरूको सामना गर्नका लागि आवश्यक सावधानी अपनाउनु पर्छ र बिपद् न्यूनीकरणका उपायहरूबारे बुझ्नुपर्छ ।

**भूकम्प**



भूकम्प पृथ्वीको सतहमा अचानक आएको झट्काले उत्पन्न हुने प्राकृतिक बिपद् हो । यसको कारणले घरहरू भत्किन सक्छन् र मानिसहरू घाइते हुन सक्छन् । भूकम्पको क्षति न्यूनीकरणका लागि बलियो संरचना निर्माण गर्नु महत्त्वपूर्ण छ । साथै घरमा प्रयोग गरिएका सजावटका सामग्री र फर्निचरहरू सुरक्षित तरिकाले राख्नु पर्छ । त्यसैगरी भवन निर्माणका समयमा भूकम्प प्रतिरोधी सामग्री प्रयोग गर्नु पनि भूकम्पबाट बच्ने राम्रो उपाय हो ।

भूकम्प आएको बेला बाहिर निस्कन सकिने अवस्था छ भने सकेसम्म छिटो खुला स्थानमा जानुपर्छ । बाहिर निस्कने अवस्था नभएमा हामीले टेबल वा बेन्च मुनि लुकेर आफ्ना टाउको र शरीर जोगाउनुपर्छ । भूकम्पपछि विद्युत् लाइन र ग्याँस जाँच गर्नु जरुरी छ । यसरी हामीले केही सावधानी अपनाएर भूकम्पको क्षति न्यूनीकरण गर्न सक्छौँ र आफ्ना ज्यान पनि बचाउन सक्छौँ ।

**आँधीहुरी**



हावाको तीव्र वेगका कारण आँधीहुरी आउन सक्छ जसले भारी वर्षा, आगलागी वा जनधनको क्षति निम्त्याउँछ । आँधीहुरीको न्यूनीकरणका लागि मौसम

पूर्वानुमान सुन्ने र सूचना पाउनासाथ सुरक्षित स्थानमा जानुपर्छ । कमजोर संरचनाहरूको मर्मत सम्भार गर्नुपर्छ र खुला ठाउँमा रहेका वस्तुहरू सुरक्षित तरिकाले राख्नुपर्छ ।

आँधीहुरी आएको बेला घरबाहिर ननिस्कने र सुरक्षित स्थानमा बस्ने गर्नुपर्छ । घरमा भएका विद्युतीय उपकरणहरू बन्द गर्नु र झ्याल ढोकाहरू बन्द राख्नु आवश्यक हुन्छ । यसरी हामी आँधीहुरीको समयमा सुरक्षित रहन र यसबाट हुने क्षति कम गर्न सक्छौँ ।

**आगलागी**



आगलागीका कारण आगो ठुलो क्षेत्रमा फैलने र धेरै जनधनको क्षति हुने गर्दछ । आगलागीको न्यूनीकरणका लागि घरमा आगोको खतरा कम गर्नुपर्छ । विद्युत् र ग्याँस लाइन सुरक्षित राख्नुपर्छ र अग्नि सुरक्षा उपकरणहरूको प्रयोग गर्नु पर्छ । सुख्खा मौसममा जङ्गलमा अग्निरेखा बनाएर पनि आगलागीको जोखिमलाई कम गर्न सकिन्छ । आगलागीको समयमा चाँडो नजिकको अग्नि नियन्त्रकलाई खबर गर्नुपर्छ र सुरक्षित रूपमा बाहिर निस्कनुपर्छ । धुवाँबाट बच्न निहुरेर हिड्नुपर्छ । यसरी हामीले आगलागीको क्षति कम गर्न सक्छौँ र सुरक्षित रहन सक्छौँ ।

**चट्याङ**



मनसुन वा वर्षा मौसममा आकाशबाट जमिनमा खस्ने एक प्रकारको विद्युतीय करेन्टलाई चट्याङ भनिन्छ । यो एक प्राकृतिक खतरा हो, जसले जनधनको विनाश गर्ने गर्छ । चट्याङ कहिले पर्छ भनेर पहिले नै भन्न सकिँदैन र अनुमान लगाउने प्रविधि अहिलेसम्म बनेको छैन । चट्याङ प्राकृतिक प्रकोप हो, त्यसैले यसलाई रोक्न एवं नियन्त्रण गर्न सकिँदैन तर सावधानी भने पक्कै अपनाउन सकिन्छ ।

चट्याङ परेको बेला खुला ठाउँमा नजाने र अग्ला रुख वा भवन, पानी र धातुका वस्तुहरूबाट टाढा रहनुपर्छ । सुरक्षित भवनभित्र बस्नुपर्छ । यसरी हामी चट्याङको क्षति कम गर्न सक्छौँ र सुरक्षित रहन सक्छौँ ।

प्राकृतिक बिपद्हरू अप्रत्याशित हुन् तर सावधानी र सतर्कता अपनाएर हामी यसबाट बच्न सक्छौँ । आफूलाई र अरूलाई सुरक्षित राख्न, यस्ता बिपद्हरूको न्यूनीकरणका उपायहरू र बच्ने उपायहरू बुझ्न र पालन गर्न महत्त्वपूर्ण छ । यसरी हामी प्राकृतिक बिपद्हरूको सामना गर्न तयार हुन सक्छौँ र आफ्ना ज्यान र सम्पत्ति बचाउन सक्छौँ ।

## अभ्यास

### १. ठिक बेठिक छुट्याउनुहोस् :

(क) प्राकृतिक बिपद्हरू प्राय: प्राकृतिक कारणले उत्पन्न हुन्छन् ।

(ख) भूकम्पको समयमा खुला स्थानमा जानु राम्रो उपाय हो ।

(ग) चट्याङको न्यूनीकरणका लागि आगो नियन्त्रण गर्नुपर्छ ।

(घ) आँधीहुरी आएको बेला घरबाहिर ननिस्कँदा बढी सुरक्षित भइन्छ ।

(ङ) भोजपुर नगरपालिका बाढी पहिरोको जोखिमबाट सुरक्षित छ ।

(च) भूकम्प प्रतिरोधी सामग्री प्रयोग गर्नु भूकम्पबाट बच्ने राम्रो उपाय हो ।

### २. अति छोटो उत्तर दिनुहोस् :

(क) बिपद् भनेको के हो ?

(ख) प्राकृतिक बिपद्का मुख्य चार प्रकारहरू के-के हुन् ?

(ग) भूकम्पको समयमा घर बाहिर निस्कन नसकेमा के गर्नुपर्छ ?

(घ) आगलागीको जोखिम कम गर्न के सुरक्षित राख्नुपर्छ ?

(ङ) आगलागीको धुवाँबाट बच्न के गर्नुपर्छ ?

(च) हामी के गरेर प्राकृतिक बिपद्बाट बच्न सक्छौँ ।

### ३. छोटो उत्तर दिनुहोस् :

(क) बिपद् कस्तो घटना हो ? व्याख्या गर्नुहोस् ।

(ख) भोजपुर नगरपालिकामा कस्ता प्राकृतिक बिपद्को जोखिम छ ?

(ग) भूकम्पको समयमा के-के सावधानी अपनाउनुपर्छ ?

(घ) आँधीहुरीको समयमा सुरक्षित रहनका लागि के-के गर्नुपर्छ ?

(ङ) आगलागीको न्यूनीकरणका लागि के-के उपायहरू अपनाउन सकिन्छ ?

(च) प्राकृतिक बिपद् अप्रत्याशित भए पनि हामी कसरी बच्न सक्छौँ ?

**४. लामो उत्तर दिनुहोस् :**

(क) भोजपुर नगरपालिकामा प्राकृतिक बिपद्को जोखिम र त्यसको न्यूनीकरणका उपायहरूको बारेमा व्याख्या गर्नुहोस् ।

(ख) आँधीहुरीको कारण, क्षति र बच्ने उपायहरूको बारेमा ब्याख्या गर्नुहोस् ।

(ग) चट्याङ के हो र यसबाट कसरी बच्न सकिन्छ ? विस्तृतमा व्याख्या गर्नुहोस् ।

(घ) प्राकृतिक बिपद्का जोखिमबाट बच्न अपनाउन सकिने सावधानीका उपायहरूको बारेमा लेख्नुहोस् ।


**५. कक्षाका साथीहरूसँग मिलेर तपाईंको घर वरपर घट्न सक्ने बिपद्हरू पहिचान गर्नुहोस् र ती बिपद् न्यूनीकरणका उपाय र बच्ने उपायका बारेमा तलको तालिका पूरा गरी कक्षाकोठामा टाँस्नुहोस् ।**

| बिपद्का नाम | न्यूनीकरणका उपाय | बच्ने उपाय |
|---|---|---|
| | | |

**६. कक्षाका साथीहरूका लागि पुग्ने गरी विभिन्न बिपद्का नाम लेखिएका चिट्ठा बनाउनुहोस् र सबैले पालैपालो आफूले टिपेको चिट्ठामा भएको बिपद् न्यूनीकरणका उपाय र बच्ने उपायका बारेमा कक्षामा सुनाउनुहोस् ।**

**७. तपाईंले भोगेको, देखेको वा सुनेको कुनै बिपद्सम्बन्धी घटना कक्षामा सुनाउनुहोस् ।**

८. तलको पोस्टर अध्ययन गर्नुहोस् र कक्षाका साथीहरू मिलेर भूकम्प, आगलागी वा चट्याङबाट बच्ने उपायहरूका बारेमा भोजपुर नगरपालिकाद्वारा जारी गरिने यस्तै पोस्टरको नमुना तयार पारी विद्यालयको सूचना पाटीमा टाँस्नुहोस् :



# पाठ २ : सुरक्षित विद्यालयको कथा

**तलको चित्रमा एउटा कक्षाकोठा देखाइएको छ । कक्षाकोठामा हुनसक्ने विभिन्न दुर्घटनाहरूबाट बच्न केके कुरामा ध्यान दिनुपर्ला ? कक्षामा छलफल गर्नुहोस् ।**



## सुरक्षित विद्यालयको कथा

भोजपुर नगरपालिकाको एउटा सानो गाउँमा सन्तोष र उसका साथीहरू शान्ति प्राथमिक विद्यालयमा पढ्थे । त्यो विद्यालयको भवन अलि पुरानो थियो र कतिपय ठाउँमा चर्केको देखिन्थ्यो । यद्यपि, विद्यालयको खेलमैदान, शौचालय, र धाराहरू राम्रो अवस्थामा थिए । सबै विद्यार्थीहरू विद्यालय जान रमाउँथे र आफ्ना शिक्षक अनिल सरलाई धेरै माया गर्थे ।




एक दिन, भारी वर्षा र चट्याङका कारण विद्यालयको भवनमा समस्या उत्पन्न भयो । पानीका छिटाले छतबाट कक्षाकोठामा पानी पसेको थियो र झ्याल-ढोका पनि अलि कमजोर देखिन्थे । विद्यार्थीहरू डराएर अनिल सरकोमा पुगे । अनिल सरले सबैलाई शान्त पार्दै भन्नुभयो, "नानीबाबुहरू, हामी

सबै मिलेर विद्यालयलाई सुरक्षित बनाउन सक्छौँ नि ! के तपाईंहरू मलाई साथ दिनुहुन्छ ?" विद्यार्थीहरूले एकै स्वरमा सहमति जनाए ।

त्यस दिनदेखि अनिल सरले सबै विद्यार्थीहरूलाई विद्यालयलाई सुरक्षित बनाउने उपायहरू सिकाउन थाल्नुभयो । पहिलो दिन, उहाँले सबैलाई भवनको पर्खाल र छतलाई बलियो बनाउन के गर्न सकिन्छ भन्ने कुरा देखाउनुभयो । सन्तोष र उसका साथीहरूले पर्खालको चर्किएको ठाउँ मर्मत गरे र छतको पुरानो सामग्री हटाएर नयाँ राखे । विद्यालयको पर्खालमा नयाँ रङ पनि लगाइयो जसले विद्यालयलाई थप सुन्दर बनायो ।

अर्को दिन, अनिल सरले कक्षाकोठा सफा र सुरक्षित बनाउने तरिका सिकाउनुभयो । सबैले मिलेर पुराना झ्याल-ढोका मर्मत गरे र विद्युतका तारहरूलाई सुरक्षित तरिकाले व्यवस्थित गरे । विद्युत तारहरूलाई सुरक्षाको लागि राम्रोसँग जाँच गरियो र कतिपय ठाउँमा नयाँ तारहरू फेरियो । पुराना डेस्क बेन्चहरू पनि मर्मत गरियो । यसरी कक्षाकोठा फेरि सुरक्षित र सफा भयो । विद्यार्थीहरूले आफ्नो कक्षाकोठामा नयाँ पर्दाहरू पनि राखे जसले गर्दा उनीहरू अझ खुशी भए ।

त्यसपछि, खेलमैदानलाई सुरक्षित बनाउने अभियान सुरु भयो । विद्यार्थीहरू मिलेर खेल मैदानमा रहेका खाल्डाखल्डीहरू पुरेर सतह सम्याए । खेल्नका लागि नयाँ र सुरक्षित उपकरणहरू राखिए । खेल मैदानमा नयाँ चिप्लेटी, पिङ र फुटबलका पोस्टहरू राखियो । यसले खेल मैदानलाई अझ रमाइलो र सुरक्षित बनायो । विद्यार्थीहरू खुशीसाथ खेल्न थाले र उनीहरूले आफ्नो खेल मैदानलाई सफा राख्न सधैं ध्यान दिन थाले ।

धारा र शौचालयको व्यवस्थापन पनि महत्त्वपूर्ण थियो । विद्यार्थीहरूले धारा र शौचालय सफा राख्न थाले । शौचालयमा साबुन र पानीको व्यवस्था सुनिश्चित गरियो । शौचालयका ढोका र झ्यालहरू पनि मर्मत गरियो र सफा राख्न सजिलो बनाइयो । यसले सबैलाई स्वस्थ राख्न मद्दत गर्‍यो । धाराहरूमा फिल्टर राखियो जसले गर्दा सफा पानी उपलब्ध हुन थाल्यो ।

चमेनागृहमा पनि परिवर्तन गरियो । विद्यार्थीहरूले चमेनागृह सफा राख्नको लागि पालैपालो काम गर्न थाले । खानेकुरा पकाउने ठाउँ सफा राखियो र स्वस्थकर खाना बनाउने सामग्री प्रयोग गरियो । चमेनागृहमा जङ्क फुड खान पाईंदैन थियो । दिवाखाजामा गाउँ घरमै पाइने अन्न, गेडागुडी र फलफूल मिलाएर दिने व्यवस्था गरियो । यसले सबैलाई स्वस्थ राख्न र मिठो खाना खान प्रेरणा प्राप्त हुन थाल्यो ।

यो सबै परिवर्तन पछि शान्ति प्राथमिक विद्यालय सुरक्षित र स्वस्थकर बन्यो । विद्यार्थीहरू खुशीसाथ पढ्न र खेल्न थाले । अनिल सरले बच्चाहरूलाई सधैं सम्झाउनु हुन्थ्यो, "सुरक्षित विद्यालय हाम्रो अधिकार हो । हामी सबै मिलेर विद्यालयलाई सुरक्षित राख्न सक्छौं ।"

सन्तोष र उसका साथीहरू पनि गर्वका साथ आफ्नो विद्यालयको प्रसंशा गर्थे । उनीहरूले सधैं विद्यालयलाई सुरक्षित र सफा राख्न ध्यान दिन्थे । उनीहरूले हरेक महिना विद्यालयको सफाई र मर्मतकार्य गर्ने अभियान चलाउँथे जसले गर्दा विद्यालय सधैं सुरक्षित र सफा रहन्थ्यो ।

यसरी, शान्ति प्राथमिक विद्यालय भोजपुर नगरपालिकाको सबैभन्दा सुरक्षित र रमाइलो विद्यालय बन्यो । सबै अभिभावक र गाउँलेहरू विद्यालयको प्रशंसा गर्थे र आफ्नो बच्चाहरूलाई त्यहाँ पढाउन चाहन्थे । विद्यालयले पनि विभिन्न पुरस्कार जित्न थाल्यो र अन्य विद्यालयका लागि उदाहरण बन्न थाल्यो ।

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

(क) सन्तोष र उसका साथीहरू ............. प्राथमिक विद्यालयमा पढ्थे ।

(ख) विद्यालयको भवन ............. थियो र कतिपय ठाउँमा चर्केको देखिन्थ्यो ।

(ग) चट्याङ र ............... का कारण विद्यालयको भवनमा समस्या उत्पन्न भयो ।

(घ) विद्यार्थीहरू र ............. सर मिलेर विद्यालयलाई सुरक्षित बनाउन प्रयास गरे ।

(ङ) अरु परिवर्तनका साथै विद्यार्थीहरूले कक्षाकोठामा नयाँ ............. पनि राखे ।

(च) विद्यालयको चमेनागृहमा ............... खान पाइँदैन थियो ।

**२. अति छोटो उत्तर दिनुहोस् :**

(क) सन्तोष र उसका साथीहरूको विद्यालयको भवन कस्तो अवस्थामा थियो ?

(ख) विद्यालयमा समस्या आएपछि विद्यार्थीहरू कसकोमा पुगे ?

(ग) विद्यार्थीहरूका लागि खेल मैदानमा के के राखियो ?

(घ) शौचालयमा केको व्यवस्था गरियो ?

(ङ) दिवाखाजामा विद्यार्थीहरूले के खान्थे ?

(च) कति कति समयमा विद्यालयमा नियमित रूपमा मर्मत अभियान चल्थ्यो ?

**३. छोटो उत्तर दिनुहोस् :**

(क) शान्ति प्राथमिक विद्यालयको भवन कसरी मर्मत गरियो ?

(ख) अनिल सरले विद्यार्थीहरूलाई विद्यालय सुरक्षित बनाउन कसरी प्रेरित गरे ?

(ग) खेल मैदानमा विद्यार्थीहरूले के के परिवर्तन गरे ?

(घ) धारा र शौचालयलाई कसरी व्यवस्थापन गर्न सकिने रहेछ ?

(ङ) विद्यालयमा परिवर्तनपछि विद्यार्थीहरूको प्रतिक्रिया कस्तो थियो ?

(च) विद्यालयले कसरी पुरस्कार जित्न थाल्यो ?

**४. लामो उत्तर दिनुहोस् :**

(क) शान्ति प्राथमिक विद्यालयमा विद्यालयको भवन पुरानो हुँदा देखिएका समस्याहरू र तिनको समाधानबारे वर्णन गर्नुहोस् ।

(ख) धारा, शौचालय, र चमेनागृहमा भएका परिवर्तनहरू र तिनले विद्यार्थीहरूको स्वास्थ्यमा पार्ने प्रभावबारे वर्णन गर्नुहोस् ।

(ग) "सुरक्षित विद्यालय हाम्रो अधिकार हो । हामी सबै मिलेर विद्यालयलाई सुरक्षित राख्न सक्छौँ ।" यस भनाइलाई उदाहरणसहित वर्णन गर्नुहोस् ।

**५. तपाईंको विद्यालयमा घट्नसक्ने विभिन्न बिपद्का घटनाहरूबाट बच्न अपनाउनुपर्ने सावधानीका उपायहरू र सजगताका बारेमा विद्यालयका प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।**

**६. तपाईँ आफू पढ्ने कक्षाकोठा सुरक्षाको हिसाबले कस्तो ठान्नुहुन्छ ? कक्षामा छलफल गरी सुरक्षाका हिसाबले अझ मजबुत बनाउने उपायहरू तलको तालिकामा लेख्नुहोस् :**

| विभिन्न पक्ष | सुरक्षित भए/नभएको | अझ मजबुत बनाउने उपायहरू |
|---|---|---|
| झ्याल ढोका | | |
| डेस्क बेन्च | | |
| भित्ता | | |
| छानो/छत | | |
| विद्युत प्रवन्ध | | |
| अन्य | | |

**७. सुरक्षित विद्यालय झल्कने एउटा सफा चित्र बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।**

# एकाइ ८ : स्थानीय नैतिक मूल्य मान्यता



**सिकाइ उपलब्धि :**

- सत्य, धर्म, प्रेम, शान्ति र अहिंसालाई मानवीय मूल्यका रूपमा ग्रहण गरी व्यवहारमा आत्मसात गर्न,
- सादा जीवन उच्च विचारको आदर्शबारे जानकारी प्राप्त गरी अनुसरण गर्न,
- अनुशासन र सकारात्मक सोचसँग परिचित हुँदै दैनिक जीवनमा सोको उपयोग गर्दै जान,

**पाठ्यघण्टा : १०**

## पाठ १ : सादा जीवन उच्च विचार

मानिस संसारमा सर्वश्रेष्ठ प्राणी हो । मानिसमा रहेको बौद्धिकताले उसलाई सर्वश्रेष्ठ बनाएको हो । मानिसको सफलता उसको जीवनशैलीमा भर पर्दछ । **'बिहानीले दिउँसोको सङ्केत गर्छ'** भनेझैँ जसले आफूलाई सधैँ सादा जीवन जिउन क्रियाशील राख्छ ऊ महान कामका लागि तत्पर रही चिन्तन मनन् गरी अघि बढ्ने गर्दछ । सादा जीवन जिउने मानिस सदासर्वदा सफलताको शिखरमा पुग्दछ ।



सत्यको पक्षमा वकालत गर्ने, असत्यको बिरूद्धमा आवाज उठाउने, सामाजिक मूल्य र मान्यतालाई पालना गर्ने कर्तव्य हामी सबैको हो । सत्य र न्यायको पक्षमा हामी सबैले साथ दिनुपर्दछ । नागरिक हक र हितको पक्षमा बोल्नु आजको आवश्यकता पनि हो । धार्मिक सहिष्णुताले समाजको एकतालाई प्रवर्द्धन गर्दछ । समाजको एकताको सूत्र आपसी सद्भाव र मेलमिलाप नै हो ।

मानवीय प्रेमको भावनाले शान्ति र अहिंसालाई सहयोग गर्दछ । जहाँ प्रेमको अनुभूति हुन्छ, त्यहाँ सहयोगी, सिर्जनशील र क्षमतावान भावनाहरू देखा पर्दछन् । समाजका सबै मानिसमा दया, माया, करूणा, शान्ति र अहिंसाको भावनाले प्राथमिकता पाउँदछ । सधैँ सत्य बोल्नु, ज्ञानी बन्नु, सबैसँग प्रेमको भावना राख्नु, शान्ति र अहिंसालाई अवलम्बन गर्नु सामाजिक तत्त्व हुन् । जुन तत्त्व हामी सबैले आत्मसात गर्नु प्रमुख दायित्व पनि हो ।

हामीले सादा जीवन उच्च विचारलाई अभिवृद्धि गर्न व्यक्तिगत तथा सामाजिक आवश्यकतालाई ध्यान दिएर समयसापेक्ष क्रियाशील रहनु पर्दछ । युगको माग, सामाजिक परिवेशलाई प्राथमिकता दिनु पर्दछ ।

## अभ्यास

### १. खाली ठाउँ भर्नुहोस् :

(क) मानिसको सफलता उसको ...................... मा भर पर्दछ ।

(ख) सत्यको पक्षमा वकालत गर्ने र असत्यको ............आवाज उठाउने कर्तव्य हामी सबैको हो ।

(ग) नागरिक हक र हितको पक्षमा.................... आजको आवश्यकता पनि हो ।

(घ) मानिसमा दया, माया, करूणा .................. को भावनाले प्राथमिकता पाउनु पर्छ ।

(ङ) हामीले सादा जीवन उच्च विचारलाई अभिवृद्धि गर्न .................. र ................ आवश्यकतालाई ध्यान दिनु पर्दछ ।

### २. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

क) मानिस कसरी सफलताको शिखरमा पुग्दछ ?

(ख) समाजको एकताको सूत्र भनेको के हो ?

(ग) हामी सबैले आत्मसात गनुपर्ने प्रमुख दायित्व केके छन् ?

(घ) हामीले किन सामाजिक एकतालाई जोड दिनुपर्दछ ?

### ३. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) समाजको एकताका सूत्र के के छन् ? चर्चा गर्नुहोस् ।

(ख) सादा जीवन उच्च विचार भनेको के हो ? पुष्टि गर्नुहोस् ।

### ४. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) "बिहानीले दिउँसोको सङ्केत गर्दछ" भन्ने कथनलाई उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

### ५. शिक्षकको सहयोगमा तपाईंको वडा वा पालिका भित्रका सामाजिक सेवामा क्रियाशील व्यक्तिको बारेमा खोजी गरी छोटो जीवनी लेख्नुहोस् ।

# पाठ २ : सकारात्मक सोच

सबैलाई राम्रो भावनाले व्यवहार गर्नु सकारात्मक सोच हो । सकारात्मक सोच मानवताको सङ्केत हो । जीवन जिउने असल बाटो हो । यही प्रवृत्तिले व्यक्ति र समाजलाई सुमार्गमा डोऱ्याउँछ । सकारात्मक सोचका फाइदाहरू समाजमा काम गर्ने वातावरण हुनु, सहज वातावरणमा पढ्न पाउनु, कमाउने अवस्था हुनु, सबैमा सुरक्षाको प्रत्याभूति हुनु आदि हुन् ।



एउटा विद्यालयमा दुईजना साथीहरू सँगै एउटै कक्षामा पढथे । उनीहरू मिलनसार, मेहनती, परिश्रमी, लगनशील, सहयोगी पनि थिए । एकअर्काले जानेका विषय सुनाउने र सिकाउने गर्दथे साथै नजानेका अरूसँग सिक्दथे । उनीहरूले उच्च शिक्षासम्म राम्रो योग्यता हासिल गरे र दुवै सरकारी विद्यालयका शिक्षक भए । उनीहरू गाउँकै विद्यालयमा शिक्षक भएर आएर शिक्षण गर्न थाले । उनीहरूले गाउँमा सबैले राम्रो पढ्ने वातावरण बनाउनुपर्छ भनी जनजागरण फैलाउन थाले । गाउँका सबैजना लागिपरे र पछि प्रत्येक घरमा पढेलेखेका हुनुका साथैं धेरै जना सरकारी नोकरीमा प्रवेश गरे ।



एकजना व्यापारी थिए । उनी ग्राहकसँग राम्रो बोल्थे । सामान बेच्दा थोरै फाइदा राखेर मात्रै बेच्दथे । सामानको प्रयोग गर्ने अवधि भएका सामान मात्रै बेच्दथे । अवधि सकिएका सामान राख्दैनथे । उनको पसलमा धेरै ग्राहकहरू आउँथे । उनी बिस्तारै सम्पन्न भए र उनीसँग भएको केही पैसा विद्यालयका विद्यार्थीहरूका लागि छात्रवृत्ति कोषमासमेत राखिदिए । समाजले उनलाई असल व्यापारी र शैक्षिक सुधारकका रूपमा चिन्दछन् । ती व्यापारीले आफ्नो ठाउँका सडक तथा  खानेपानीको व्यवस्था गर्न पनि केही रकम सहयोग गरेका छन् । अहिले उनलाई सबैले समाजका सहयोगी व्यक्ति भनेर चिन्दछन् ।

## अभ्यास

### १. ठिक बेठिक छुट्याउनुहोस् :

(क) सकारात्मक सोच मानवताको सङ्केत हो ।

(ख) नकारात्मक सोचले सबैको प्रगति हुन्छ ।

(ग) हामी मिलनसार, लगनशील र सहयोगी पनि हुनुपर्छ ।

(घ) सकारात्मक सोचले सिर्जनशीलतामा वृद्धि हुन्छ ।

### २. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) सकारात्मक सोच भनेको के हो ?

(ख) सकारात्मक सोचका कुनै २ ओटा फाइदाहरू लेख्नुहोस् ।

(ग) सरकारी नोकरी भनेको के हो ?

### ३. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) सकारात्मक सोचले सबैको भलाइ हुन्छ, कसरी ? चर्चा गर्नुहोस् ।

(ख) सबै व्यक्तिको फरकफरक स्वभाव हुन्छ । उदाहरणसहित चर्चा गर्नुहोस् ।

### ४. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

क. 'व्यक्ति, समाज र राष्ट्र विकासमा विद्यार्थीको भूमिका' शीर्षकमा एक अनुच्छेद वक्तृता लेख्नुहोस् ।

### परियोजना कार्य :

तपाईं भविष्यमा कुन पेसा अपनाउन चाहनुहुन्छ र त्यो पेसा अपनाउन केकस्ता प्रयास गर्नुपर्ने हुन्छ ? अभिभावकको सहयोगमा आफ्नो विचार लेखेर ल्याउनुहोस् ।